# सामुदायिक विद्यालयका सबल अभ्यास

## अध्ययन प्रतिवेदन

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल
फोनः +९७७-१-४२११९७०
फ्याक्सः +९७७-१-४२११७००
Email: npcs@npc.gov.np

# सामुदायिक विद्यालयका सबल अभ्यास

## अध्ययन प्रतिवेदन


**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

**सिंहदरबार, काठमाडौं, नेपाल**

**फोनः +९७७-१-४२११९७०**

**फ्याक्सः +९७७-१-४२११७००**

Email: npcs@npc.gov.np



नेपाल सरकार, **राष्ट्रिय योजना आयोग**, सिंहदरबार, काठमाडौंका लागि **अध्ययनकर्ता शिक्षा पत्रकार समूह**, अनामनगर, काठमाडौंद्वारा तयार गरिएको **सामुदायिक विद्यालयका सबल अभ्यास** अध्ययन प्रतिवेदन २०७८ । अध्ययनका लागि समूहले सुदर्शन सिग्देलको नेतृत्वमा अध्येताहरू ओमप्रकाश घिमिरे र तुला अधिकारी एवं अध्ययन प्रतिनिधिहरू सुमन सुस्केरा (प्रदेश १), रोशन गाउँले क्षेत्री (बागमती प्रदेश), केशवशरण लामिछाने (गण्डकी प्रदेश), शिवराज भट्ट (सुदूरपश्चिम) सहितको टोली बनाएको थियो ।

## विषय-सूची

**विषय** **पृष्ठ**


**खण्ड एक : परिचय**

१.१. संक्षिप्त इतिहास १

१.२. नेपालमा सामुदायिक विद्यालयको अवधारणा २

१.३. सामुदायिक विद्यालयको अवस्था ३

१.४. अध्ययनको उद्येश्य ४

१.५. अध्ययनको विधि र सीमा ४

१.६. अध्ययनको औचित्य ६

**खण्ड दुई : दस्तावेजको समीक्षा**

२.१. संविधान, कानून र अन्तर्राष्ट्रिय प्रतिबद्धता ८

२.२. सामुदायिक विद्यालयको सञ्चालन पद्धति र प्रणाली ९

**खण्ड तीन : प्राप्त नतिजाको विश्लेषण**

३.१. सबल र सफल विद्यालयका आधार ११

क. विद्यालय सुधार योजना १२

ख. पठनपाठन र सिकाइ १४

ग. भौतिक पूर्वाधार १७

घ. विद्यालयको सुशासन १९

ङ. नवप्रवर्तन (नवीन अभ्यास) २२

विद्यालयहरूमा आर्थिक जोहो र व्यवस्थापनको उदाहरण २४

केही रोचक तथ्यहरू २५

३.२. रिक्तता र चुनौती २७

३.३. सिफारिशहरू २७

**अनुसूची-१:** विद्यालयबारे संक्षिप्त जानकारी (प्रोफाइल तथा 'स्टोरी') ३०

**अनुसूची-२:** सामुदायिक विद्यालयको सबल अभ्यास अध्ययन-२०७८ का लागि प्रयोग गरिएका-
सूचना सङ्कलन सूची ६४

**सन्दर्भ-सामग्री** ७१

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| आ.व.- | आर्थिक वर्ष |
| आवि- | आधारभूत विद्यालय |
| पीटीए- | प्यारेन्ट्स टिचर्स एशोसिएसन्स |
| प्र.अ.- | प्रधानाध्यापक |
| प्रावि- | प्राथमिक विद्यालय |
| निमावि- | निम्न माध्यमिक |
| मावि- | माध्यमिक विद्यालय |
| वि.सं.- | विक्रम संवत् |
| वि.व्य.स.- | विद्यालय व्यवस्थापन समिति |
| राशिपयो- | राष्ट्रिय शिक्षा पद्धति योजना |
| शिअंसं - | शिक्षक-अभिभावक संघ |
| BPEP- | Basic & Primary Education Project |
| EFA- | Education For All |
| MEC - | Minimum Enabling Condition |
| PMEC - | Priorities Minimum Enabling Condition |
| SDG- | Sustainable Development Goal |
| SIP- | School Improvement Plan |
| SSDP- | School Sector Development Plan/Program |
| SSRP- | School Sector Reform Plan |

# *खण्ड–एक*

# परिचय

## १.१ संक्षिप्त इतिहास

नेपालमा विद्यालयको औपचारिक शुरूवात राणाकालमा भएको थियो।  श्री ३ जङ्गबहादुर राणाले वि.सं. १९१० मा काठमाडौंको थापाथली दरबारको दाखचोकको भूईं तलामा अंग्रेजी स्कूल शुरूवात गरेका थिए। त्यहीं विद्यालयलाई रानीपोखरीमा सञ्चालन गरियो, जसलाई दरबार हाइ स्कूल भनियो। दरबार हाइ स्कूलमा दरबारियाहरू मात्र पढ्थे। त्यसमा पनि 'ए क्लास' राणाका छोराछोरीले मात्र पढ्न पाउँथे। दरबारियाबाहेकको काले पढ्न पाउने गरी राणाकालको अन्त्यतिर छिटफुट विद्यालय खुलेका थिए। राणा प्रधानमन्त्री पद्म शमसेर र जुद्ध शमसेरको पालामा काठमाडौंमा पद्मोदय, जुद्धोदय, पद्मकन्या विद्यालयहरू स्थापना भए। तर, सर्वसाधारण जनताका छोराछोरी नै पढ्न पाउनेगरी विद्यालयको स्थापना भने प्रजातन्त्र ल्याइएपश्चात् अर्थात् वि.सं. २००७ सालपछि मात्र सम्भव भयो। वि.सं. २००५-६ सालमा नेपालमा ६ वटा मात्र विद्यालय (हाइ स्कूल) थिए। वि.सं. २०११ सालमा विद्यालय संख्या ८४ पुग्यो। *(नेपाल राष्ट्रिय शिक्षा योजना आयोग, २०११)*।

६७ वर्ष बित्दा नेपालमा विद्यालयको संख्या करिव ३५ हजार ६७४ पुगेको छ। यिनमा पनि सामुदायिक विद्यालय २७ हजार ८१२ वटा छन्।*(इमिस शाखा, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७७/०७८)* राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ (राशिपयो) लागू हुनुअघिसम्म समुदायबाटै स्थापना गरिएका विद्यालयहरू प्रायः थिए। समुदायकै दान-दातव्य र नियन्त्रणमा विद्यालय चल्थे। राशिपयो लागू भएपछि सामुदायिक विद्यालयलाई सरकारले सरकारीकरण गर्‍यो र लगानी, रेखदेख तथा नियन्त्रण आफैंले गर्न थाल्यो। २०३६ सालपछि निजी विद्यालयको शुरूवात भयो। त्यसपछि क्रमशः नेपालमा दुई वर्गीय शिक्षा देखा पर्न थाल्यो। निजीको उपस्थितिले सामुदायिक विद्यालयहरू पठनपाठनमा कम प्रतिस्पर्धी हुन थाले। २०४६ मा प्रजातन्त्रको पुनः स्थापनासँगै निजी विद्यालयहरूको

संख्या ह्वात्तै बढ्यो। निजी विद्यालयले पढाइ नतिजामा सामुदायिकलाई निकै पछाडि पार्न थाले। ७० को दशक कट्नै लाग्दा नेपालमा करिव ५७ लाख विद्यार्थी सामुदायिकमा र २४ लाख निजी विद्यालयमा पढ्छन्। झण्डै ७५ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा छन्। परीक्षा नतिजामा भने उल्टो हुने गरेको छ। एसइइको नतिजामा ७५-८० प्रतिशत विद्यार्थी निजीका उत्तीर्ण हुने र सामुदायिकको २०-२५ प्रतिशत मात्र सफल हुने प्रवृत्ति (Trend) दोहोरिरहेको छ।

## १.२. नेपालमा सामुदायिक विद्यालयको अवधारणा

सामान्य अर्थमा बुझ्दा समुदायकै पहलमा स्थापना गरी तिनकै रेखदेखमा सञ्चालन गरिने विद्यालयलाई सामुदायिक भनेर बुझ्न सकिन्छ। नेपालको सन्दर्भमा सामुदायिक विद्यालयको अवधारणा एकै समयमा दुई संयोगमा आएको देखिन्छ। एक, नेपालमा सामुदायिक वनको सफल अभ्यास भइरहेको परिप्रेक्ष्य र अर्कोचाहिँ दाताको 'प्रस्ताव'।

२०५७ साल अघिसम्म सरकारी अनुदान प्राप्त विद्यालयलाई सरकारी विद्यालयका रूपमा बुझिन्थ्यो। अझ राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ अघिसम्म 'सार्वजनिक विद्यालय' भनिन्थ्यो। *(प्रा.डा. विद्यानाथ कोइरालासितको कुराकानी, २०७८)* वि.सं. २०११ सालको राष्ट्रिय शिक्षा योजना आयोगले नेपालमा 'सरकारी', 'सरकारी सहायताप्राप्त', 'स्वतन्त्र' र 'राष्ट्रिय' गरी चार किसिमको विद्यालय रहेको बताएको थियो। *(नेपालमा शिक्षा, सन् १९५६, पृष्ठ ३०-३१)*

२०२८ पछि सरकारले सबैखाले विद्यालयलाई 'राष्ट्रियकरण' गरिदियो। यसपछि विद्यालयहरूलाई सरकारी भन्न थालियो। २०३६ सालमा निजी लगानीमा विद्यालयको उदय भएपछि नेपालमा दुईखाले विद्यालय अस्तित्वमा आए। २०४६ मा प्रजान्त्रको पुनःस्थापनासँगै उल्लेखनीय संख्यामा वृद्धि भएका निजी विद्यालयहरू सरकारीका तुलनामा पढाइ नतिजामा अघि देखिन थाले। यसले गर्दा सरकारी विद्यालयको पढाइ सुधारका लागि गुञ्जायस बढ्न थाल्यो।

यसै क्रममा २०५८ मा शिक्षा ऐन २०२८ को सातौं संशोधन हुनुपूर्व तत्कालीन सरकारले राष्ट्रिय योजना आयोगका सदस्य निर्मल पाण्डेको संयोजकत्वमा शिक्षासम्बन्धी उच्चस्तरीय समिति बनायो। त्यहीँ समितिमा शिक्षाविद्द्वय प्रा.डा. मन वाग्ले र डा. शिवराज लोहनी पनि हुनुहुन्थ्यो। डा. वाग्ले र डा. लोहनीकै प्रस्तावमा समितिले नेपालका सरकारी विद्यालयलाई 'सामुदायिक' नामाकरण गर्न सिफारिश गरेको बुझिन्छ। सामुदायिक वन जोगिनु र त्यसबाट भइरहेको लाभको श्रेय समुदायलाई नै गइरहेको थियो। यही देखेर सरकारी विद्यालयलाई पनि 'सामुदायिक' भन्ने र अधिकार पनि त्यहीअनुसार दिने हो भने सुधार पक्कै हुन्छ भन्ने विश्वासले 'सामुदायिक विद्यालय' भन्नुपर्ने प्रस्ताव गरिएको हो। *(डा. वाग्लेसितको कुराकानी, २०७८)*

समितिको सिफारिशअनुसार शिक्षा ऐन २०२८ को सातौं संशोधन पनि भयो। सोही संशोधित ऐनको घ (२) मा 'सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउनेगरी अनुमति

वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ,' भनिएको छ। अभ्यासका दृष्टिले सामुदायिक विद्यालय पनि दुई प्रकार देखिए। एक, सरकारबाट नियमित रूपमा अनुदान, अनुमति वा स्वीकृति र शिक्षक दरबन्दीसमेत प्राप्त र दोस्रोचाहिँ दरबन्दीबिनाका तर अनुदान प्राप्त गर्ने विद्यालयहरू।

विश्व बैंकको सहयोगमा तहगत अनुदान दिएर दरबन्दी भएकैलाई पनि 'व्यवस्थापन समुदायमा लगिएका' थिए। यस्ता सामुदायिक विद्यालयहरू ६० को दशकमा करिव १३ हजार पुगेका थिए। तर, शिक्षकलगायत सरोकारवालाहरूको असहमतिले त्यो कार्यक्रम सहजसँग अघि बढ्न सकेन। पछि 'व्यवस्थापन समुदायमा' लैजाने कार्यक्रम रोकिएपछि ती विद्यालयहरू पहिलो किसिमकै सामुदायिक विद्यालयका रूपमा अहिले सञ्चालनमा छन्।

शिक्षक दरबन्दी, भौतिक पूर्वाधार, पाठ्यपुस्तक, नियमनको व्यवस्था सरकारले गरेपनि समुदाय र अभिभावकहरूबाटै विद्यालय व्यवस्थापन समिति बन्छ। र, समितिकै निर्णयमा नै विद्यालय प्रशासन सञ्चालन हुने गर्दछ। अतः अभ्यासका दृष्टिले सामुदायिक विद्यालयको उन्नति/अवनति समुदायकै सक्रियतामा भरपर्ने गरेको छ।

## १.३. सामुदायिक विद्यालयको अवस्था

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सन् २०११ देखि २०१९ को अवधिमा विभिन्न पटक गरेको अध्ययन प्रतिवेदनले सामुदायिक विद्यालयका विद्यार्थीको गणित, अंग्रेजी, विज्ञान जस्ता विषयमा सिकाइ उपलब्धि ५० प्रतिशतभन्दा नकटेको दर्शाएको छ। यस्तै अवस्था एसएलसी/एसइइको नतिजाले पनि देखाएको छ।

शिक्षक-विद्यार्थी अनुपात अनुसार पर्याप्त शिक्षक अझै छैनन्। शिक्षक दरबन्दी वितरणमा असमानता रहेको छ। नियमानुसार तराईमा ५०, पहाडमा ४५ र हिमाली क्षेत्रमा ४० जना विद्यार्थीबराबर १ शिक्षक हुनुपर्ने मापदण्ड छ। तर, कतै एक शिक्षकबराबर २०० भन्दा बढी त कही १ विद्यार्थीबराबर ३ देखि ५ जनासम्म शिक्षक कार्यरत छन्। दरबन्दी मिलानमा समन्यायिकता नभएकाले तत्काल मिलान गरी अपुग दरबन्दी थप्न पनि विभिन्न समयमा गरिएका अध्ययन कार्यदलहरूले सुझाएको अवस्था छ। नेपाल सरकारका पूर्व सचिव महाश्रम शर्माको संयोजकत्वमा रहेको शिक्षक दरबन्दी पुनर्वितरण कार्यदल २०७५ ले प्राथमिक तहका बढी भएका दरबन्दीलाई अपुग निम्नमाध्यमिक र माध्यमिक तहमा रूपान्तरण गर्नुपर्ने सुझाएको थियो।

एक आदर्श विद्यालयमा बन्न नौवटा क्षेत्रका १४९ वटा सूचक पूरा गर्नुपर्ने हुन्छ। *(बालमैत्री राष्ट्रिय प्रारूप २०६७)* यस्तै, विद्यालयको न्यूनतम सक्षमताको अवस्था (MEC अर्थात् Minimum Enabling Condition) पूरा हुन २५ वटा सूचक हासिल गर्नु पर्छ। तीमध्ये प्राथमिक न्यूनतम सक्षमताको अवस्था (PMEC अर्थात् Priorities Minimum Enabling Condition) चाहिँ पाँच सूचकलाई आधार मानिएको छ। जसमा शिक्षक, पाठ्यपुस्तक, बुक कर्नर, कक्षाकोठा र धारासहित

शौचालय रहेका छन् । विद्यार्थी अनुपातअनुसार पर्याप्त शिक्षक र समयमै पाठ्यपुस्तक उपलब्ध हुनु जरूरी छ । त्यस्तै, आधारभूत तहमा बुक कर्नर र माध्यमिकका विद्यार्थीका लागि पुस्तकालयको व्यवस्था गर्न थालिएको छ । कक्षाकोठा लेख्न र पढ्न बाधा नपुग्नेखालको पर्याप्त उज्यालो हुनुपर्ने उल्लेख छ । त्यस्तै, विद्यालयमा छात्र र छात्राका लागि शौचालय छुट्टाछुट्टै हुनु पर्छ ।

सारमा, शिक्षक अनियमित हुने, नियमित पढाइ नहुने, दलीय राजनीतिको प्रभावमा शिक्षकहरू सक्रिय रहने तर शिक्षण सिकाइप्रति कम लगाब दिइरहने अवस्था सामुदायिक विद्यालयहरूका साझा समस्या हुन् । यसले गर्दा सामुदायिक विद्यालयहरूले अभिभावकका विश्वास जित्न गाह्रो परिरहेको अवस्था छ । अंग्रेजी विषयमा कमजोर प्रदर्शनले पनि मध्यमवर्गीय अभिभावकको आकर्षण कम भएको ठानिएको छ । यति हुँदा हुँदैपनि राम्रो गर्ने सामुदायिक विद्यालयहरू पनि छन् । देशकै अब्बल शिक्षण संस्थामा गनिएका यस्ता विद्यालयहरू सबल र सफल हुनुमा के कारण छन् ? एउटै खालको सुविधा, ऐन/नियम लागू भएका २९ हजार ७४१ विद्यालयमध्ये केही राम्रा गर्ने विद्यालयहरूको सबलीकरणचाहिँ के कारणले हुनसकेको हो ? अध्ययनमा यही तथ्य खोतल्ने प्रयास गरिएको छ ।

## १.४. अध्ययनको उद्देश्य

सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि हरेक पछिल्लो समयमा सरकारले नीतिगत, योजनागत तथा अन्य किसिमका प्रयासहरू गरिरहेको छ । समग्रतामा सामुदायिक विद्यालय सुधारको पाटो एउटा छ भने आफूलाई सबल र सफल रूपमा स्थापित गरेका सामुदायिक विद्यालयको पनि विशिष्ट किसिमको सिकाइ र अनुभव छ । यो अध्ययनको उद्देश्य सफल र सबल रूपमा स्थापित भएका सामुदायिक विद्यालयको सफलताको कारण, प्रयास र सिकाइलाई अभिलेखीकरण गर्नु हो । यो अध्ययन मूलतः निम्न उद्देश्यमा आधारित छ :

- सामुदायिक विद्यालयको सबलीकरण सम्बन्धमा थप परिभाषित गर्न उदाहरणीय तथ्यहरू अध्ययन तथा संकलन गर्नु;
- सातै प्रदेशमा छानिएका राम्रा सामुदायिक विद्यालयहरूमा भएका फरक-फरक अभ्यासलाई अभिलेखीकरण गर्नु;
- सबलीकरणका लागि नवीन तथा प्रवर्तनात्मक तरिकालाई प्रकाशमा ल्याउनु; र
- सामुदायिक विद्यालय सबलीकरणका लागि नयाँ उपायहरू सुझाउनु ।

## १.५ अध्ययन विधि र सीमा

सामुदायिक विद्यालयका समग्र सुधारका लागि प्रयासहरू निरन्तर भइरहेका छन् । स्थानीय प्रयास, मेहनत र क्रियाशीलताबाट शैक्षिक क्षेत्रमा अब्बल रहेका सामुदायिक विद्यालयको सिकाइ र अनुभव अन्य विद्यालयका लागि महत्वपूर्ण हुन सक्छ । यस्ता सफल 'केस'हरू योजना तथा नीति निर्माणका

लागि ठोस आधार बन्न सक्छन्। यही तथ्यलाई आधार मानेर यो अध्ययन मूलतः घटना अध्ययन विधिमा आधारित भएर तयार गरिएको छ। यसका लागि ७ वटै प्रदेशलाई प्रतिनिधित्व गर्नेगरी ७ वटा सबल/सफल आधारभूत र माध्यमिक विद्यालय छनौट गरिएको छ। यसरी विद्यालय छनौट गर्दा हरेक प्रदेशमा रहेका अध्ययन प्रतिनिधिले स्थानीय तह, प्रधानाध्यापक तथा अन्य सरोकारवालाहरूसँग छलफल गरी सफल देखिएकामध्येबाट एक प्रदेशबराबर एकका दरले केस अध्ययनका लागि विद्यालय छनौट गरिएका छन्। आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको जिम्माभित्र रहेकाले यी दुबै तहका विद्यालयको प्रतिनिधित्वलाई सुनिश्चित गर्नेगरी विद्यालयहरू छनौट गरिएका छन्।

समयको सीमितता र २०७८ साल वैशाख १६ गते देखि लकडाउनको अवस्था भएकाले हिँड्डुल गर्नसमेत सहज नभएको हुँदा सीमित विद्यालय छनौट गरी घटना अध्ययनमार्फत् विषयवस्तुलाई उजागर गरिएको छ। यसका लागि **नरग्राम नमूना माध्यमिक विद्यालय बुढीगङ्गा**, टंकिसिनवारी मोरङ (प्रदेश नं १), **श्री आधारभूत विद्यालय किरतपुर सवैला** नगरपालिका-१३ धनुषा (प्रदेश नं २), **श्रीपञ्चकन्या आधारभूत विद्यालय**, **बालुवाटार** काठमाडौं (बागमती प्रदेश), **श्री माछापुच्छ्रे माध्यमिक विद्यालय भुर्जुङ्गखोला**, कास्की (गण्डकी प्रदेश), **कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवल** रूपन्देही (लुम्बिनी प्रदेश), **श्री जननमूना माध्यमिक विद्यालय**, **वीरेन्द्रनगर** सुर्खेत (कर्णाली प्रदेश) र श्री **शारदा मावि**, **धनगढी** कैलाली (सुदूरपश्चिम प्रदेश) छानिएका छन्। घटना अध्ययनका लागि यी विद्यालय छनौट गर्दा यो अध्ययनसँग जोडिएका प्रदेशका प्रतिनिधिले स्थानीय सरोकारवाला पक्षसँग छलफल गरी पहिचान भएका विद्यालयलाई छनौट गरिएको छ।

यस अध्ययनका निम्ति शिक्षा नियमावली २०५९ र शैक्षिक गुणस्तर परीक्षण केन्द्रको उपर्युक्त आधारहरूलाई पनि सम्बोधन हुनेगरी मुख्य सूचकहरू तय गरिएका छन्। विद्यालय छनौट गर्नुभन्दा पहिले अध्ययनलाई विशिष्ट बनाउनका लागि तथ्याङ्क संकलन सूची तयार पारी आवश्यक सुझाबका आधारमा सुधारसहित अन्तिम रूप दिइएको छ। सो सूचीमा पाँचवटा मुख्य सूचकहरूलाई समावेश गरिएका छन्, जसमा **१. विद्यालय सुधार योजना**, **२. विद्यालयको सुशासन**, **३.भौतिक पूर्वाधार**, **४. पठनपाठन र सिकाइ उपलब्धि र ५.नवप्रवर्तन** रहेका छन्। यी मूल सूचकलाई खण्डीकरण गरी बिस्तृत सहायक सूचकहरू तयार पारिएका छन्। सो सूचक तयार गर्दा विद्यालय कार्यसम्पादन परीक्षण दस्तावेजलाई समेत ख्याल गरिएको छ।

यसरी तयार पारिएका अध्ययन सूचकलाई राष्ट्रिय योजना आयोगसँग छलफल गरी अन्तिम रूपम दिइएको छ। यसैका आधारमा अध्ययन अघि बढाइएको छ। अध्ययन सूचीबारे फिल्डमा अध्ययनका लागि जाने अनुसन्धानकर्तालाई आवश्यक अभिमुखीकरणसमेत दिइएको छ। त्यसैगरी, सातै प्रदेशका शिक्षा पत्रकारहरूसँग भर्चुअल छलफलसमेत गरी आवश्यक सुझाबसमेत लिइएको छ।

फिल्डबाट विद्यालयको अभिलेखमा रहेका विभिन्न आँकडा तथा आधिकारिक सूचना संकलन गरिएको छ भने तयार पारिएका सूचकको आधारमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति,

शिक्षक-अभिभावक संघका पदाधिकारी, अभिभावक, स्थानीय जनप्रतिनिधि तथा विद्यार्थीहरूसँग समेत कुराकानी गरिएको छ। यसरी प्राप्त सूचनाका आधारमा विश्लेषण गरी पहिलो मस्यौदा प्रतिवेदन तयार पारी राष्ट्रिय योजना आयोग तथा शिक्षा मन्त्रालयका अधिकारीहरूको सहभागिता भएको भर्चुअल कार्यक्रममा प्रस्तुत गरी आवश्यक सुझाव लिइएको छ। सो सुझावहरूलाई समेत सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार पारिएको छ।

कोरोनाको बढ्दो समस्याले गर्दा प्रायः हरेक स्थानहरूमा लकडाउन भएको हुँदा धेरैजसो कुराकानी टेलिफोन तथा अन्य भर्चुअल माध्यमबाट गरिएका छन्। समयको सीमा र लकडाउनलगायतका कारणले गर्दा यो अध्ययनलाई ७ वटा घटना अध्ययनमा सीमित राखी ती घटनाको गहन विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ। यो अध्ययनले समष्टिगत राष्ट्रिय चित्र दिन्छ भन्न नसकिएपनि सामुदायिक विद्यालयहरू कसरी सबल भएका रहेछन् भन्नेबारे व्यवहारिक र यथार्थ बुझ्ने एउटा महत्वपूर्ण प्रमाण भने हुन सक्छ। यो अध्ययन सामुदायिक विद्यालयको सबल पक्षमा आधारित भएकाले कमजोर पक्षलाई समावेश गरिएको छैन तर सबल विद्यालय बन्नका लागि देखिएका केही चुनौती र रिक्ततालाई भने समेटिएको छ। यो अध्ययन पाँचवटा सूचक र त्यसका उपसूचकका आधारमा गरिएकाले यसमा आर्थिक सामाजिक, राजनीतिकलगायतका बृहत्तर पक्षहरूलाई समेटिएको छैन।

## १.६ अध्ययनको औचित्य

राष्ट्रिय योजना आयोगका पन्ध्रौं योजनाको लक्ष्य पूरा गर्न सामुदायिक विद्यालयको सबलीकरण अपरिहार्य बनेको छ। सरकारले तय गरेको पन्ध्रौं योजनाको सोंचमा भनिएको छ, 'सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधन विकास।' यस्तै, यसको लक्ष्यमा 'सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने' उल्लेख छ।

सबै सामुदायिक विद्यालयको सबलीकरण अहिलेको मूल मुद्दा भएको छ। सरकारले सामुदायिक विद्यालय सुधार्नकै खातिर आधारभूत तथा प्राथमिक शिक्षा परियोजना १९९७-२००२ (बिपिइपि), सबैका लागि शिक्षा २००४-०९ (इएफए), विद्यालय क्षेत्र सुधार कार्यक्रम २००९-२०१५ (एसएसआरपी), विद्यालयक्षेत्र सुधार कार्यक्रम (एसएसडिपि) जस्ता कार्यक्रम सम्पन्न गऱ्यो। यी कार्यक्रमले विद्यालयमा बालबालिकाको पहुँच बढाउन सहयोग पुग्यो। कक्षा १ मा खुद भर्नादर अहिले ९७.१ प्रतिशत पुगेको छ। अब सन् २०३० सम्ममा विश्वव्यापी रूपमा तय भएको दीगो विकास लक्ष्य-४ (SDG 4) का लक्ष्यहरू पूरा गर्ने प्रयत्नमा नेपाल पनि रहेको छ।

आधारभूत तहमा खुद भर्नादर ९९.५ प्रतिशत पुऱ्याउने लक्ष्य पन्ध्रौं योजनाको आधार-पत्रमा लिइएको छ। यस्तै माध्यमिक तहमा ४३.९ बाट ६५ प्रतिशत पुऱ्याउने लक्ष्य देखिन्छ। यी सबै लक्ष्य अन्ततः सामुदायिक विद्यालयको सबलीकरणविना हासिल हुन सक्दैनन्। त्यसैले, पन्ध्रौं योजनाको पाँच वर्षे (

२०७६/७७-२०८०/८१) योजनाको रणनीति र कार्यनीति पूरा गर्न हाल राम्रो गरिरहेका सामुदायिक विद्यालयका असल अभ्यास, सबलीकरणका बलिया कारणहरू खोज्नुपर्ने आवश्यकता देखियो ।

'गुणस्तर मापदण्ड र प्रत्ययन प्रणाली विकास गरी विद्यालयमा समान गुणस्तर गर्ने' बुँदा पन्ध्रौं योजनामा रहनुले पनि सामुदायिक विद्यालयको सबलता गुणस्तरमा नै खोज्नुपर्ने हुन्छ। त्यसैले, देशका राम्रा गरिरहेका सबल/सफल विद्यालयहरूका पठनपाठन तथा सिकाइ उपलब्धि, योजना, नवीन/असल अभ्यास र सुशासनका पक्षलाई केलाएर विश्लेषण गरी यो अध्ययन गरिएकाले यसले नीति र योजना बनाउनका लागि सफल अभ्यासको प्रमाणको रूपमा सहयोग गर्न सक्छ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO)ले कार्यसम्पादन परीक्षणका लागि १२ वटा आधारभूत पक्षलाई किटेको छ।*(विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०७४)* कार्यसम्पादन परीक्षणका आधारभूत पक्षहरूमा विद्यालयको भौतिक संरचना, शिक्षक, समुदायको सहभागिता र लगानी, कक्षा शिक्षण, विद्यार्थी मूल्याङ्कन, शिक्षकको पेशागत विकास, नेतृत्व र व्यवस्थापन, सह/अतिरिक्त क्रियाकलाप, नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दर, सिकाइ उपलब्धि, सेवाग्राही सन्तुष्टि, शिक्षकको पेशागत सन्तुष्टि पर्छन्। यस्तै, भौतिक सुविधा, शिक्षक दक्षता, उत्तरदायित्व र पारदर्शिता, विद्यालय सञ्चालन प्रक्रिया, शैक्षिक उपलब्धि, अन्य उपलब्धिलाई 'सामुदायिक विद्यालय वर्गीकरणका आधारहरू' भनी शिक्षा नियमावलीमा किटिएको छ । *(शिक्षा नियमावली २०५९, अनुसूची २१ नियम १४५ को उपनियम १)*। यो अध्ययनले शिक्षा नियमावलीको भावनालाई समेत सम्बोधन गरेकाले राज्यले सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि अवलम्बन गरेका नीतिगत पक्षलाई व्यवहारमा कार्यान्वयन गर्न सहयोगी भूमिका खेल्न सक्छ ।

# *खण्ड दुई*

# दस्तावेजको समीक्षा

## २.१. संविधान, कानून र अन्तर्राष्ट्रिय प्रतिबद्धता

संविधानतः शिक्षालाई मौलिक हकका रूपमा राखिएको छ। नेपालको संविधान २०७२ को धारा ३१ को उपधारा १, २, ३, ४ र ५ मा शिक्षाका विषयमा यस प्रकारका व्यवस्था उल्लेख छन् : १.प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ। २. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ। ३.अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ। ४.दृष्टिबिहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ। ५.नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

संविधानको अनुसूची ८ ले एकल अधिकारका रूपमा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको हुने उल्लेख गरेको छ। अनुसूची ५ मा संघ र ६ मा प्रदेशका शिक्षा अधिकार तोकिएका छन्। अनुसूची ९ मा संघ, प्रदेश, स्थानीय सरकारका साझा अधिकारको व्यवस्था छ। यही विषयको व्याख्या गर्न संघीय शिक्षा ऐन त बनेको छैन। तथापि, स्थानीय सरकारको एकल अधिकार कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संविधानको अनुसूची ८ लाई सम्बोधन गर्दै २३ वटा बुँदामा शिक्षासम्बन्धी जिम्मेवारी प्रष्टसाथ तोकिदिएको छ। संविधानमा राज्यका निर्देशक सिद्धान्त,नीति तथा दायित्व (भाग ४ धारा ५० र ५१) मा पनि शिक्षाको विषयमा बोलिएको छ।

संविधानको मौलिक हकलाई प्रष्टसँग कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, यसको नियमावली २०७७, बनिसकेका छन्। 'प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको

भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रुपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि सम्वत् २०८५ साल बैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्तिले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी, गैरसरकारी वा निजी क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न, कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था वा गैरसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो कम्पनी फर्म वा संस्थाको संस्थापक सेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुन कुनै अवसर प्राप्त गर्न योग्य मानिने छैन' भनी उल्लेख गरिएको छ।

संविधान र कानूनका अतिरिक्त राष्ट्रले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई पञ्चवर्षीय योजना/आयोजना, कार्यक्रमहरूबाट पूरा गर्ने प्रयास गरिएको देखिन्छ।

सहस्राब्दी विकास लक्ष्य हुँदै दीगो विकास लक्ष्यले किटेका सूचकहरूलाई हासिल गर्ने प्रयत्नमा नेपाल रहेको छ। सन् २०२३ मा अल्पविकसित मुलुकबाट मध्यम आय भएको देशमा परिणत हुने नेपालको लक्ष्य छ। दिगो विकास लक्ष्य ४ अनुसार सन् २०३० भित्र विद्यालयमा खुद भर्नादर र प्राथमिक तहको शिक्षा पूरा गर्नेको दर ९९.५ पुऱ्याउने तथा माध्यमिक शिक्षामा ९९ प्रतिशत समग्र भर्नादर पुऱ्याउने लक्ष्य लिइएको देखिन्छ। यसैगरी, कक्षा १ मा भर्ना भएकामध्ये ९५ प्रतिशत बालबालिका कक्षा ८ मा पुगेको हुने र उच्च शिक्षामा लैङ्गिक असमानताको अन्त्य गरिसक्ने प्रतिबद्धता दीगो विकास लक्ष्य ४ का लागि नेपालले गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७६ सालमा 'दीगो विकास लक्ष्य ४ : शिक्षा २०३० नेपाल नेसनल फ्रेमवर्क' पनि बनाइसकेको छ।

उपर्युक्त संवैधानिक एवं नीति, ऐन/नियमको व्यवस्था, अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं लक्ष्यहरू हासिल गरेको देखिने माध्यम भनेको विद्यालय नै हुन्। यी पूरा गर्न पनि बहुसंख्यक जनताका छोराछोरी पढ्ने सामुदायिक विद्यालयको सबलीकरण नै अहिलेको मूल ध्येय बन्नुपर्नेछ। तथापि, माध्यमिक शिक्षा निःशुल्क गर्ने संवैधानिक व्यवस्था रहेको र छुट्टै ऐन बनिसकेको भएपनि सामुदायिक विद्यालयहरूले नै 'सहयोग'का नाममा अभिभावकसँग शुल्क लिइरहेका अभ्यास पनि देखिन्छन्। विषय शिक्षक दरबन्दीको अभाव खेपिरहेका विद्यालयहरूले अभिभावकबाटै 'सहयोग स्वरूप' उठाइएका स्रोतबाट 'निजी स्रोत शिक्षक' राख्नुपरेको छ। यसबाट निःशुल्क शिक्षा कार्यान्वयनमा चुनौती थपिएको देखिन्छ।

## २.२ सामुदायिक विद्यालयको सञ्चालन पद्धति र प्रणाली

सामुदायिक विद्यालय सरकारी 'अनुदान'हरूबाट चल्ने गरेका छन्। यसको सञ्चालन तथा व्यवस्थापनमा स्थानीय अभिभावक र समुदायका व्यक्ति रहन्छन्। समग्र विद्यालय सञ्चालनका लागि निर्णय गर्ने संयन्त्रका रूपमा विद्यालय व्यवस्थापन समिति (विव्यस)ले काम गर्छ। शिक्षा ऐन २०२८ ले

विव्यससम्बन्धी स्पष्ट व्यवस्था गरेको छ । यस्तै, विद्यालयको सामाजिक परीक्षणलाई प्रमाणित गर्न र विद्यार्थीको सिकाइमा अभिभावकको चासो, संलग्नता बढाउन शिक्षकसँग समन्वयात्मक भूमिकामा शिक्षक-अभिभावक संघ (पीटीए)को भूमिका किटिएको छ । मूलतः विव्यस, त्यसपछि प्रशासनिक प्रमुखका रूपमा प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी र पीटीएमार्फत् एउटा विद्यालय चलिरहेको अवस्था छ । यद्यपि, संघीयता लागू हुनुअघिसम्म नेपालका सामुदायिक विद्यालयहरूमा स्रोतव्यक्तिको पनि भूमिका रहन्थ्यो ।

अहिले भने विव्यस गठन प्रक्रियामा स्थानीय सरकारकै ऐन/नियम लागू हुँदै आएको छ । नेपालको संविधान २०७२ ले आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको जिम्मामा हुने उल्लेख गरेको छ । यसैले, स्थानीय तहका जनप्रतिनिधि पनि विव्यसको सदस्य वा अध्यक्ष रहने 'ट्रेण्ड' रहँदै आएको छ । तर, विव्यसमा प्रतिनिधि जो बसेपनि सामुदायिक विद्यालय सञ्चालनमा आवश्यक प्रशासनिक र शैक्षिक स्वायत्ता देखिँदैन । मुख्य कुरा, प्रधानाध्यापक र विव्यसको अधिकार कम रहेकाले त्यो बढाउन विभिन्न मोडलहरू अपनाउन सकिने अध्ययनहरूले पनि बोलेका छन् । जस्तै, तीनवटा तरिका अपनाउन सकिन्छ । १. 'प्रशासनिक नियन्त्रण प्रणाली'अन्तर्गत शहरी क्षेत्रका प्रधानाध्यापकलाई बढी अधिकार दिनु पर्छ । दरबार स्कूल जस्तालाई करार सम्झौता गरेर शिक्षाक्षेत्रका समूहलाई स्थानीय सरकारले जिम्मा दिनु पर्छ । शहरमा विव्यस नभएपनि हुन्छ । २. 'प्रफेसनल एकेडेमिक कन्ट्रोल' मोडल (यसमा शिक्षकलाई नै जिम्मा दिन सकिन्छ) र ३. 'कम्युनिटी कन्ट्रोल मोडल ।' यसमा मिश्रित खालको पद्धति हुन्छ । यो पद्धति अहिले देशभरिका सामुदायिक विद्यालयमा अपनाइएको छ तर समुदाय उस्तो सक्रिय भएको देखिएन । भारत र थाइल्याण्डमा भने यो मोडल छ प्रभावकारी नै देखिएको छ ।। यहाँ अहिले केही स्कूलहरू राम्रो हुनुमा प्रधानाध्यापक सक्षम भएकाले हो । *(रेग्मी, ध्रुव, अटोनेमी एण्ड एकाउण्टिविलिटि अफ कम्युनिटी सेकेण्डरी स्कूल्स इन नेपाल २०१७)*

संरचना तथा कानूनी आधार तयार गरी सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्ने रणनीति अनुसार सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशः अलग्गै प्रधानाध्यापकको व्यवस्था गरिने कार्यनीति रहेको पन्ध्रौं याजनाको आधारपत्रमा उल्लेख छ । यसबाट पनि प्रअको व्यवस्था संरचनागत रूपमा अलग्गै खोजिएको देखिन्छ ।

वास्तवमा, यो अध्ययनमा सामुदायिक विद्यालयका नेतृत्वहरूको सोंच, योजना र कामलाई पनि खोज्ने प्रयत्न गरिएको छ । विद्यालय संरचनाभित्र रहेका मुख्य नेतृत्व पात्र भनेका प्रधानाध्यापक र विव्यस अध्यक्षलगायतका पदाधिकारी हुन् । व्यवस्थापकीय सिद्धान्त बुझेका विद्यालय नेतृत्वले नै सामुदायिक विद्यालयको सबलीकरण गर्न सक्छन् । गुणस्तरीय व्यवस्थापकीय अभ्यास देखाउन विद्यालय नेतृत्वले समुदायको सहभागितामूलक वातावरण सिर्जना गर्ने इच्छा राख्न सक्नुपर्छ । नेतृत्व समाजका लागि प्रेरक, 'स्टोरी टेलर', 'नेटवर्कर' र समस्या समाधानकर्ता हुन् । विद्यालयको नेतृत्व यस्तै हुनुपर्छ । (Sharma, Mahashram. (2019) Thesis on SCHOOL MANAGEMENT PRACTICES THROUGH AN INTERPRETIVE LENSE : CASES OF HIGH PERFORMING COMMUNITY SCHOOLS OF NEPAL, Page 258).

## *खण्ड तीन*

# प्राप्त नतिजाको विश्लेषण

## ३.१ सबल र सफल विद्यालयका आधार

सामुदायिक विद्यालय राष्ट्रिय शिक्षाको महत्वपूर्ण आधार हो। सरकारले सामुदायिक विद्यालयको सुधारका लागि नीति, योजना, कार्यक्रममार्फत् धेरै प्रयासहरू गरेको छ। यस किसिमका सुधारका प्रयासबाट केही उपलब्धिसँगै नयाँ सिकाइ पनि भएका छन्। यस्ता सिकाइहरूलाई प्रमाणका रूपमा लिएर अन्य सामुदायिक विद्यालय सुधारका लागि वस्तुपरक आधारहरू खोजी गर्ने प्रयासस्वरूप यो अध्ययन गरिएको छ। शिक्षक तथा सरोकारवाला पक्षहरूले आफ्नो विद्यालयलाई सबल देख्ने विभिन्न अवस्थाहरू रहेका छन्। खासगरी, उनीहरूको आवश्यकता, प्राथमिकताका आधारमा विद्यालयले सिर्जना गरेको वातावरण एवं सिकाइ स्तर तथा नतिजा र संबद्ध पक्षको सहभागितामूलक प्रयासहरूले सबल विद्यालय निर्माणको आधार तय गर्छ भन्ने बुझाइ रहेको छ। विद्यार्थीहरूका लागि शिक्षण विधि र आफ्नो सिकाइ स्तर राम्रो भएमा यसैले नै विद्यालय राम्रो हुने मान्यता रहेको छ। यसका लागि विद्यार्थीमैत्री सक्षम शिक्षक, खानेपानी, शौचालयको राम्रो व्यवस्था, प्रविधिमा आधारित सिकाइ, कक्षा कोठामा प्रशस्त शैक्षिक सामग्रीको उपलब्धता, कक्षा कोठाभित्र पर्याप्त फर्निचर, खेलमैदान, अतिरिक्त क्रियाकलाप सञ्चालन, विद्यार्थीलाई प्रश्न सोध्नका लागि शिक्षकले प्रेरित गर्ने वातावरण भएमा उनीहरूले सबल र राम्रो विद्यालय भएको महशूस गर्ने गरेको यो अध्ययनमा पाइएको छ। त्यसैगरी, अभिभावकहरू चाहिँ 'निजी विद्यालयसरह' बनेमा सबल विद्यालय ठान्ने रहेछन्।

खासगरी, विद्यालयले अभिभावकहरूलाई संलग्न गराउने क्रियाकलापहरू गरी विद्यार्थीलाई उत्साही तरिकाले पढाउने र उनीहरूले पढाइमा राम्रो नतिजा ल्याउन सकेमा यो नै अभिभावकका लागि 'सबल विद्यालयको आधार' हुने रहेछ। यो अध्ययनले यिनै पक्षहरूलाई छनौटमा परेका ७ विद्यालयबाट प्राप्त सूचनाहरूलाई विश्लेषण गरी निष्कर्ष तथा सुझाबहरू समेत प्रस्तुत गरेको छ। यो अध्ययनका लागि पाँचवटा मूल सूचक र थप उपसूचकहरू तयार गरी छनौटमा परेका विद्यालयको घटना

अध्ययनमा आधारित भएर स्थलगत अध्ययन गरिएकाले अध्ययन नतिजालाई पनि यिनै पाँचवटा सूचकअन्तर्गत प्रस्तुत गरिएका छन् । यी पाँचवटा सूचकहरू (विद्यालय सुधार योजना, पठनपाठन र सिकाइ उपलब्धि, भौतिक पूर्वाधार, विद्यालयको सुशासन र नव प्रवर्तन) अनुसार विश्लेषण गर्दा सबल सामुदायिक विद्यालयहरूमा केही समानता र भिन्नता पाइएका छन् । तर, मूलभूत रूपमा सबल र सफल विद्यालयहरूले नवप्रवर्तनमा प्रस्तुत गरेका भिन्नताबाहेक अरू चारवटा सूचकमा धेरै समानताहरू पाइन्छन् । पाँचैवटा सूचकको आधारमा प्राप्त मूल नतिजाहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

## क) विद्यालय सुधार योजना

विद्यालय सुधार योजना (School Improvement Plan) विद्यालयको शैक्षिक गुणस्तरमा केन्द्रित रही निर्माण गरिने साधन हो । यसको मूल ध्येय 'राम्रो विद्यालय', 'राम्रो शिक्षण' र 'राम्रो सिकाइ' हो । *(विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७४)* विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७१ लाई २०७४ मा संशोधन गरिएको थियो । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, दोस्रो (BPEP II) ले संस्थागत सक्षमता अभिवृद्धि गर्ने उद्देश्यले आर्थिक वर्ष २०५६/०५७ देखि १२ वटा जिल्लामा विद्यालय सुधार योजना (SIP) परीक्षणका रूपमा शुरू गऱ्यो । आ.व. २०५८/०५९ बाट देशभर लागू गरिएको विद्यालय सुधार योजनालाई 'सबैका लागि शिक्षा', 'विद्यालय क्षेत्र सुधार कार्यक्रम' र हाल सञ्चालनमा रहिरहेको 'विद्यालय क्षेत्र विकास कार्यक्रम'ले पनि एसआइपीलाई अङ्गिकार गर्दै आएको छ ।

यसले मूलतः विद्यालय सुधार योजनाको कार्यविधि र योजनाको ढाँचालगायतमा प्रष्ट पारेको छ । सामुदायिक विद्यालयमा एक वर्षे र पाँच वर्षे विद्यालय सुधार योजना बन्ने गरेको छ भने विद्यालय व्यवस्थापन समितिको नेतृत्वमा बनाउने गरिएको छ । यही योजनाका आधारमा विद्यालयले अल्पकालीन र दीर्घकालीन योजना बनाउने गरेको छ ।

यस अध्ययनमा सबल विद्यालय बनाउनका लागि विद्यालय सुधार योजना निर्माण र यसको कार्यान्वयन के कसरी गरिएको रहेछ भन्नेबारे खोजियो । जसले योजना बनाउने र कार्यान्वयन गर्ने पाटोलाई ध्यान दिएको छ, त्यहाँको विद्यालय राम्रो र सबल भएको देखियो ।

सबै सबल सामुदायिक विद्यालयले एकवर्षे र पाँचवर्षे छुट्टाछुट्टै विद्यालय सुधार योजना बनाएका छन् । यस्ता योजना निर्माणका लागि विद्यालय व्यवस्थापन समितिले सहभागिता जनाएको र यसका लागि प्रधानाध्याकहरूले अग्रसरता लिने गरेका छन् ।

**एकवर्षे विद्यालय सुधार योजना**मा कक्षागत विद्यार्थी प्रोफाइल निर्माण र सिकाइ उपलब्धि वृद्धि गर्ने, विद्यालय छाड्ने दर घटाउने, उत्तीर्ण प्रतिशत शतप्रतिशत बनाउने, विद्यार्थी नियमिततामा जोड दिने योजना पाइयो । यस्तै, तहगत रूपमै विषयगत पाठ्यक्रम शिक्षक निर्देशिका व्यवस्था गर्ने, आवश्यकता

अनुसार शिक्षकलाई तालिम दिने, प्रविधिमैत्री शिक्षक र विद्यार्थी तयार पार्ने जस्ता एक वर्षे कार्यक्रममा रहेका छन्। शिक्षक-विद्यार्थी नियमितताको लागि पुरस्कार, विषयगत शिक्षकको व्यवस्था, अतिरिक्त क्रियाकलाप सञ्चालन, व्यवहारिक र जीवनोपयोगी शिक्षामा जोड दिने जस्ता कार्यहरू समावेश हुने गरेका छन्। त्यसैगरी, बालबालिकाको रुचि, क्षमताअनुसारको क्रियाकलाप गराउने, निःशुल्क दिवा खाजाको व्यवस्था गर्ने, छात्रवृत्तिको व्यवस्था, कम्प्यूटर ल्याब व्यवस्थित बनाउने, खानेपानी, सरसफाइ तथा शौचालय थप निर्माण एवं सुधार, अवलोकन भ्रमण, चेतनामूलक कार्यक्रम सञ्चालन र  भूकम्पको ड्रिल अभ्यास जस्ता विपद् जोखिमबाट बच्ने तरिका सिकाउनेलगायतका कार्यक्रमहरू पनि एक वर्षे विद्यालय सिकाइ योजनाअन्तर्गत समावेश गर्ने गरिएका रहेछन्।

यस्तै, **पाँचवर्षे विद्यालय सुधार योजना**अन्तर्गत  सबै कक्षा स्मार्ट बनाउने, कम्प्यूटर शिक्षाका लागि कम्प्यूटर तथा आवश्यक पूर्वाधार थप गर्ने योजना तय गरिएका छन्। विषय शिक्षकको व्यवस्था गर्ने, खानेपानी, सरसफाइ र स्वच्छतालाई प्रबर्द्धन गरी तोकिएको मापदण्डअनुसर सुनिश्चित गर्ने जस्ता कार्यक्रमहरू पनि समेटिएका छन्। त्यसैगरी, पुस्तकालय, विज्ञान प्रयोगशालाको व्यवस्थापन, व्यवस्थित सभाहल निर्माण गर्ने र सबै शिक्षक-विद्यार्थीलाई प्रविधिमैत्री बनाउने कार्यक्रमहरू रहेका छन्।

यी योजनामा विद्यार्थीको औषत सिकाइ उपलब्धि वृद्धि गर्ने लक्ष्य किटान गर्ने, सिकाइ उपलब्धि वृद्धिका लागि शिक्षक एवं विद्यार्थी प्रोत्साहन कार्यक्रम ल्याउने, अनलाइन, अफलाइन दुबै सिकाइको माध्यमलाई अवलम्बन गर्ने  गरेका छन्। सिकाइलाई अनुसन्धानमुखी कार्यमा जोड्ने र विद्यार्थीलाई गृहकार्य दिंदा के विषयमा दिइयो र किन दिइयो भन्नेबारेमा अभिभावकलाई जानकारी गराउने व्यवस्था समेत गरिएको छ।

विद्यालय सुधार योजना सबल विद्यालय निर्माणका लागि सहयोगी दस्तावेज भएको प्रधानाध्यापकहरूको भनाइ  छ। सुदूरपश्चिम प्रदेशअन्तर्गत **शारदा माविका प्रधानाध्यापक तेजबहादुर भण्डारी**को अनुभवमा विद्यालय सुधार योजना महत्वपूर्ण दस्तावेज हो तर यसको कार्यान्वयनका लागि सबै पक्षको योगदान महत्वपूर्ण  हुन्छ। उहाँको भनाइमा : *विद्यालयलाई राम्रो बनाउन सबैभन्दा पहिला भौतिक पूर्वाधार चाहिन्छ। अहिलेसम्म पूर्वाधारको ७० प्रतिशत माग पूरा भएको छ। बाँकी भौतिक पूर्वाधारका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकारका विद्यालय पूर्वाधार विकास आयोजनाहरूसँग अनुरोध गरिएको छ। शिक्षकहरूको विज्ञता पनि आफैंमा राम्रो विद्यालय बनाउन महत्वपूर्ण हुन्छ। महिला शिक्षकहरूले इमान्दारिताका साथ अध्यापन गराउने हुनाले पनि राम्रो नतिजा आएको छ। अभिभावकहरूको अंग्रेजी माध्यममा बढेको आकर्षण देखेर अहिले कक्षा ४ र ५ बाहेक सबैमा अंग्रेजी माध्यममा पनि अध्यापन भइरहेको छ। यी लगायतका आवश्यक सबै सुधारका लागि विद्यालय सुधार योजना सहयोगी दस्तावेज भएको छ। यसले परिकल्पना गरेबमोजिमको नतिजाका लागि कार्यान्वयन पक्ष महत्वपूर्ण हुन्छ। (कुराकानी, जेठ, २०७८ : कैलाली)।*

समग्रमा सबल विद्यालयहरूको विद्यालय सुधार योजनामा निम्न विशेषताहरू पाइयो :

- विद्यार्थीको पढाइमा सहजीकरण गर्न अभिभावकलाई तालिम ।
- संगीत, खेलकुद र अतिरिक्त क्रियाकलापकलाई व्यवस्थित गर्ने कार्यक्रम ।
- केही विद्यालयमा संग्रहालयको निर्माण गर्ने गुरूयोजना ।
- परामर्श एवं उपचार कक्षको निर्माण, विपद् व्यवस्थापनको जोहो ।
- विद्यालयमा विद्यार्थी प्रतिभाको खोजी । उत्कृष्ट शिक्षक, विद्यार्थीलाई पुरस्कृत गर्ने व्यवस्था ।
- बगैंचा, सभाकक्ष, छात्रावास, पुस्तकालय भवन आदिको निर्माण र वैकल्पिक विद्युतको व्यवस्था ।
- अभिभावक बस्ने सेड निर्माण गर्ने योजना ।
- प्रयोगशाला निर्माण, मर्मत, सञ्चालन र बिस्तार ।
- विद्यालयको शैक्षिक, भौतिक, आर्थिक र व्यवस्थापकीय कार्यहरू ।

उपर्युक्त एकवर्षे र पाँचवर्षे विद्यालय सुधार योजनाका अतिरिक्त **विद्यालय गुरुयोजना** पनि बनाइएको पाइयो । यस प्रकारको योजना भने विद्यालयको बृहत्तर क्षेत्रलाई समेटेर दीर्घकालीन कार्यक्रमहरू समेटेर बनाइएका छन् । *(जस्तै : नरग्राम नमूना मावि, मोरङ ।)*

## ख) पठनपाठन र सिकाइ

खासमा विद्यार्थीलाई के कसरी कुन विधिमा सिकाइन्छ/पढाइन्छ ? पाठ्यभार, पाठयोजना, शिक्षक निर्देशिकाको प्रयोग अनि त्यसबाट प्राप्त नतिजा अर्थात् विद्यार्थीको सिकाइ उपलब्धि कस्तो छ भनी अध्ययनमा खुट्याउने काम गरिएको छ । तत्कालीन शिक्षा विभागले पनि शिक्षक-विद्यार्थीको नियमितता र विद्यार्थीको सिकाइ उपलब्धि बढाउनकै लागि सहजीकरण गर्न भनेर 'शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि २०७४' जारी गरेको थियो ।

पठनपाठन र सिकाइ उपलब्धिभित्र पनि पढाइ माध्यम कुन भाषालाई अपनाइएको छ ? मातृभाषा, नेपाली वा अंग्रेजी कुन भाषामा पढाइएका छन् ? यसमा कक्षागत रूपमा जानकारी लिइयो । कोभिड-१९ को यो महामारीमा भर्चुअल माध्यममा पढाइको व्यवस्था कसरी गरिएको छ भन्ने पक्षलाई अध्ययन गरियो । यस्तै, विद्यालयको समग्र र तहगत रूपमा विद्यार्थी सिकाइ उपलब्धि खोजियो ।

**काठमाडौं बालुवाटारस्थित श्रीपञ्चकन्या आधारभूत विद्यालयको** २०७६ सालमा **समग्र सिकाइ उपलब्धि ९८.४** रहेको छ । शिशु कक्षा, कक्षा १, २, ३, ४, ५ र ८ मा १०० प्रतिशत सिकाइ उपलब्धि देखिन्छ । कक्षा ६ को ९२ र ७ को ९४ प्रतिशत रहेको छ ।

पञ्चकन्या आविबाहेक अरू विद्यालयहरूले परीक्षामा समग्रमा ७६ प्रतिशतसम्म सिकाइ उपलब्धि हासिल गरेका छन् । प्रदेश १ टंके सिनुवारी मोरङको विद्यालय नरग्राम माविको गत सालको औषत सिकाइ उपलब्धि ७६ दशमलव ३ रहेको छ । यो विद्यालयमा कक्षा १ देखि ५ सम्म ८९, ६ देखि ८ सम्म ७२, ९-१० को ६८ र ११-१२ को सिकाइ उपलब्धि ८२ प्रतिशत देखियो । यो सिकाइ राष्ट्रिय औषतभन्दा धेरै नै बढी हो । जबकि, राष्ट्रियस्तरको औषत सिकाइ उपलब्धि ५० प्रतिशतको हाराहारीमा रहेको छ ।

खासगरी शिक्षक, अभिभावक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा स्थानीय सरकार जस्ता सरोकारवाला पक्षहरूको सक्रियताले पठनपाठन र सिकाइ उपलब्धि हासिल गर्न सकिने सबल विद्यालयहरूको अनुभव छ । विद्यार्थीहरूको सिकाइलाई बढवा दिने शिक्षण विधि, मूल्याङ्कन पद्धतिहरू जस्तै : तहगत/पाठगत परीक्षा, निरन्तर मूल्याङ्कन पद्धति (CAS), परियोजना प्रस्तुति, प्रश्नोत्तर जस्ता अभ्यासहरूलाई प्राथमिकता दिने गरिएको छ ।

पाठ्यपुस्तकमा मात्र केन्द्रित नभई जीवनपयोगी सीप पनि विद्यालयबाट विद्यार्थीले पाएका रहेछन् । महामारीका बेला घरमै स्रोतको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने उपाय सिकेका छन् । त्यसो त, सिकाइमा सामुदायिक विद्यालयमा शिक्षकभन्दा विद्यार्थी बढी सक्रिय हुनुपरेको रोचक पक्ष पनि सुन्न पाइयो । *(जननमूना मावि सुर्खेतमा कक्षा १२ मा अध्ययनरत अपुर्वा पौडेलको भनाइ, जेठ, २०७८)*

पाठ्यक्रम, पाठयोजना/शिक्षक निर्देशिका, पढाइ तालिका (रूटिन), कक्षा कार्य, गृहकार्यको सुनिश्चितता पनि विद्यालयहरूले हेर्ने गरेका छन् । रूपन्देही बुटलको कालिका मानवज्ञान माविमा विषयगत समिति गठन गरी क्रियाशील बनाइएको छ । पाठयोजना टिपोटसहित शिक्षक कक्षाकोठामा प्रवेश गर्ने गर्छन् । शैक्षिक सामग्री, सूचना प्रविधिको अधिकतम प्रयोग, विद्यार्थी परामर्श, उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई पुरस्कारको व्यवस्था यो विद्यालयमा गरिएको छ ।

काठमाडौं बालुवाटारस्थित पञ्चकन्या आधारभूत विद्यालयमा **अक्षर लेखन अभ्यास** लोभलाग्दो छ । विद्यालयमा शुद्ध 'ह्याण्ड-राइटिङ'का लागि मात्रै छुट्टै कपिको व्यवस्था गरिएको छ । हरेक हप्ता प्रत्येक विषयमा १० वटा शब्द लेखिरहन दिइन्छ । विद्यार्थीले विषयगत रूपमा त्यही शब्द ५ दिनसम्म लगातार लेखिरहन्छन् । छैटौं दिनमा त्यहीं शब्दहरूको परीक्षा लिने गरिन्छ । यसरी ५ दिन हरेक विषयको १० शब्द लेखिरहँदा उनीहरूलाई ती शब्द कण्ठै हुने गर्छ ।

शिक्षक-विद्यार्थीको नियमितता, विद्यार्थीको उपस्थिति (हाजिरी) दिन, वर्षमा विद्यालय खुलेको जम्मा दिन र एक वर्षमा पढाइ भएको दिनलाई पनि हरेक विद्यालयले अभिलेखीकरण गर्ने गरेका छन् । यसमा महिनामा अधिकतम २७ दिन र न्यूनतम १८ दिनसम्म शिक्षक उपस्थित भएको पाइयो । **माछापुच्छ्रे मावि कास्की**मा **शिक्षकको उपस्थिति ९८ प्रतिशत रहेको** देखियो । क्याबी र पर्व विदाको समेत विद्यालयले प्रोत्साहन भत्ता दिने हुँदा शिक्षकहरूले विदा कम लिने गरेका छन् ।

विद्यार्थीलाई सिकाउँदा पढिरहेको छु भन्दा पनि रमाएर स्वत : सिक्ने वातावरण तय गराउने वातावरण विद्यालयहरूले दिइरहेका छन् । काठमाडौं बालुटारस्थित पञ्चकन्या आधारभूत विद्यालयका विद्यार्थीको यो अनुभव उदाहरणीय लाग्छ । 'शिक्षकहरूले माया गर्नुहुन्छ, नम्र व्यवहार गर्नुहुन्छ । शिक्षकभन्दा पनि साथीको व्यवहार गरेर सिकाउनुहुन्छ । डर देखाएरभन्दा रमाइलो गरेर बुझिनेगरी सिकाउनुहुन्छ । त्यसैले मलाई विद्यालय नै रमाइलो लाग्छ ।' *(**सुमन रैदाश**, **विद्यार्थी**, **कक्षा–८**, पञ्चकन्या आधारभूत विद्यालय, बालुवाटार काठमाडौं ।)*

**सुर्खेतको जननमूना मावि**का एउटै खालका पाठ्यपुस्तक र किताब पढ्न विद्यार्थीलाई दिक्क नलागोस् भनेर आवश्यकतामा आधारित एक महिनासम्मको रोटेसन कक्षाको व्यवस्था छ । यही विद्यालयमा कुनै पनि दिन बिदा नबस्ने शिक्षकलाई सम्मान र पुरस्कारको व्यवस्था गरिएको छ । यसरी पुरस्कार नै दिएपछि शिक्षक पनि विद्यालयमा नियमित आउने गरेका छन् ।

विषयगत शिक्षकले प्रअसँग सम्झौता गर्ने र विषयगत शिक्षकले शैक्षिक उपलब्धि वृद्धिका लागि **विद्यार्थीसँग सम्झौता** गर्ने अभ्याससमेत रहेको छ । यस्तो अभ्यासले सिकाइ उपलब्धि सुधारका लागि सहयोग पुगेको शिक्षकहरूको अनुभव छ । विद्यार्थीको नियमितताका लागि विद्यार्थीमैत्री विद्यालय वातावरण, कक्षाकार्य, परियोजना कार्य, गृहकार्य, एकाइ परीक्षा, व्यवहारिक परिवर्तन जस्ता पक्षहरू समेटेर निरन्तर मूल्याङ्कनको अभ्यास गरिएका छन् । जस्तै, सबल सामुदायिक विद्यालयले परीक्षामा तोकिएको अङ्क नल्याउने विद्यार्थीलाई पूरक परीक्षाको व्यवस्था समेत गर्ने गरेका छन् । जन नमूनामावि सुर्खेतमा शनिबार परीक्षा लिने र कालिका मानवज्ञान बुटवलमा पूरक परीक्षाको व्यवस्था उदाहरणीय एक उदाहरणीय अभ्यास हुन् ।

सबल सामुदायिक विद्यालयमा सिकाइ उपलब्धिका लागि मुख्यतः यस प्रकारका क्रियाकलाप पाइएका छन् :

- विद्यार्थीमैत्री सक्षम शिक्षक ।
- कक्षाकोठामा आइसिटीको प्रयोग ।
- प्रविधिमा आधारित सिकाइ ।
- विद्यार्थीलाई प्रश्न सोध्नका लागि शिक्षकले प्रेरित गर्ने वातावरण ।
- कक्षाकोठामा प्रशस्त शैक्षिक सामग्रीको उपलब्धता ।
- शिक्षक तालिमको व्यवस्था ।
- कक्षागत रूपमा अभिभावकसँग अन्तर्क्रिया ।
- विद्यार्थीलाई परियोजना कार्यमा जोड ।
- शिक्षक तालिमको व्यवस्था ।

## ग) भौतिक पूर्वाधार

भौतिक पूर्वाधार सबल विद्यालयका लागि एउटा आधारस्तम्भ हो। मापदण्डअनुसार विद्यार्थी संख्या अट्ने, उज्यालो, सुन्दर र सुरक्षित भवन जति आवश्यक ठानिन्छ, त्यत्ति नै सो भवन रहेको प्राङ्गण, विद्यालयको जमिन, कक्षाकोठा, फर्निचर, खानेपानीको व्यवस्था, शौचालय, पुस्तकालय, हरित बगैँचा अत्यावश्यक आधारभूत भौतिक पूर्वाधार हुन्। अझ अपाङ्गतामैत्री, बालमैत्री, सुरक्षित र समावेशी विद्यालय भवनलाई अहिलेको न्यूनतम पूर्वाधार ठानिएको छ। त्यसो त, यस्तै, विद्यालयको न्यूनतम सक्षमताको अवस्था (MEC अर्थात् Minimum Enabling Condition) मा पनि विद्यालयको भौतिक पूर्वाधारबारे उल्लेख गरिएको छ। MEC पूरा हुन २५ वटा सूचक हासिल गर्नु पर्छ।*(बालमैत्री राष्ट्रिय प्रारूप, २०६७, शिक्षा विभाग)*

शिक्षा नियमावलीले भौतिक पूर्वाधारबारे स्पष्टै तोकेको छ। 'विद्यालय खोल्नका लागि चाहिने पूर्वाधारहरू'मा कक्षाकोठाहरू नौ फिट उचाइ भएको, घाम र पानीबाट बचाऊ हुने किसिमको र पूर्व प्राथमिक तथा प्राथमिक कक्षाको क्षेत्रफल ०.७५ वर्गमिटर हुनुपर्ने व्यवस्था छ। यस्तै, निम्नमाध्यमिक र माध्यमिक तहको कक्षा १.०० वर्गमिटरभन्दा कम हुन नहुने, हावाको प्रवाह र प्रकाशको व्यवस्था साथै स्वस्थ हुनुपर्ने उल्लेख छ। यहाँ अध्ययन गरिएका विद्यालयमा १२ गुणा १४ देखि २० गुणा २४ सम्मका कक्षाकोठाहरू पाइएका छन्। *(जस्तै, शारद मावि, धनगढी, कैलाली)*

विद्यार्थी संख्याको आधारमा फर्निचर, यथेष्ट स्वस्थकर खानेपानी, छात्रछात्राका लागि अलग-अलग शौचालय, सम्पूर्ण विद्यार्थी एकैसाथ उभिन सक्ने कम्पाउण्ड हुनुपर्ने, १ विद्यार्थीबराबर कम्तिमा दुईप्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय, पूर्व प्राथमिक तहमा घरबाहिर क्रियाकलाप गर्न पुग्ने र अरू विद्यालयका लागि भलिबल खेल्न मिल्नेसम्मको खेल मैदान हुनुपर्ने हुन्छ।*(शिक्षा नियमावली २०५९, अनुसूची ३)*

यस्तै, प्रारम्भिवक बालकक्षाको हकमा कम्तिमा ५ जनाको ५ वटा स-सानो समूह र २० देखि २५ जना बालबालिकाको ठूलो समूहलाई स्वतन्त्र रूपले बस्न, चल्न, खेल्न, नाँच्न, घेरामा बसेर छलफल गर्न उपयुक्त ठाउँ हुनुपर्नेछ। सबैखाले क्षमता भएका बालबालिकाको लागि कोठा सफा, सुरक्षित, आकर्षित, र सजिलै हिँडडुल गर्न सकिने हुनुपर्नेछ। *(राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७, शिक्षा विभाग)* विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि २०७४ र दोस्रो संस्करण २०७५ मा पनि शौचालय कस्तो हुनुपर्ने, स्वच्छ खानेपानीको व्यवस्थालगायतका विषयामा प्रष्ट पारिएका छन्। यस अध्ययनमा उपर्युक्त भौतिक पूर्वाधारका साथै विद्यालयको जग्गा-जमिनको मात्रा, छात्राबास, सभा हल⁄स्वास्थ्य परीक्षण कक्ष, सूचना प्रविधि (आइसिटि) एवं विज्ञान प्रयोगशाला, पुस्तकालय, अध्ययन अनुकूलित वातावरण जस्तै, शान्त, सफा, गर्मी तथा जाडोका लागि पङ्खा⁄एसीको व्यवस्था, शैक्षिक एवं खेल सामग्रीको पर्याप्तता र स्कूल बस भए⁄नभएको बारेमा जानकारी लिइएको छ। अध्ययनमा छानिएका अधिकांश विद्यालयहरूले यसको सुनिश्चितताका लागि प्रयास गरेका छन्। सबल विद्यालयले पूर्वाधारलाई उच्च प्राथमिकतामा राखेर काम गरेका छन्।

**कालिका मानवज्ञान मावि बुटवलमा** ७,६३० जना विद्यार्थी छन् । विद्यालयको ४ बिगाहा ७ कठ्ठा ३ धुर जग्गा रहेको छ भने १७६ कक्षा कोठा रहेका छन् । २०० जना क्षमताको छात्रबास रहेको छ । त्यस्तै, कम्प्यूटर ल्याब ४ र विज्ञान प्रयोगशाला ५ वटा रहेका छन् । कम्प्यूटर ल्याबमा एसी जडान गरिएको छ । ६ वटा त स्कूल बस नै छन् । एउटा प्राथमिक स्वास्थ्य सेवाका लागि कोठा र एकजना अनमी कर्मचारीको पनि व्यवस्था गरिएको छ ।

**सुर्खेतस्थित जननमूना मावि**मा १७ हजार किताबहरू रहेको पुस्तकालय छ । त्यहाँ म्यानुअल प्रणालीअनुसार पुस्तकहरूको व्यवस्थापन गरिन्छ । यहाँ खानेपानीका लागि राम्रो व्यवस्था देखिन्छ । विद्यालयको आफ्नै बोरिङ छ । विद्यार्थीको प्रकृतिअनुसार शुद्धिकरण गरेको पानी कक्षाकोठामै उपलब्ध गराइन्छ । विद्यालयमा बालमैत्री र अपाङ्गमैत्री धाराहरू देख्न सकिन्छ ।

स्थानीय सरकारले सामुदायिक विद्यालय सुधार्न ध्यान दिन थालेका छन् । **धनुषाको आधारभूत विद्यालय किरतपुर सबैला**लाई स्थानीय सरकारले भौतिक व्यवस्थापनका लागि सक्दो सहयोग गर्दै आएको छ । सबैला नगरपालिकाले विद्यालयको घेराबार पर्खाल बनाउनका लागि गत आ.व. २०७५/०७६ मा ७ लाख, शौचालयका निम्ति आ.व.०७६/०७७ मा ७ लाख र ०७७/०७८ मा मर्मत-सम्भार र रङ्गरोगन गर्न ५ लाख रूपैयाँ निकासा गरेको थियो । यस्तै, चालू आ.व. २०७७/०७८ मा २२ वटा पंखा प्रदान गरेको छ भने छात्राहरूका निम्ति २५ सय थान सेनिटरी प्याड नगरपालिकाले उपलब्ध गराएको छ ।

पूर्वाधार विकासमा सबल विद्यालयहरूले निम्न पक्षहरूलाई प्राथमिकता दिइएको पाइयो ।

- विद्यालयको आफ्नै पर्याप्त जग्गा-जमिन ।
- पर्याप्त भवन र फराकिला कक्षाकोठा ।
- एउटा बेञ्चमा २ जना मात्रै बसेर पढ्ने वातावरण ।
- फर्निचरको राम्रो व्यवस्था ।
- पठनपाठनका लागि स्मार्ट बोर्ड तथा एलइडि स्क्रिन/मनिटर ।
- खानेपानी र छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था ।
- खेलमैदान तथा अतिरिक्त क्रियाकलाप सञ्चालन ।
- सभाहल, पुस्तकालय, 'रिडिङ कर्नर' ।
- शौचालयमा सेनेटरी प्याडको व्यवस्थापन गर्ने ।
- बगैंचा, करेशाबारी ।

पूर्वाधारका लागि जग्गा व्यवस्थापन पहिलो आधार हो । यहाँ अध्ययन गरिएका सबल सामुदायिक विद्यालयहरूको १५ आनादेखि १६ बिगाहासम्म आफ्नो जमिन भएको देखियो । काठमाडौंको पञ्चकन्या आधारभूत विद्यालय सिकाइलगायत अन्य पक्षमा अब्बल छ तर यसले जग्गा अभाव खेपिरहेको छ । खेल्नका लागि पुग्न हम्मे छ । सो विद्यालयसँग १५ आना मात्रै जग्गा छ । मोरङको

टंकेसिनुवारीस्थित नरग्राम नमूना माविको १६ बिगाहा जमिन रहेको छ। यसमध्ये ६ बिगाहा जग्गा ठेक्का कुतबालीमा छ, यसबाट वर्षमा १ लाख २० हजार रूपैयाँ विद्यालयको आन्तरिक स्रोतमा जम्मा हुन्छ। ५ बिगाहा १० कठ्ठा विद्यालयले उपभोग गरेको छ। १९ कठ्ठा जग्गा सुकुम्बासीबाट अतिक्रमणमा परेको छ। विद्यालय व्यवस्थापन समितिले बस्ती हटाउने निर्णय गरिसकेको छ। हटाउन सूचना जारी गरिसकिएको छ। यो अतिक्रमण हटाउनका लागि वडा, पालिका हुँदै मन्त्रालयसम्म बस्ती स्थानान्तरण गर्नको लागि पहल भएको छ। यहाँ रहेका १२० घर-परिवारलाई कुनै एक ठाउँमा एकीकृत बस्ती बनाएर सार्नुपर्ने हुन्छ, एक्लो विद्यालयको प्रयासमा सम्भव छैन। यो खोलाको जग्गामा कुनै उत्पादन हुनसक्ने अवस्था छैन। वर्षामा बाढी कुद्ने र हिउँदमा बालुवा भएको ठाउँ हो। राम्रो तटबन्ध निर्माण गर्न सकेमा केही जग्गा उक्सिनेछ। भौतिक निर्माण १ बिगाहा १६ कठ्ठामा छ। कृषि फर्म १ बिगाहा, बृक्षारोपण १ बिगाहा, भौतिक निर्माणका लागि नयाँ योजना बनेको १ बिगाहा १० कठ्ठामा छ। विद्यालयले उपभोग गरेको जग्गामा खेल मैदान छ। सांस्कृतिक तथा पुरातात्वि संरक्षण संबर्द्धन भवन निर्माणसहितको लागि १० कठ्ठा उपभोगमा ल्याईंदैछ ।

## घ) विद्यालयको सुशासन

शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि विद्यालयको सुशासन महत्वपूर्ण पाटोको रूपमा रहेको छ। सबल सामुदायिक विद्यालयले सुशासनलाई पनि जोड दिने गरेका छन्। *विद्यालयक्षेत्र विकास कार्यक्रम, अवधारणा, २०१६-०२२ अनुसार* विद्यालय सुशासनमा विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघमा अभिभावकको प्रतिनिधित्व, समितिको प्रभावकारी भूमिका, विद्यालयको संस्थागत क्षमता विकास, प्रधानाध्यापकको छुट्टै सेवा र उसको नेतृत्वमा सुदृढ प्रशासन, पारदर्शिता, चुस्त आर्थिक प्रणाली, सामाजिक परीक्षण, चुस्तदुरूस्त लेखा परीक्षण, प्राज्ञिक वातावरण र अभिभावक एवं समुदायको अपनत्व तथा सहभागिताबाट सुशासनका महत्वपूर्ण अवयव हुन्।

यो दस्तावेजले विद्यालय तहमा जवाफदेहिता सुनिश्चित गर्न कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानी प्रावधानको कार्यान्वयन गर्ने, विद्यालयमा प्रधानाध्यापकहरूका लागि छुट्टै सेवा करारको व्यवस्था लागू गर्ने, करारनामामा हस्ताक्षर गर्दा उनीहरूले पेश गरेका सुधार योजना तथा कार्यान्वयन गर्ने क्षमतामा विद्यार्थी उपलब्धिमा देखिने सम्भावित नतिजालाई आधार मानेको छ।

**अध्ययन गरिएका सबल विद्यालयहरुमा** सुशासनलाई उच्च प्राथमिकतामा राखिएको देखिन्छ। योजना कार्यान्वयनको प्रगतिको समीक्षा गरिएका छन्। सँगसँगै सुधारका पहलहरू पनि गरिएका छन्। विद्यालय सुधारका लागि शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र स्थानीय सरकारले समेत सामूहिक प्रयास गरेको देखियो।

सामुदायिक विद्यालयमा कार्यरत प्रअ, शिक्षक र विव्यस पदाधिकारीहरूले आफ्नै विद्यालयको पठनपाठनप्रति भरोसा मानेको देखियो। **सुर्खेतस्थित जननमूना मावि**मा विव्यस पदाधिकारी र शिक्षकले छोराछोरीलाई आफ्नै विद्यालयमा पढाउने नीतिलाई व्यवहारमै कार्यान्वयन गरिरहेका छन्। नेपालकै

नमूना एवं उदाहरणीय विद्यालय बनाउने र 'राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने' लक्ष्यलाई पूरा गरिछाड्ने अठोट सो विद्यालयका प्रअ, विव्यस पदाधिकारी, शिक्षक, अभिभावक, विद्यार्थीमा देखिन्छ। यस्तै, **धनगढीस्थित शारदा मावि**का तत्कालीन विव्यस अध्यक्ष नृप सुनारले पहिला आफ्नो छोरालाई पनि सोही विद्यालयमा पढाउन थालेपछि अरू अभिभावकहरूलाई पनि त्यहाँ पढाइ राम्रो हुन्छ भन्ने लाग्यो। अहिले विद्यार्थी भर्नाको चाप बढेको छ। *(नृप सुनारसँगको कुराकानी,* २०७८)

यस अध्ययनका क्रममा विद्यालयले मूलतः पारदर्शितालाई जोड दिएको, जसमा खर्च विवरण, अभिलेखीकरण, सार्वजनिकीकरण गरिएका प्रमाण, जवाफदेहितालाई अनुशरण गरी सुधार गर्दै गएको पाइयो। पारदर्शिताका लागि विद्यालय व्यवस्थापन समितिका सदस्यको संयोजकत्वमा विभिन्न उपसमिति गठन गरी पारदर्शि ढङ्बाट विद्यालयका गतिविधि सञ्चालन गरिएका छन्। जस्तै, खरिद उपसमिति, निर्माण उपसमिति, खेलकुद उपसमिति, सामाजिक समन्वय उपसमिति, बस सञ्चालन उपसमितिसम्म बनाएर काम गरिएको देखिन्छ। *(जननमूना मावि, वीरेन्द्रनगर, सुर्खेतको अभ्यास।)*

त्यसो त, समुदायका अभिभावकहरूको सहभागितालाई सबल र सफल सामुदायिक विद्यालयहरूले खास जोड दिएका छन्। **मोरङको नरग्राम नमूना मावि**का शिक्षक-अभिभावक संघ (पीटीए)का अध्यक्षको बुझाइमा विद्यालय र समुदायको समन्वयमै शैक्षिक प्रगति हुन सकेको छ। शिक्षक-अभिभावक संघका अध्यक्षको संयोजकत्वमै सार्वजनिक लेखा परीक्षण हुन्छ। विद्यालयका हरेक योजनामा सक्रिय सहभागिता हुने गरेको छ। प्रत्येक प्रतिवेदन विद्यालयको सुधारका लागि हुने भएकाले कतिपय योजना तथा कार्ययोजनाहरू विवादास्पद पनि हुनसक्ने हुँदा अध्ययन गरेर मात्र बैठक र भेलाहरूबाट अनुमोदन गरिन्छ। हरेक निर्णय र नीतिगत रूपमा शिक्षक-अभिभावक संघका पदाधिकारीलाई नियमित सहभागी गराईंदै आएको छ।*(शिक्षक-अभिभावक संघका अध्यक्ष होमनाथ तिमल्सिनासित गरिएको कुराकानी। जेठ, २०७८)*

**काठमाडौंको पञ्चकन्या आवि**को हरेक बिलमा प्रअ, सहायक प्रअ र लेखाको अनिवार्य हस्ताक्षर रहन्छ। कुनै पनि खर्च नगदबाट गरिँदैन। सबै चेकमार्फत् हुने गरेको छ।

मूलतः सुशासनका निम्न मुख्य अभ्यासहरू सातवटै विद्यालयहरूमा देखिए :

- शिक्षक, विद्यार्थी, अभिभावकका लागि छुट्टाछुट्टै आचारसंहिता।
- विद्यालयको हरेक कार्यक्रममा वडाको सहभागिता।
- विद्यालयका सामग्री खरिद गर्दा खरिद समिति गठन ।
- चेकमार्फत् आर्थिक कारोबार।
- समयमै लेखा परीक्षण र सामाजिक परीक्षण तथा सो परीक्षणबाट आएका नतिजाहरूमा क्रमिक सुधार।
- उजूरी-पेटिका र गुनासो सुनुवाइ व्यवस्था।

- शिक्षक समयमा कक्षाकोठामा गए⁄नगएको रेकर्डका लागि विद्यार्थीलाई लगबुक उपलब्धता।

उपर्युक्त अभ्यासका साथै छात्रवृत्ति रकम र अनुदानको वितरण उचित तरिकाले गरिएको पाइयो। लेखा परीक्षण, लेखा परीक्षकका सुझाबहरूको कार्यान्वयन, सामाजिक परीक्षणको विधि, प्रक्रिया र आवश्यकताको सुनिश्चितताप्रति विद्यालयहरू संवेदनशील देखिए। त्यसलाई उच्च प्राथमिकताका साथ लागू गरेको पाइयो। त्यसैगरी, विद्यार्थीबीचको जातिय तथा अन्य विभेद हटाउने, कक्षा शिक्षकलाई समष्टिगत कार्यको सम्पूर्ण जिम्मेवारी दिने, आवश्यक शैक्षिक सामग्रीको सुनिश्चित गरिएको छ। रूपन्देही बुटवलस्थित कालिका मानवज्ञान माविमा शिक्षकको कार्यसम्पादनलाई सन्तोषजनक लिइएको देखिन्छ। शिक्षक-कर्मचारीलाई उत्प्रेरित गर्न योग्यताअनुसारको काम र कामअनुसार तलब, पुरस्कारबाट प्रोत्साहित गरिएको छ। कक्षागत इन्चार्ज, बिषयगत समिति गठन गरी क्रियाशील बनाइएको छ।

विद्यालय व्यवस्थापन समितिका निर्णय प्रक्रिया तथा निर्णय पुस्तिकाहरू व्यवस्थित राखिएका छन्। विव्यस पदाधिकारीहरूको सक्रियता दैनिकजसो देख्न पाइन्छ। प्रअसँग शिक्षकले र प्रअले स्थानीय सरकारसँग कार्यसम्पादन सम्झौता गरेका छन्। तथ्याङ्कको चुस्त अभिलेखीकरण, दस्तावेज⁄वार्षिक प्रतिवेदन निर्माण, विद्यालय सञ्चालन शैली अथवा निर्देशिकाहरू पनि बनाइएका छन्। विद्यार्थी, शिक्षक आचारसंहिता, नागरिक बडापत्र बनाउने र त्यसको कार्यान्वयनप्रतिको प्रतिबद्धता पनि व्यवहारमा उतारिएको पाइयो। यस्तै, विद्यार्थीलाई शिक्षकले र शिक्षकलाई विद्यार्थीले, समुदायले विद्यालयलाई र समुदायलाई शिक्षक-विद्यार्थीले गर्ने व्यवहारलाई आचारसंहितामा उल्लेख गरिएका छन्। तिनको पालना गरिएका छन्। विद्यार्थीले सबल सामुदायिक विद्यालयमा शिक्षकको राम्रो व्यवहार अनुभव गरेका छन्। सबै शिक्षकहरू मिजासिला छन्। विद्यार्थीलाई सजाय दिँदैनन्। विद्यालय समयमा बाहिर जानुपरेमा विना जानकारी वा विना अनुमति कसैलाई पनि छुट हुन्न। त्यसैले पनि **विद्यार्थीले विद्यालयलाई घरभन्दा पनि बढी सुरक्षित ठानेका** छन् । किताबी ज्ञानसँगै व्यवहारिक सीप पनि दिने रहेछन्। *(जननमूना मावि सुर्खेतमा कक्षा १२ मा अध्ययनरत अपुर्वा पौडेलसँगको कुराकानी, जेठ २०७८)*

छात्र-छात्रा, दलित, 'सानो-ठूलो', तेस्रो लिङ्गी र अपाङ्गता भएकालाई हेर्ने दृष्टिकोणमा ख्याल पुऱ्याइएको छ। साथै, छुवाछुत, विभेदकारी व्यवहार नगर्न सचेत बनेको देखियो। विद्यालयमा जातिय, लैङ्गिक वा अन्य कुनै पनि किसिमको भेदभाव हटाउनका लागि सचेतना, घुलमिल र आवश्यक कार्यक्रम गरिएका छन्। जसले गर्दा कुरीतिको रूपमा रहेका विभेद हटाउन सकिएको छ। यदि कसैले कसैलाई विभेद र दुर्व्यवहार गरेको भए गोप्य रूपमा जानकारी पाउन विद्यालयमा उजूरीपेटिकाको व्यवस्था गरिएका छन्। विद्यालयको सुशासनलाई सुनिश्चित गर्न प्रधानाध्यापकको नेतृत्वदायी भूमिका हुने गर्छ। यहाँ अध्ययन गरिएका प्रायः सबै विद्यालयहरूको साझा अनुभव पनि यही छ। प्रअले विद्यालयमा कति समय दिने गर्छन् र कार्यसम्पादन कसरी गर्छन् भन्ने पक्ष महत्वपूर्ण देखिन्छ। **गण्डकी प्रदेशको कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका-२ स्थित माछापुच्छ्रे माविका**

**प्रअ**ले दैनिक १२ घण्टा र **मोरङको नरग्राम नमूना माविका प्रअ**ले दैनिक प्रायः ११ घण्टा समय दिने गरेका छन्। बिहान ६ बजेदेखि साँझ ५ बजेसम्म नियमित समय दिएको देखिन्छ।

यो सन्दर्भमा काठमाडौं बालुवाटारस्थित पञ्चकन्या विद्यालयको अभ्यास मननयोग्य छ। प्रधानाध्यापक **विनिता रञ्जित**को भनाइ यस्तो छ- *'मैले प्रधानाध्यापकको जिम्मेवारी लिएपश्चात् विद्यालय राम्रो बनाउन पहिलो, हरेक काममा पारदर्शिता अपनाएँ। दोस्रो, सबै कामको जिम्मेवारी बाँडफाँड गरेँ। तेस्रो, मैले समूहकार्यमा जोड दिएँ। चौथो , समुदायसँगको समन्वयलाई जोड दिएँ। विद्यालयलाई नमूना बनाउनका लागि हातेमालो गर्न आह्वान गरियो। फलतः जुन समुदायले हिजोको दिनमा यहाँबाट विद्यालय हटाउनु पर्छ भने उनीहरूले नै आज यही विद्यालयलाई मावि बनाउनु पर्छ भन्ने दबाब दिइरहने अवस्था बन्यो। विद्यालयमा सुशासनको सुधारका लागि शिक्षकहरूलाई उत्तरदायी बनाइएको छ। विद्यालयको नीति-नियम र अनुशासनको पालनामा जोड दिइएको छ। विभेदरहित वातावरण निर्माण गरिएको छ। अभिभावकहरूसँग बेला-बेलामा अन्तर्क्रिया र छलफल गर्ने गरिएको छ। यस्तो छलफलमा विद्यालयमा विद्यालयले गरेका उपलब्धि, सिकाइ, अनुभव र चुनौतीलाई पारदर्शी ढंगले प्रस्तुत गरिन्छ र उहाँहरूबाट आवश्यक सुझावहरू लिने गरिन्छ। यस्तो अभ्यासले विद्यालयको सुशासन बलियो बनाउन सहयोग पुगेको छ।'* (कुराकानी, जेठ, २०७८)।

## ङ) नवप्रवर्तन (नवीन अभ्यास)

सबल विद्यालयहरूले सिकाइमा नयाँ, शिक्षणमा नवीनता, अभ्यासमा नौलोपन र अरूले भन्दा भिन्नै शैली अपनाएर विद्यालयलाई स्तरीय बनाउनका लागि पनि सबल विद्यालयहरू लागीपरेका छन्। सबै शिक्षकहरुलाई ल्यापटप उपलब्ध गराएर सूचना प्रविधिको उच्चतम प्रयोगमार्फत् अध्यापनतर्फ जोड दिनेदेखि विषयगत शिक्षकद्वारा शैक्षिक उपलब्धि वृद्धिका लागि प्रअसँग सम्झौता गर्नेसम्मका अभ्यासहरू सामुदायिक विद्यालयहरूमा भएका छन्। विद्यालयमा संग्रहालय निर्माणको योजना, नियमित रूपमा अभिभावक भेला, विद्यालय र विद्यार्थीहरूको अध्ययनबारे जोडिएका विभिन्न सवालमा अभिभावकलाई अभिमुखीकरण गर्ने लगायतका कामहरू पनि सबल विद्यालयहरूले गरेका छन्। विज्ञान, गणितलगायतका विषयगत शैक्षिक सामग्री र हस्तकला प्रदर्शनी जस्ता गतिविधिहरू सबल सामुदायिक विद्यालयमा भएका छन्। कास्कीको माछापुच्छ्रे माविले नवप्रवर्तनलाई विशेष जोड दिएको छ। यो विद्यालयले आयोजना गर्ने शैक्षिक प्रदर्शनीमा अरू विद्यालयका विद्यार्थी-शिक्षकहरू पनि अवलोकन गर्न आउँछन्। विद्यार्थीहरू नवीन ज्ञान र जीवनलाई काम लाग्ने सीपका लागि पोख्त छन्। विज्ञानका थुप्रै सूत्रहरू प्रकाश, बल, पिण्ड र चाप पनि प्रयोगात्मक विधिबाटै सिकेका छन्। महिनावारी हुँदा चाहिने सेनेटरी प्याड विद्यार्थी आफैं बनाउन सक्छन्। प्रधानाध्यापक सन्तोष आचार्यको भनाइमा नवप्रवर्तन तथा नवीन अभ्यासका लागि विद्यालयले निकै प्रयास गरिरहेको छ।

यो विद्यालयमा अंग्रेजी भाषालाई सरल र दिगो बनाउनका लागि विद्यार्थीहरूबाटै कठिन अंग्रेजी शब्दावलीहरूको अंग्रेजी-नेपाली-अंग्रेजी (सुल्टो उल्टो अर्थसहित) पुस्तक प्रकाशन गरिएको छ। यो पुस्तक अन्य विद्यालयहरूले पनि प्रयोग गरिरहेका छन्। कोभिड-१९ को महामारीमा कक्षा नर्सरीदेखि

कक्षा १० सम्मका लागि '९० दिने स्वाध्ययन अभ्यास सामग्री' निर्माण गरी वितरण गरिएको छ । यो सामग्रीलाई हाल नेपालभरका २७ स्थानीय तहका १ लाख २० हजार विद्यार्थीहरूले प्रयोगमा ल्याएका छन् । यस्तै जन्मदिनलाई विपन्न विद्यार्थी तथा विद्यालयलाई सहयोग गर्ने अवसरको रूपमा प्रयोग गर्न 'जन्मदिन कोष' बनाइएको छ, जसमा विद्यार्थी तथा शिक्षकहरूले आफ्नो जन्मदिनमा स्वेच्छिक दान दिने गर्छन् र त्यो रकमले आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई टोपी, मोजा, चप्पलदेखि सेनिटरी प्याड किनिदिने गरिएको छ। साथै, विद्यालयको गमला, बगैंचा आदि व्यवस्थापनमा पनि खर्च गर्ने गरिएको छ । *(प्रअसँगको कुराकानी, २०७८ जेठ)*

- नवप्रवर्तनले सिर्जनात्मक सिकाइलाई नै प्रभावकारी बनाउने किसिमका कामहरू भएका छन्। एक विद्यालयको कार्यले अर्को विद्यालयले सिक्ने अवसर पाएको छ। सबल विद्यालयमा देखिएका केही महत्वपूर्ण नवीन कार्यहरू यस्ता रहेका छन् :
- शिक्षक र प्राथमिक तहका विद्यार्थीद्वारा दशैं, तिहार, ल्होसार, फागु पूर्णिमा, रक्षा बन्धन, धान रोपाइँ विद्यालयमा एकैसाथ मनाउने अभ्यास। *(माछापुच्छ्रे मावि, कास्की)*
- विद्यार्थी-विद्यार्थीबीच उत्तरपुस्तिका साटासाट गरी सिकाईलाई प्रभावकारी र दीगो बनाउने कार्यको थालनी। *(कालिका मानवज्ञान मावि, बुटवल, रूपन्देही)*
- विद्यालय व्यवस्थापन समितिको बैठकमा बालक्लब र छात्रा सञ्जालका अध्यक्षको सहभागिता।
- विद्यालयमा शैक्षिक सामग्रीसँगै सेनेटरी प्याड, खेलकुद र स्मार्ट बोर्ड, एलइडिलगायतका सामग्रीको सुनिश्चितताका लागि गरिएका प्रयास।
- बालक्लब र छात्रा सञ्जाल गठन।
- बालमैत्री विद्यालय घोषणा।

यीबाहेक पनि विद्यार्थीकेन्द्रित सिकाइ वातावरण, व्यवहारिक तथा नैतिक शिक्षा, पारदर्शी व्यवस्थापन, समुदायको चासो, विश्वास एवं सहयोग, उत्कृष्ट शिक्षण सिकाइ र उपलब्धि, विद्यार्थीहरूका लागि दिवाखाजा, छात्रवृत्तिलगायतका विभिन्न अतिरिक्त सुविधालगायतले विद्यालयलाई साँच्चै सबल बनाउन मद्दत गरेको देखिन्छ।

## विद्यालयहरुमा आर्थिक जोहो र व्यवस्थापनको उदाहरण

**सुर्खेतको जननमूना मावि**मा आ.व. २०७६/०७७ मा १० करोड ५० लाख रूपैयाँ वार्षीक बजेट रहेको थियो। विद्यालयको आम्दानीको ७५ प्रतिशत विद्यार्थीको शैक्षिक गतिविधिमा लगानी गरिएको छ। २५ प्रतिशत मात्र भौतिक निर्माण र अन्यमा खर्च गरिएको छ। अरू निकायबाट खासै उल्लेखनीय सहयोग नभएतापनि विद्यालयको आन्तरिक स्रोत पसल, भाडा र अभिभावक सहयोगबाट स्रोत जुटाइने गरिएको छ।

**कास्कीको माछापुच्छ्रे मावि**मा आ.व. २०७६/०७७ मा वार्षिक रू. २९४९३३२३.३१ आम्दानी भयो। जसमा सरकारी अनुदान १२४७११९२.५० रहेको देखियो भने चन्दालगायत अन्य स्रोतबाट १७०२२,१३०.८१ आम्दानी भएको देखिन्छ। अभिभावकबाट उठाइएको चन्दा नै रू. ७०२२,१३०.८१ उठेको थियो। यहाँ सरकारी अनुदानभन्दा विद्यालयको पहलमा अन्य स्रोतबाट उठेको रकम बढी देखिन्छ। विद्यालय सबल हुँदा स्रोत पनि जुटाउन सक्दो रहेछ भन्ने यसबाट प्रष्ट हुन्छ।

**रुपन्देहीको बुटवल कालिकानगरस्थित कालिका मानवज्ञान मावि**मा शिक्षक तथा कर्मचारी तलबमा मात्र १२ करोड ४१ लाख ५५ हजार ४७ खर्च हुने गर्छ। यो विद्यालयमा आठ करोड ४७ लाख ५४ हजार ७ सय ७४ रूपैयाँ त निजी स्रोतमा रहेका शिक्षक-कर्मचारीका लागि खर्च हुन्छ। यो विद्यालयका शिक्षकलाई मात्रै अनुदान दिनका लागि बुटवल उपमहानगरपालिकाले छुट्याएको ३ वर्षको बजेटले पनि पुग्दैन। बुटवल उपमहानगरपालिकाले खर्च गरेको शिक्षाको बजेट हेर्ने हो भने ५ वर्ष पर्खँदा पनि नपुग्ने देखिन्छ। उपमहानगरले शिक्षामा गत आ.व. २०७७/०७८ मा नगर स्रोतबाट २ करोड ३३ लाख ९० हजार छुट्याएको थियो। *(कृष्ण मल्ल, आ.व. २०७७/७८को बजेट तथा कार्यक्रम, बुटवल उपमहानगरपालिका ।)*

धेरै संख्यामा विद्यार्थी रहेका विद्यालयहरूले तिनको चुस्त व्यवस्थापनका लागि ध्यान दिएको पाइन्छ। शिशु कक्षा, पूर्व प्राथमिकदेखि माध्यमिक तहसम्मलाई व्यवस्थित बनाउन '**कक्षागत इन्चार्ज**' राखिएका छन्। इन्चार्जलाई जनही रू. २ हजार मासिक भत्ताको पनि व्यवस्था गरिएको छ। शिक्षक, कर्मचारीका सन्ततिहरूले कालिका मानवज्ञान माविमै पढ्नुपर्ने प्रावधान लागू छ। शिक्षक छनौट पूर्ण प्रतिस्पर्धाबाट गरिने गरिएको देखिन्छ।

कालिका मानवज्ञान मावि बुटवलमा विद्यालय स्रोतबाट तलब खाने शिक्षक, कर्मचारीलाई नेपाल सरकारले तोकेको तलब स्केलअनुसारको सेवा-सुविधा प्रदान गरिएको छ। एक वर्षपछि विद्यालय स्रोतका शिक्षक-कर्मचारीका लागि तलब स्केलको ९ प्रतिशत अतिरिक्त खाजा खर्च र कर्मचारी संचय कोषको व्यवस्था छ।

# केही रोचक तथ्य

- **रुपन्देहीको बुटवल उपमहानगरपालिकास्थित कालिका मानवज्ञान मावि**मा ७,६३० विद्यार्थी छन् जहाँ शिक्षक संख्या २९७ जनामध्ये पुरूष शिक्षक १०२ र महिला शिक्षक १९५ जना छन् । जसमध्ये विद्यालय स्रोत (निजी स्रोत)का शिक्षकको संख्या २३५ जना रहेको छ ।

- शिक्षक तथा कर्मचारी तलबमा मात्र १२ करोड ४१ लाख ५५ हजार ४७ खर्च हुने यो विद्यालयमा आठ करोड ४७ लाख ५४ हजार ७ सय ७४ रूपैयाँ त निजी स्रोतमा रहेका शिक्षक-कर्मचारीका लागि खर्च हुन्छ ।

- नेपाली र अंग्रेजी दुबै भाषालाई पढाइ माध्यम बनाइएको छ । अंग्रेजीको आकर्षणले कक्षा पाँचमा नेपाली माध्यममा पढ्ने विद्यार्थी संख्या शून्य अवस्थामा रहेको छ ।

- - विभिन्न शीर्षकमा ४८ जना शिक्षाप्रेमीहरूबाट प्राप्त ९२९,९९० रूपियाँको अक्षयकोष स्थापना गरिएको छ ।

- प्राविधिकतर्फ कम्प्यूटर इञ्जिनियरिङमा २०७१, ०७२, ०७३ र ०७७ सालमा नेपाल प्रथम भई राष्ट्रिय ध्वजा प्राप्त गरेको छ ।

- विद्यालयले लिने मासिक परीक्षा, परियोजना कार्य, अभ्यास कार्यको उत्तरपुस्तिका कहिलेकाहीँ विद्यार्थी-विद्यार्थी बीचमै साटासाट गरी जाँच्ने गरिएको छ । यसरी उत्तरपुस्तिका साटासाट गरी चेकजाँच गर्न कक्षा ४ देखि ९ सम्मका विद्यार्थीलाई दिने गरेकको छ ।

- **कास्कीको माछापुच्छ्रे गाउँपालिका भुर्जुङखोलास्थित माछापुच्छ्रे मावि प्रअ** बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म विद्यालयमै खटिने गर्छन् । विदाको दिनमा पनि विद्यालयमै रहने गर्छन् ।

- प्रथम तथा द्वितीय त्रैमासिक परीक्षामा कक्षा नर्सरीदेखि कक्षा ५ सम्ममा ९० प्रतिशतभन्दा उच्चतम र कक्षा ६ देखि १० मा **८० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थीलाई जनही रु. १०० का दरले प्रोत्साहन पुरस्कार** दिने व्यवस्था विद्यालयले गरेको छ ।

- अतिरिक्त क्रियाकलाप तथा प्रत्येक कक्षाका प्रथम, द्वितीय र तृतीय स्थान ओगट्नेलाई नियमित पुरस्कार त यसै पनि नियमित प्रदान गरिँदै आएको छ ।

- **मोरङको बुढीगंगा-१ स्थित नरग्राम नमूना मावि**ले ४२ जना शिक्षकलाई ल्याप टप दिएको छ ।

- कृषि प्राविधिक विषय थपिएको यो विद्यालयले आफ्नो १६ बिगाहा जमिनमध्ये ४ बिगाहमा **कृषि प्रयोगशाला** बनाउने योजना बनाएको छ ।

- **धनुषाको सवैला नगरपालिका-१३ स्थित श्री आधारभूत विद्यालय किरतपुर**मा नियमित आउने राम्रो पढाउने शिक्षकलाई रिचार्ज कार्ड दिने र दोसल्ला ओढाएर सम्मान गर्ने गरिएको छ ।

- **सुर्खेतको वीरेन्द्रनगरस्थित जननमूना माविमा** २०७१ सालभन्दा अघि विद्यालयमा दलित, जनजाति, आर्थिक रूपमा विपन्न विद्यार्थी अध्ययन गर्थे । त्यसबेला सिकाइ उपलब्धि ४४ मात्र थियो । विद्यालयमा प्रअले विद्यार्थी परिचालन गरी अभिभावकको मन जित्न विभिन्न क्रियाकलाप गरियो । अहिले औषत सिकाइ उपलब्धि ७४ प्रतिशत छ । **प्रअले आफ्ना छोरालाई यही विद्यालयमा पढाएपछि** समुदायको सोचाइ पनि सकरात्मक बन्यो । अभिभावकसँगको नियमित सहकार्य बढ्दै गयो र अहिले सबैको आकर्षण केन्द्र बनेको छ ।

- विभिन्न बिदा, बन्द-हड्तालमा पनि जननमूना मावि विद्यालय बन्द गर्ने गरिएको छैन । तीन-तीन महिनामा सबै अभिभावक बोलाई छलफल गर्ने गरिएको छ ।

- **कैलालीको धनगढी उपमहानरपालिका-२ बैयाबेहडीस्थित श्री शारदा मावि**ले सरकारले दिनुभन्दा ४ वर्षअघिदेखि नै **छात्राहरुलाई स्यानिटरी प्याड** वितरण गर्दै आएको थियो । शिक्षकहरूले नै रकम संकलन गरेर स्यानिटरी प्याड वितरण गर्दै आएका थिए । गत वर्षदेखि मात्रै सरकारले सेनेटरी प्याड दिन थालेको हो ।

- यो विद्यालयमा शिक्षक-विद्यार्थी कल्याण कोषबाट १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति दिने गरिएको छ । हरेक विषयगत शिक्षकले कक्षा प्रथम हुने विद्यार्थीलाई अनिवार्य रूपमा कुनै न कुनै पुरस्कार दिने गर्छन् ।

## ३.२. रिक्तता र चुनौती

प्रधानाध्यापकलाई स्वतन्त्र निर्णय लिने अधिकार दिएमा र स्थानीय तह र तालुकदार निकायले विद्यालयको आवश्यकता पहिचान गरी त्यहीअनुरूप कार्य गरेमा लक्ष्य पूरा गर्न सहज हुनेछ। यस्तै, अनावश्यक हस्तक्षेप र निर्णय थोपर्ने प्रवृत्ति देखिन्छ। विद्यालयलाई आवश्यक बजेटको व्यवस्था गर्न अफ्ठ्यारो भएको र कतिपय अवस्थामा दक्ष जनशक्तिको अभाव भएको पाइएको छ। यसका लागि प्रनाधाध्यापकलाई थप अधिकारसम्पन्न बनाउनुपर्ने र उनीहरूको नेतृत्व क्षमता विकासमा लगानी गर्नुपर्ने देखिएको छ। सबल विद्यालयहरूबीचको अनुभव र सिकाइ आदानप्रदान गर्ने र सो सिकाइलाई अन्य कमजोर विद्यालयसँग जोड्न सकिएको छैन। यसो गरेमा कमजोर विद्यालयले पनि आफूलाई सुधार गर्ने मौका पाउने देखिएको छ। यसमा प्रायः सबै विद्यालयको सहमतपूर्ण भनाइ छ।

केही विद्यालयले जिल्ला बालक्लब सञ्जालको आयोजनामा बालमैत्री विद्यालय घोषणा गर्ने, विद्यालय हाता वरिपरिको वातावरणीय सरसफाई, फोहरमैला, खानेपानी, शौचालय व्यवस्थापन तथा हरियाली प्रबर्द्धन गरी सफा, स्वच्छ राखेबापत् विभिन्न पुरस्कारहरू पनि पाएका छन्। यस किसिमको पुरस्कारको व्यवस्था सबै स्थानीय तहमा गरियो भने यसले सबल विद्यालय बनाउन प्रेरित गर्न सक्छ। जस्तै, काठमाडौंको पञ्चकन्या विद्यालयले वि.सं. २०७५ सालमा काठमाडौं महानगरपालिका शिक्षा विभागबाट आधारभूत तहको उत्कृष्ट विद्यालय भनेर ताम्रपत्रसहित रु. ५०,००० (पचास हजार) पुरस्कार पाएको थियो। त्यो पुरस्कारले विद्यालयलाई अझ सबल बनाउन प्रेरित गरेको विद्यालय परिवारको भनाइ छ।

भौतिक पूर्वाधारको व्यवस्था भएपनि कतिपय स्थानमा स्रोतको दीर्घकालीन र किफायती परिचालनका दृष्टिले केही रिक्तता रहेको देखिन्छ। यसो हुनुको मूल कारण भनेको पूर्वाधार विकासको योजना विना काम हुनु हो।

## ३.३. सिफारिशहरु

- विद्यालयको अध्ययनका लागि आधार मानिएका पाँचवटा सूचकहरू (विद्यालय सुधार योजना, सुशासन, भौतिक पूर्वाधार, पठनपाठन तथा सिकाइ उपलब्धि र नवप्रवर्तन)को प्रभावकारी कार्यान्वयन गर्न सकिएमा सामुदायिक विद्यालयलाई सबल र सक्षम विद्यालय बनाउन सकिन्छ। तर, यी सूचकहरूलाई अझ व्यवहारिक बनाउनका लागि प्रयास गर्नु पर्छ।
- विद्यालय सुधार योजनाको निर्माण मूल्याङ्कन वा औपचारिकताका लागि भन्दा पनि यसलाई व्यवहारिक बनाउनका निम्ति हुनु पर्छ। यसको कार्यान्वयनका लागि कार्ययोजना आवश्यक छ। हरेक विद्यालयमा **संक्षिप्त कार्ययोजना**लाई नागरिक बडापत्र जस्तै सबैले

देख्नेगरी राखिएमा यसको कार्यान्वयन प्रभावकारी हुन्छ र यसले नतिजा पनि राम्रो दिन्छ ।

- विद्यालयमा धेरै भौतिक पूर्वाधार बनेका हुन्छन् । तर, तिनीहरूको एकीकृत योजना दीर्घकालीन सोंचका साथ बनाउनुपर्ने देखिन्छ । यो गर्न नसक्दा कतिपय अवस्थामा स्रोतको समुचित परिचालन र सदुपयोग गर्न सकिएको छैन । जुनसुकै संस्था वा सरकार वा निकायबाट आएको स्रोतलाई दीर्घकालीन रूपमा प्रयोग गर्नेगरी विद्यालय भवन, शौचालय, खेल मैदान, प्रयोगशालालगायतका भौतिक पूर्वाधारको **एकीकृत योजना**लाई अनिवार्य गर्नु पर्छ ।
- विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि आएको **स्रोत र भएका प्रगतिलाई राष्ट्रियस्तरको डाटाबेस** बनाई देशभरका विद्यालयलाई एउटै प्रणालीभित्र आबद्ध गर्नका लागि काम गर्नु पर्छ ।
- विद्यालयको भवन, रङ्, छानालगायतमा एकरूपता कायम गर्नका लागि हिमाल, पहाड र तराईलाई उपयुक्त हुने नमूना भवनहरू दिएर अबका विद्यालय भवन सोही आधारमा तयार गरिनु पर्छ ।
- भौतिक पूर्वाधारलाई **समावेशी पूर्वाधार**को रूपमा निर्माण गर्नु पर्छ ।
- विद्यार्थीको सहज पहुँच हुनेगरी छुट्टाछुट्टै प्रयोगशाला र पुस्तकालायलाई प्राथमिकता दिनु पर्छ ।
- विद्यालय र विद्यार्थीको सबै गतिविधिमा अभिभावकको पहुँच, सहभागिता, पारदर्शिता, जवाफदेहिताको सुनिश्चितता गर्न सके विद्यालयप्रतिको सामूहिक विश्वास बढ्छ र यसैले विद्यालयलाई सबल बनाउन मद्दत गर्ने भएकाले यस्ता क्रियाकलापलाई विशेष जोड दिनु पर्छ ।
- आवश्यकता अनुसार बहुभाषा शिक्षण पद्धतिलाई प्रोत्साहन गर्नुपर्छ । यसले समावेशी शिक्षण र सिकाइलाई निकै मद्दत गर्छ ।
- असहाय, अभिभावकबिहीन, विपन्न, विशेष प्रतिभावान र लक्षित समूहका बालबालिकाका लागि **छात्रावास**को व्यवस्था गर्नु पर्छ ।
- सबल र सक्षम विद्यालय बनाउन निर्णय प्रक्रियामा **प्रधानाध्यापकलाई थप अधिकार**हरू दिनुपर्छ र उनीहरूको **नेतृत्व विकासका लागि लगानी** पनि बढाउनु पर्छ ।
- विद्यार्थीमा रहेका विविध प्रतिभाको पहिचान गर्न र नवीन कामहरू गराउन पालिकाको समन्वयमा प्रत्येक विद्यालयमा एउटा छुट्टै ...**नवप्रवर्तन इकाई**Ú स्थापना गरिनु पर्छ ।
- विद्यार्थी संख्या धेरै भएका र व्यवस्थापनमा चुस्त विद्यालयहरूको व्यवस्थापकीय क्षमताको ज्ञान लिन र बुझ्न एक सफ्टवेर सिर्जना गरी **अनलाइन सूचना आदानप्रदान सञ्जाल डेस्क** बनाउन जरूरी छ ।

- यो अध्ययन नमूना छनौट र क्षेत्रगत हिसाबले सीमित अध्ययन हो। यसले केही महत्वपूर्ण तथ्यहरूलाई उजागर गरेको छ। सबल सामुदायिक विद्यालयको अभ्यासलाई राष्ट्रिय चित्रमा उतार्नेगरी अझ **व्यापक र बृहत्तर सूचकका साथ प्रादेशिक र राष्ट्रिय तहको अध्ययन गर्नु** आवश्यक छ। यस किसिमको अध्ययनले देशभरका कमजोर सामुदायिक विद्यालयलाई सबल बनाउन व्यवहारिक आधार दिन सक्छ।
- माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको जिम्मामा भएकाले हरेक स्थानीय सरकारले हरेक वर्ष **सामुदायिक विद्यालय सबलीकरण के कसरी गर्ने भन्ने सम्बन्धमा विशेष अध्ययन/सर्वेक्षण र सत्यापन गर्नुपर्ने** देखिन्छ। यसका लागि संघीय तहबाट आवश्यक आर्थिक एवं प्राविधिक सहयोगको सुनिश्चितता गर्नु वाञ्छनीय हुन्छ।
- माध्यमिक विद्यालयभित्रको आधारभूत तह र भिन्नै विद्यालयका रूपमा रहेका **आधारभूत विद्यालयको सञ्चालन तथा व्यवस्थापन प्रक्रियामा हुनसक्ने भिन्नता तथा समानता**का सम्बन्धमा पनि अध्ययन गर्न आवश्यक देखिन्छ।
- अति सीमान्तकृत समुदायका बालबालिकाको पहिचान गरी तिनलाई विद्यालयको पहुँचमा ल्याउन सामुदायिक विद्यालय र स्थानीय तहको एक संयुक्त **कार्यसमूह** (Action Team) बन्नु पर्छ।

*अनुसूची-१*

# विद्यालयबारे संक्षिप्त जानकारी (प्रोफाइल तथा 'स्टोरी')

**प्रदेश १**

**नरग्राम मावि नमूना हुनुको दुई तथ्यः शिक्षकलाई ल्यापटप वितरण र आमाहरुलाई कम्प्युटर तालिम**



मोरङ जिल्लाको बुढिगङ्गा गाउँपालिका वडा नम्बर-१ टङ्गीमा रहेको नरग्राम नमूना माध्यमिक विद्यालयमा एक हजार ७१९ बालबालिका पढ्छन्। यी बालबालिकाका लागि पढाउने शिक्षकहरूलाई पनि प्रविधिमा अब्बल बनाउन 'एक शिक्षक एक ल्यापटप' अभियानले कोरोना तथा लकडाउनका बेलामा पनि घरमै बसेर पढाउन सहज बनाइदिएको छ।



एक शिक्षक एक ल्यापटपअन्तर्गत ४२ जना शिक्षकलाई ल्यापटप वितरण गरिएको छ। यसलाई विद्यालयले 'अभूतपूर्व नमूना काम' भएको बताएको छ। मावि नेपाली शिक्षक लक्ष्मी आचार्यले ल्यापटपको प्रयोग विद्यालयको काममा हुनेगरेको बताउनुभयो। विद्यार्थीलाई पढाउन स्लाइड बनाउने, प्रस्तुति गर्ने र विद्यालय बन्द भएको बेलामा पनि पढाउने विषयको श्रव्यदृश्य सामग्री खोजी गर्नका लागि पनि ल्यापटप सजिलो अनि उपयोगी भएको सुनाउनुभयो।

विद्यालयले ल्यापटपसँगै शिक्षकहरूलाई तालिम पनि दिएको थियो। तालिमले आइसिटिमा शिक्षकलाई अभ्यस्त बनाउन मद्दत गरेको छ। पुरानो शैलीबाट हुने शिक्षण सिकाइ समयअनुसार परिमार्जित हुँदै गएको अंग्रेजी शिक्षक वीरेन्द्र यादवको अनुभव छ।

हरेक शिक्षक शिक्षण सामग्री ल्यापटपमा बनाएर प्रोजेक्टरमार्फत् प्रस्तुत गर्ने गर्छन्। धेरै पाठहरू स्लाइडमा तयार गरेर पढाइन्छ। पाठका आधारमा विषयवस्तुअनुसार भिडियोहरू पनि देखाइने गरिएको छ। 'बालमैत्री तरिकाबाट पढाउन प्रोजेक्टर र ल्यापटप राम्रो माध्यम रहेछ,' यादवको बुझाइ छ, 'इन्टरनेटको पहुँचमा भएका विद्यार्थीलाई लकडाउनका बेला घरैबाट पढाउने व्यवस्था गरियो।' विद्यालयलाई 'पेपरलेस' बनाउने अभियान थालिएको छ। यस क्रममा पहिलो चरण शिक्षकलाई पेपरलेस बनाउने प्रयास गरिएको हो।

अहिलेपनि अनलाइनको प्रयोगले कक्षा १० का ५० प्रतिशत विद्यार्थी लाभान्वित भएका छन्। विद्यालयले पहिलो वर्ष २०७५ सालमा माध्यमिक तहका शिक्षकलाई ल्यापटप उपलब्ध गराएको थियो। दोस्रो साल निम्नमाध्यमिक र पछिल्लो वर्ष प्राथमिक तहका शिक्षकलाई ल्यापटप उपलब्ध गराइएको प्रधानाध्यापक भिम बस्नेतले जानकारी दिनुभयो। शिक्षकहरूले प्रश्न आफैं बनाउने, मूल्याङ्कन फारम आफैं तयार गरेर ल्याउने गरेको र विद्यालयमा प्रिन्ट मात्र गर्ने काम गरिएको बस्नेत बताउनुहुन्छ।

## कम्प्युटर नै नेदेखेका आमालाई सिकाउने विद्यालय

मोरङ्गको बुढीगंगा गाउँपालिका ३ की देबका सुबेदीले  हरेक दिन विद्यालय गएर विद्यार्थीसँगै कम्प्यूटर सिक्नुभयो। बुढीगंगा बाँसबारीकी पवित्रा दाहाल पनि त्यही कम्प्यूटर सिक्ने आमा समूहकी अर्की सदस्य हुनुहुन्छ। देबकासँगै अरू आमाहरूले पनि  विद्यालयको सिकाइ केन्द्रमा पुगेर कम्प्यूटर सिक्नुभएको छ। विद्यालयले बनाएको आमा समूहमार्फत् महिलाहरूले सिकाइ केन्द्रमा आएर कम्प्यूटर सिक्न पाएका छन्। तीन महिनाको सिकाइले आमाहरूले आफ्ना छोराछोरी अनलाइनमार्फत् पढ्दा के गरिरहेका छन् भनेर ठम्याउन सकेको सुनाउनुभयो।

सिकाइ केन्द्र अर्थात् लर्निङ सेन्टरमा आमा समूह मात्र नभई विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्य तथा पदाधिकारी, शिक्षक-अभिभावक संघका पदाधिकारी एकै ठाउँमा कम्प्यूटर सिक्छन्। सँगै बसेर सिक्ने र सिकाउने थलोको रूपमा नरग्राम नमूना विद्यालय उदाहरणीय बन्न सकेको छ।

### विद्यालयबारे संक्षिप्त जानकारी

**विद्यालयको नाम/ठेगाना** : नरग्राम नमुना माध्यमिक विद्यालय, बुढिगंगा १, टंकिसिनवारी, मोरङ

( पूर्व प्राथमिक कक्षादेखि कक्षा १२ सम्म)

**प्राविधिक तथा व्यावसायिक धार** : कृषि तथा बाली विज्ञान, मानवीकी, व्यवस्थापन, शिक्षा र विज्ञान संकाय

### सेवाक्षेत्र

१. **पूर्व**: ग्रामथान वडा नम्बर २ का  दलित र जनजाति सुमदायका बालबालिका ।

२. **पश्चिम**: सुनसरीको बर्जुबाट मुस्लिम तथा दलित समुदाय र थारू समुदाय ।

३ **उत्तर**: इटहरी उपमहानगरको खनार, दुहबी नगरपालिकालगायतका क्षेत्रबाट ब्राम्हण क्षेत्री, मुस्लिम समुदायका बालबालिका।

४. **दक्षिण**: विराटनगर महानगरपालिका-५ बरगापछिसम्मका बालबालिका। अधिकांश बाहुन/क्षेत्री समुदायका। .

**विद्यालय स्थापना मिति** : वि.सं. २००४ (प्राथमिक २०१५ सालमा स्वीकृत, निमावि २०३१ साल, मावि २०३७ साल र २०६८ सालमा उमावि स्वीकृत, नमूना विद्यालय २०७४ र कृषि प्राविधिक धार २०७७)

**विद्यार्थी संख्या : १७१९**

छात्र : ८७७. छात्रा : ८४२

**दलित विद्यार्थी**: ६५६, जनजाति विद्यार्थी: ६६६, लोपोन्मुख समुदाय/अति सीमान्तकृत विद्यार्थी ( झाँगड (उराउ) ६ जना र अन्य विद्यार्थी ३९२ जना।

प्रारम्भिक बालकक्षा (इसिडि)का विद्यार्थी संख्या :२२६ कक्षा १ देखि ५ सम्म ४६८ कक्षा ६-८ सम्म ४४१, कक्षा ५-१० सम्म ८५३ कक्षा ११-१२ सम्म. १७२ जना बिद्यार्थी छन्।

**शिक्षक संख्या :४५** जना।

**पुरुष शिक्षक** : २७, **महिला शिक्षक** : १८, **जनजाति** : २ जना, **अपाङ्गता भएका शिक्षक** : १ जना।

**निमावि विषय शिक्षक संख्या** : १२ (दरबन्दी १० र निजी २)

**कुन-कुन विषय** : अंग्रेजी ३, गणित २, बिज्ञान २, नेपाली २, सामाजिक १, कृषि १, स्वास्थ्य १ जना विषय शिक्षक।

**माध्यमिक तहमा विषय शिक्षक संख्या** : १४ (दरबन्दी १० र निजी ४)

**कुन-कुन विषय** : अंग्रेजी ४, गणित २, विज्ञान २, नेपाली १, सामाजिक १, अर्थशास्त्र १, लेखा १, बजारशास्त्र १, कृषि १

प्राथमिक तहको दरबन्दी १३ निजी श्रोत ६ जना रहेका छन्।

**शिक्षक दरबन्दी : ३३, प्राथमिक तह**: १३, **निम्न माध्यमिक तह**: १०, **माध्यमिक तह**: १०, **अस्थायी** : ५, **राहत**: २, **निजी स्रोत** : ११ जना, विद्यालयकै निजी स्रोतबाट। **इसिडि शिक्षक** : २,

**आइसिटि तालिमप्राप्त शिक्षक संख्या**: ३६ जना दरबन्दी र निजी तहका ११ जना गरि जम्मा ४७ जना आइसिटी तालिमप्राप्त।

**गत महिनामा विद्यार्थीको तहगत उपस्थिति**:

१ देखि ५ कक्षामा मासिक औषत २० दिन

६ देखि ८ कक्षामा मासिक औषत १५ दिन

कक्षा ९ देखि १० मा मासिक औषत १६ दिन

कक्षा १ देखि १० सम्मको मासिक औषत उपस्थिति दर सरदर १८ दिन

कक्षा ११ र १२ सम्मको मासिक उपस्थिति दर १९ दिन

(विद्यालय खुलेको दिन औषत २१ दिन रहेको छ )

**विद्यार्थीको सिकाइ उपलब्धि समग्रमा** :  ७६ दशमलव ३ (गत साल २०७७ को)

कक्षा १ देखि ५ सम्म : ८९

कक्षा ६ देखि ८ सम्म : ७२

कक्षा ९ र १० :  ६८

कक्षा ११ र १२ :  ८२

## विद्यालयको दूरदृष्टि, ध्येय, लक्ष्यः

**दुरदृष्टि** : विद्यालय बालमैत्री सूचना र प्रविधिमा आधारित, प्राविधिक शिक्षामा समन्यायिक पहुँच भएको जीवन उपयोगी, शिक्षा प्रदान गर्ने, सामाजिक उत्कृष्ट केन्द्रको रूपमा विकसित हुनेछ ।

**ध्येय र उद्देश्य** : नमूना विद्यालयका रूपमा विकास सञ्चालन तथा व्यवस्थापनका लागि मार्गदर्शन गर्न संस्थागत क्षमताको विकास, सम्पूर्ण सरोकारवालाहरूको सहभागिता र अपनत्व विकास गरी गुणस्तरीय एवं समतामूलक प्राविधिक सिकाइ गरी बालबालिकाको सुनौलो भविश्यको सुनिश्चितता गर्नु, विपद् तथा जोखिम, महामारीका विरूद्धमा सचेतना र सुरक्षा मापदण्ड अपनाई, प्रविधि र सूचना प्रविधिको समुचित प्रयोगसहितको शिक्षण सिकाइ क्रियाकलापमा जोड दिने । संबद्ध संस्थाहरूको समन्वय, सम्बन्ध र सहयोगलाई निरन्तरता दिने ।

**संकलक** : **सुमन सुस्केरा**/मोरङ, प्रदेश १

## प्रदेश २

# गुणस्तरीय शिक्षाले सबल किरतपुर विद्यालय





धनुषाको ग्रामीण क्षेत्रको विद्यालयहरूमध्ये सबैला नगरपालिका-१३ किरतपुरस्थित श्री आधारभूत विद्यालय किरतपुर एक नमुना विद्यालयको रूपमा स्थापित छ। वि.सं. २०३६ सालमा स्थानीय बासिन्दाहरूको श्रमदान र चन्दा संकलनबाट विद्यालयको स्थापना भएको हो। प्राथमिक तहमा १० जना विद्यार्थीबाट शिक्षण सिकाइ शुरू भएको यस विद्यालय हाल कक्षा ८ सम्म सञ्चालनमा छ। जम्मा ६ सय ७६ जना विद्यार्थी रहेको यस विद्यालयमा छात्रा ३ सय ४४ जना छन्। दलित बस्तीमा यो विद्यालयको सेवाक्षेत्र हो। विद्यालयमा २ सय ३४ जना विद्यार्थी दलित समुदायका छन्। १ सय ९२ जना जनजाति समुदायका विद्यार्थी रहेका छन्। यस्तै, ३२ जना जनजाति छात्रा अध्ययनरत पढ्छन्।



विद्यालयमा हाल स्थायी र अस्थायी तथा राहतसहित १२ जना शिक्षक कार्यरत छन् । २०७३ सालसम्म २ सयको संख्यामा विद्यार्थी रहेको यस विद्यालयमा शिक्षा पत्रकार समुहलगायतका संघ-संस्थाहरूले सञ्चालन गरेको 'निक शिक्षा दिअ' परियोजना सञ्चालन भएपछि शिक्षक, अभिभावक र विद्यार्थीहरूमा परियोजनाले जागरूकता आयो । विद्यालय सुधार पनि शुरू भयो । यसपछि विद्यार्थी संख्या पनि ह्वात्तै बढ्यो । प्रधानाध्यापक पवन महतोका अनुसार विद्यालयमा परियोजना लागू हुनु र शिक्षाको अधिकार स्थानीय तहमा आउनुले सुधार देखिन थाल्यो । सबैला नगरपालिकाले समेत पटक-पटक सहयोग गरेपछि विद्यालयमा शिक्षकको पदपूर्ति, भौतिक पूर्वाधारको मर्मत-सम्भार र शिक्षकहरूलाई परियोजनाले दिएको तालिम, गोष्ठी तथा निरन्तरको छलफलले गर्दा शिक्षण सिकाइमा सुधार आयो । अहिले निजी स्कूलका विद्यार्थीसमेत यस विद्यालयमा भर्ना हुन थालेका छन् ।

शिक्षकहरूको नियमित उपस्थिति, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको  बैठक, अनुगमन र शिक्षण सिकाइमा सुधार गर्न दिएको सुझावलाई कार्यान्वयन गरेपछि सबैला नगरपालिकाकै उत्कृष्ट विद्यालयमा श्री आधारभूत विद्यालय किरतपुर पर्न सफल भएको छ । विद्यालयमा विद्यार्थीको चाप बढेपछि कक्षाकोठा नै साँघुरिएको छात्रा सञ्जालकी अध्यक्षसमेत रहेकी विद्यार्थी ममताकुमारी यादव बताउनुहुन्छ ।

विद्यालयमा भर्नादर बढेसँगै विद्यार्थीहरूको उपस्थिति दर पनि बढेको छ । पहिले ३० प्रतिशतसम्म उपस्थिति दर रहेको यस विद्यालयमा विद्यार्थीहरूको उपस्थिति दर अहिले ८० देखि ९० प्रतिशतसम्म रहँदै आएको छ ।




विद्यालयमा बाल क्लब, छात्रा सञ्जाल, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ सक्रिय रहेको छन् । बाल क्लबले विद्यालयमा नियमित रूपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दै आएका छन् । विद्यालयमा गुनासो पेटिका पनि राखिएको छ । प्रत्येक कक्षाकोठामा बुक कर्नर, स्मार्ट बोर्ड, शिक्षक र विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता राखिएका छन् । केही चर्चित शिक्षाविद्हरूको भनाइसमेत भित्ताहरूमा लेखिएका छन् ।

छात्राहरूका लागि पानी र प्याडसहितको सुविधासम्पन्न शौचालय निर्माण गरिएको छ । खेलकुद र अन्य अतिरिक्त क्रियाकलाप गर्न विद्यालयको आफ्नै चौर रहेको छ ।

विद्यालयमा कम्प्यूटरसमेत खरिद गरिएको छ । यसका लागि सवैला नगरपालिकाले आर्थिक सहयोग गरेको छ । यहाँ प्रोजेक्टरका माध्यमले पनि पढाउन थालिएको छ । निरन्तर मूल्याङ्कन पद्धति अपनाएर विद्यार्थीहरूको सिकाइ उपलब्धिको मापन गरिँदै आएको छ । **यस विद्यालयमा दैनिक रुपमा विद्यार्थीहरुले अघिल्लो दिन कक्षाकोठामा भएका शिक्षण सिकाइको गतिविधि, सिकाइ उपलब्धि, समस्या र सफलताका कथाहरुसमेत प्रस्तुत गर्ने गरेका छन् ।**

टिफिन समयमा विद्यार्थी खाजा खान घर जाने र तर विद्यालय नआउने गरेकोमा अहिले यो समस्या समाधान भएको छ । अभिभावकहरूसँगको निरन्तर छलफलबाट घरबाट विद्यार्थी आफै वा टिफिनको समयमा अभिभावकले विद्यालयमै खाजा पुऱ्याउने गरेका छन् ।

नियमित रूपमा विद्यालय पोशाकमा शिक्षक र विद्यार्थीहरू उपस्थित हुने गरेको यस विद्यालयमा सवैला नगरपालिकाको शिक्षा समितिले समेत पटक-पटक अनुगमन गरेर थप सुधारका लागि सुझाव दिने गरेको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकुमार यादव अब गुणस्तरीय शिक्षा प्रदान गराउनपट्टि आफूहरूको ध्यान गइरहेको बताउनुहुन्छ ।

## विद्यालयबारे संक्षिप्त जानकारी

विद्यालयको नाम⁄ठेगाना : श्री आधारभूत विद्यालय किरतपुर सवैला नगरपालिका-१३ धनुषा, प्रदेश २

(बालविकासदेखि कक्षा ८ सम्म )

**सेवाक्षेत्र**

१. पूर्व : किरतपुर, २.पश्चिम : पर्साही, ३.उत्तर : ढोलबज्जा, ४.दक्षिण : जरैहिया

विद्यालय स्थापना मिति :.२०३६ साल

विद्यार्थी संख्याः. जम्मा ६७६, छात्रः ३३२, छात्राः ३४४

दलित विद्यार्थीः २३४, जनजाति विद्यार्थीः ५७, लोपोन्मुख समुदाय⁄अति सीमान्तकृत

विद्यार्थी (मुसहर, कुसुण्डा, राउटे, चमार)ः...........................अन्य विद्यार्थीः ३८५

प्रारम्भिक बालकक्षा (इसिडि)का विद्यार्थी संख्याः ७५, कक्षा १ देखि ५ सम्म :३६१, कक्षा ६-८ सम्म : २४५

जम्मा शिक्षक संख्याः १२, पुरूष : ८, महिला शिक्षकः ४, दलित शिक्षकः...........

निम्न माध्यमिक तहमा विषय शिक्षक संख्या : १, कुन-कुन विषयः नेपाली

दरबन्दी : प्राथमिक तहः ८, निम्न माध्यमिक तहः............ अस्थायीः.....................राहतः..१, निजी स्रोतः १, स्थानीय तहबाट नियुक्तः १, परियोजनाबाट नियुक्तः....इसिडि शिक्षकः २

आइसिटि तालिमप्राप्त शिक्षक संख्या...

विद्यार्थीको तहगत वार्षिक उपस्थिति : (२०७७ साल)

कक्षा १ : ११८ दिन

कक्षा २ : १४८ दिन

कक्षा ३ : १६३ दिन

कक्षा ४ : १७३ दिन

कक्षा ५ : १६६ दिन

कक्षा ६ : १६९ दिन

कक्षा ७ : १७५ दिन

कक्षा ८ : १८२ दिन

विद्यालय खुलेको : १९२ दिन ।

**विद्यार्थीको सिकाइ उपलब्धि समग्रमा** : ५७.८० प्रतिशत (२०७७ सालको)

कक्षा १ छात्रा : ४१.६९ छात्र : ४४.२४ कुल सिकाइ उपलब्धि ४२.९७

कक्षा २ छात्रा ४२.५६ छात्र : ४३.३३  कुल : ४१.४४

कक्षा ३ छात्रा : ६७ छात्र : ७२ कुल ६० प्रतिशत

कक्षा ४ छात्रा : ५७.९५ छात्र : ४९.०५ र कुल : ५५.४९

कक्षा ५ छात्रा : ५४.६४ छात्र : ५६.१९ र कुल ५५.४९

कक्षा ६ छात्रा : ६०.९७ छात्र : ५६.६९ र कुल ५८.९१

कक्षा ७ छात्रा : ४९.३१ छात्र : ५०.४१ र कुल : ४९.८८

**कक्षा ८** :

**विद्यालयको दूरदृष्टि, ध्येय, लक्ष्य**ः माध्यमिक तह सञ्चालन गर्ने, कम्प्यूटर शिक्षाका साथै प्राविधिक विद्यालय सञ्चालन, विज्ञान ल्याव बनाउने ।

**संकलक : दीपेन्द्र सिंह**/धनुषा, प्रदेश २

## वागमती प्रदेश

# हेरिरहन मनलाग्ने एउटा विद्यालय

### पञ्चकन्या आधारभूत विद्यालय




'विद्यालयको बारेमा खुबै चर्चा सुनेको थिएँ । एकदिन गएर हेरें । तुरून्तै अर्को विद्यालयबाट झिकेर छोराछोरी पञ्चकन्यामा भर्ना गरिदिएँ ।' अभिभावक नानीबाबु श्रेष्ठले आफ्नो अनुभव यसरी सुनाउनुभयो-'शुरूमा विद्यालय हेर्दा हेरिरहन मन लाग्यो ।'

२०७० सालमा दुई छोरी र १ छोरालाई अर्को विद्यालयबाट झिकेर पञ्चकन्यामा भर्ना गरिदिनुभएका श्रेष्ठले यो विद्यालयमा पढाइ धेरै राम्रो रहेको बताउनुभयो । यो विद्यालयमा विद्यार्थी निकै पहिलेदेखि दिउँसो खाजा दिने गरिन्छ ।

विद्यार्थीको पढाइ सिकाइबारे मात्र नभई अभिभावकलाई पनि चासो दिन लगाउँछ । बालबालिका पढाइबारे शिक्षकहरूले अभिभावकलाई फोन गर्ने गर्छन् । घरमा पनि गृहकार्यबारे चासो दिनै पर्छ ।

यो विद्यालयमा पेशा विषयमा छुट्ट पढाइ हुने गर्छ । त्यसमा खाना पकाउने, काष्ठकला, फर्निचरलगायत विभिन्न सीप सिकाइन्छ । कम्प्यूटर ल्याव छ । खेलकुद शिक्षकले खेलसम्बन्धी सीप सिकाउँछन् । कालोपाटीमा लेखेको नभइ विद्यार्थीहरूले स्मार्ट बोर्डमा अडियो⁄भिडियो हेरेर सुनेर सिक्छन् । 'अहिले मीठो खानाका विभिन्न परिकार बनाउन जान्ने भएको छु । यस्तै सानातिना फनिर्चरका समस्या समाधान गर्न सक्ने भएको छु ,' कक्षा ८ का विद्यार्थी रैदाश भन्नुहुन्छ ।



विद्यालयबाट विद्यार्थीले पढाइको सर्टिफिकेटसँगै जीवनोपयोगी सीप पनि पाउन् भनेर पेशा विषय अध्ययनमा जोड दिइएको प्रधानाध्यापक विनिता रञ्जितको भनाइ छ। उहाँका अनुसार विद्यालयको दूरदृष्टि नै विद्यालयलाई देशकै उत्कृष्ट स्मार्ट आधारभूत विद्यालय बनाउनु रहेको छ। हुन त केही वर्ष पहिले गुमनाम रहेको विद्यालय रञ्जितकै नेतृत्व पाएपछि आज चौतर्फी चर्चा र प्रशंसा बटुल्न सफल भएको छ।

प्रअ बनेपछि विद्यालय सुधारका उहाँले पाँच काम गर्नुभएछ। रञ्जित भन्नुहुन्छ, 'प्रधानाध्यापकको जिम्मेवारी लिए पश्चात विद्यालय राम्रो बनाउन मैले मुख्यतः पाँच वटा कार्यहरूलाई प्राथमिकताका साथ लागु गरें। हरेक काममा पारदर्शिता अपनाएँ। कामको जिम्मेवारी बाँडफाड गरें। समुहकार्यमा जोड दिएँ। समुदायसँगको समन्वयलाई जोड दिएँ। साथै सबैसँग समान व्यवहार गर्न थालें।'



उहाँले विद्यार्थीको सिकाइ उपलब्धि बढाउन केही खास योजनाहरू अगाडि सार्नुभयो। जसमा, विद्यार्थीहरूको नियमिततालाई विशेष जोड, निरन्तर मूल्याङ्कन प्रणाली, कमजोर विद्यार्थीहरूको पहिचान र उपचारात्मक शिक्षण कक्षा, दिवा खाजा, पाठयोजना अनुरूप शैक्षिक सामग्रीसहितको शिक्षण, अभिभावकहरूसँग प्रसस्त अन्तर्क्रिया र छलफल, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य दिने, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ, 'लर्निङ बाइ डुइङ' लाई प्राथमिकतामा राखी व्यवहारिक र जीवनोपयोगी शिक्षण सिकाइ जोडलगायत रहेका छन्।

विद्यालय सुधारको कडीका रूपमा पारदर्शितालाई पनि लिने गरिन्छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अनिशराम भट्टराई पनि आफूहरूले सिकाइ र पारदर्शि व्यवस्थापनलाई केन्द्रमा राखेर निरन्तर काम गरिरहेको बताउनुहुन्छ। 'मुख्य कुरा भनेको सिकाइ नै हो। विद्यालयमा सिकाइ र सुशासनको सुधारका लागि हामीले सामुहिक प्रयत्न गर्दै आएका छौं,' उहाँको भनाइ छ।

शिक्षक-अभिभावक संघका अध्यक्ष राजेश्वर पन्त पनि विद्यालयले हरेक योजना बनाउँदा पहिले सामुहिक छलफल हुने र सामुहिक सहमतिको आधारमा योजना बन्ने बताउनुहुन्छ। 'कसैको एकलौटी निर्णय नै हुँदैन, विद्यालयका हरेक निर्णयमा सबैको सहभागिता हुने भएकाले सबैपक्ष उत्तरदायी हुने गर्छन्,' पन्तले भन्नुभयो। वडा प्रतिनिधि दिनेश महर्जन पालिका र विव्यसबीचको सम्बन्ध सौहार्दपूर्ण रहेको बताउनुहुन्छ। विद्यालयले पालिकासँग पनि आवश्यक सरसल्लाह र छलफल गर्ने गरेको छ। पालिकाले पञ्चकन्यालाई पुरस्कृत पनि गरेको छ।

सामुदायिक विद्यालय किन सुधार हुन सकेन प्रायः प्रअहरूको एउटै जवाफ आउने गर्छ- भौतिक पूर्वाधार र स्रोतको अभाव। तर, काठमाडौं बालुवाटारस्थित पञ्चकन्या आधारभूत विद्यालयले भने प्रसस्त भौतिक पूर्वाधार, गतिलो आर्थिक स्रोत र पर्याप्त जग्गा-जमिनबिना नै सुधार गरेर देखाइदिएको छ।

सामुदायिक विद्यालय त्यसमा पनि आधारभूत तहको। महिला प्रअको नेतृत्व। सीमित स्थानमा खुम्चिएको। पुरूषभन्दा महिला शिक्षकको बाहुल्यता भएको। न खेलमैदान न त अत्याधुनिक विशाल भवनहरू।

गेटबाटभित्र छिरेपछि अर्कै सुन्दर संसारमा पुगेको भान हुन्छ। शान्त वातावरण, हरेक कक्षामा स्मार्ट बोर्ड, शिक्षकले ल्यापटप बाट सिकाइरहेका देखिन्छन्। हरेक कक्षालाई शैक्षिक सामग्रीले यसरी सजाइएका छन् कि हरेक कक्षा छुट्टै विद्यालय वा एउटा संग्रहालय जस्तै लाग्छन्। शिक्षक र विद्यार्थीको सम्बन्ध हेर्दा लाग्छ उनीहरू कुनै मिल्ने साथीहरू हुन्। समुदायको यति धेरै सहयोग छ कि विद्यार्थीहरूले विद्यालयमै दिवाखाजा, छात्रवृत्ति, जाडोमा स्वीटर निशुल्क पाउँछन्। खेलमैदान नभएर के भो विद्यालयले खेल शिक्षकको व्यवस्था गरेको छ र नजिकै फुटसलमा लगेर खेलाउने गरेको छ।

विद्यालय २०१७ सालमा स्थापना भएको हो। तत्कालीन वडाध्यक्ष स्व. भक्तबहादुर खड्काले घरको पिँढीमा बच्चाहरू खेलेको देखेपछि यिनीहरूलाई पढाउन पर्ने रहेछ भनेर एकजना शिक्षक बोलाएर

घरमै आँगनबाटै पढाएर विद्यालय शुरू गरिएको थियो। विद्यालयसँग हाल १५आना मात्रै जग्गा छ। हरेक कक्षाहरूको सिकाइ उपलब्धि ८० प्रतिशत माथि रहेको छ।



विद्यालयमा नर्सरी, कक्षा १ र २ सम्म कक्षा शिक्षण गरिएको छ। नर्सरीदेखि कक्षा ५ सम्म पूर्ण अंग्रेजी माध्यममा पढाइन्छ। ६, ७ र ८ कक्षामा विज्ञान, कम्प्यूटर, ऐच्छिक गणित र अनिवार्य गणित गरी चार विषय पनि अंग्रेजी माध्ययममै पढाइ हुन्छ। अतिरिक्त क्रियाकलापलाई बढी जोड दिएर सिकाइने गरिएको छ। परियोजना कार्य, सिकाइ भ्रमण, शैक्षिक र खोज सामग्री प्रयोग, हरेक शिक्षक र विद्यार्थीको जन्मदिन मनाइने र  नर्सरी, १ र २ कक्षाका विद्यार्थीका लागि स्टेशनरी विद्यालयबाटै व्यवस्था गर्ने गरिएको छ।

विद्यालयले हरेक वर्ष सुधार योजना र पाँचवर्षे दीर्घकालीन योजना  निर्माण गर्ने गरेको छ। हरेक शैक्षिक सत्रको अन्त्यमा १० दिन शिक्षकहरु सबैले विद्यालयमा शैक्षिक सामग्री निर्माण र टाँस गर्ने र आगामी शैक्षिक शत्रको लागी वार्षिक कार्ययोजना बनाउने गरिएको छ।  विद्यार्थीहरुको शैक्षिक उपलब्धिको समीक्षा र त्यसअनुरूपको योजना निर्माण गर्ने गरिएको छ।

शुद्ध ह्याण्ड-राइटिङका लागि विद्यालयमा  छुट्टै कपिको व्यवस्था गरिएको छ। हरेक हप्ता प्रत्येक विषयमा १० वटा शब्द लेखिरहन दिइन्छ। उनीहरूले विषयगत रूपमा त्यही शब्द ५ दिन लेखिरहन्छन्। छैटौं दिनमा त्यहीं शब्दहरूको परीक्षा लिने गरिन्छ।  यसरी ५ दिन हरेक विषयको १० शब्द लेखिरहँदा उनीहरूलाई ती शब्द कण्ठै हुने गर्छ।

विषयगत शिक्षकको व्यवस्था, विद्यार्थीहरुको 'पोर्टफोलियो' निर्माण, हरेक शुक्रबार सहक्रियाकलाप, उजूरीपेटिकाको व्यवस्था, आचारसंहिता निर्माण गरिएको छ। विद्यालयमा शिक्षकको औषत वार्षिक उपस्थिति ९१.५५ प्रतिशत रहेको छ। विद्यालयमा हाल १६ शिक्षक र २६९ विद्यार्थी रहेका छन्।

पहिले विद्यालय नै त्यहाँबाट हटाउनुपर्छ भन्ने अभिभावक र पूरा समुदाय नै अहिले विद्यालयलाई माध्यमिक तहको बनाउनुपर्छ भनेर जुटेका छन्। शिक्षकहरूपनि पञ्चकन्याको शिक्षकभन्दा गर्व गर्ने अवस्था बनेको छ। महानगरपालिकाले त उत्कृष्ट विद्यालय भनेर पुरस्कृत नै गरिसकेको छ।

**विद्यालयबारे संक्षिप्त जानकारी**

**विद्यालयको नाम/ठेगाना** : श्री पञ्चकन्या आधारभूत विद्यालय, बालुवाटार, काठमाडौं महानगरपालिका-४, काठमाडौं, बागमति प्रदेश ।

**तहः शिशु देखि कक्षा ८ सम्म**

**सेवाक्षेत्र** : **पूर्व**ः कुण्डलिनि क्लव शंखपार्क, **२.पश्चिम**. शिक्षण अस्पताल, महाराजगञ्ज, ३.**उत्तर**ः **चुनदेवी**, **अमेरिकी राजदुतावास**, **४**.**दक्षिण**. **बालुवाटार वडा कार्यालय**

**विद्यालय स्थापना मिति** : **२०१७**

**विद्यार्थी संख्याः** २६९ **छात्र** : १५०,.**छात्राः** ११९, **दलित विद्यार्थी**ः १८, **जनजाति विद्यार्थी**ः १५५ **लोपोन्मुख समुदाय/अति सीमान्तकृत**ः १२, (मुसहर, कुसुण्डा, राउटे, चमार)ः ० **अन्य विद्यार्थी**ः ८४, **प्रारम्भिक बालकक्षा (इसिडि)का विद्यार्थी संख्याः** ३०, **कक्षा १ देखि ५ सम्म** : १६८, **कक्षा ६-८ सम्म**ः ७१

**शिक्षक संख्याः १६**, **पुरुष शिक्षक**ः २, **महिला शिक्षक**ः १४, **निम्न माध्यमिक तहमा विषय शिक्षक संख्या** : ३, **कुन-कुन विषय** : गणित, अंग्रेजी, विज्ञान (निजी स्रोत)

**दरबन्दी** : प्राथमिक तहः.६, **निम्न माध्यमिक तह**ः १ .

**अस्थायी** : १ (करार) **राहत**ः ३, **निजी स्रोत**ः १, **स्थानीय तहबाट नियुक्त**ः २ नेपाल भाषा .**इसिडि शिक्षक**ः २, **आइसिटि तालिमप्राप्त शिक्षक संख्या : १०**

**गत महिनामा विद्यार्थीको तहगत उपस्थिति** : **कक्षा १** : २४ दिन, **कक्षा २** : २७ दिन, **कक्षा ३** : २५ दिन, **कक्षा ४** : २८ दिन, **कक्षा ५**ः २३ दिन, **कक्षा ६** : २७ दिन, **कक्षा ७** : २२ दिन, र **कक्षा ८**ः १६ दिन ।

**विद्यार्थीको सिकाइ उपलब्धि समग्रमा** : ९८.४ प्रतिशत (२०७६ साल)

शिशु कक्षा : १०० %

कक्षा १ : १००%

कक्षा २ : १००%

कक्षा ३ : १००%

कक्षा ४ : १००%

कक्षा ५ : १००%

कक्षा ६ : ९२%

कक्षा ७ : ९४%

कक्षा ८ : १००%

**विद्यालयको दूरदृष्टि**ः विद्यालयलाई देशकै उत्कृष्ट स्मार्ट आधारभूत विद्यालय बनाउने ।

**ध्येय**ः पारिवारिक वातावरण, विद्यार्थीमैत्री कक्षा कोठा र डेक्स वेन्च., विद्यालय आउने र रमाउने वातावरण र जीवनोपयोगी र व्यवहारिक शिक्षामा जोड, प्रविधिमैत्री शिक्षक, विद्यार्थी र स्मार्ट विद्यालय बनाउने, अतिरिक्त क्रियाकलाप विद्यार्थीहरूको रूची र क्षमता अनुरूप गराउने, शिक्षक विद्यार्थी बिच सुमधुर सम्बन्ध बनाउने, समुदायको विद्यालय प्रति सकरात्मक धारणा बनाउने ।

**लक्ष्य**ः सबै कक्षाहरूलाई स्मार्ट कक्षा बनाउने, इ-लाइब्रेरी, व्यवस्थित कम्प्यूटर ल्याब, विषयगत शिक्षकको व्यवस्था ।

संकलक : **रोशन क्षेत्री 'गाउँले'**/काठमाडौं, वागमति प्रदेश

## गण्डकी प्रदेश

# विद्यार्थीलाई व्यवहारिक बनाएर चिनिएको माछापुच्छ्रे मावि




अरू सामुदायिक विद्यालय पूर्णतः बन्द हुँदा कास्कीको माछापुच्छ्रे गाउँपालिका-२ सार्दिखोलाको माछापुच्छ्रे माविमा लकडाउनका बेला पनि पढाइ नियमित नै भयो । यो विद्यालय विद्यार्थीको पढाइप्रति विद्यालय कति उत्तरदायी छ भन्ने देखाउने यो उदाहरण काफी छ । एकाध विद्यार्थी जो नियमित पढ्न पाएका थिएनन्, तिनलाई विद्यालयमै बोलाएर पनि पढाइएको थियो भने धेरैका लागि वैकल्पिक शैक्षिक सामग्री तयार गरेर दिइएको थियो । विद्यार्थीले घरमै बसेर गर्न सकिने अभ्यास गरेका थिए ।

माछापुच्छ्रे माविको यही शैलीबाट प्रभावित भएर वर्षेनी निजी विद्यालयका विद्यार्थी यता भर्ना हुन आइरहेका छन् । पढाइको शैली पनि निकै प्रयोगात्मक छ । गणित, विज्ञानलगायत विषय प्रयोगात्मक विधिबाटै सिकाइन्छ । जस्तो गणितको सूत्र बुझाउँदा 'ए स्क्वाएर माइनस बी स्क्वायर'को सूत्र एउटा स्क्वाएरबाट अर्को स्क्वाएर घटाउने हो भनेर सिकाइन्छ । अनि विद्यार्थीले सूत्र घोकेर कण्ठ पार्ने दुःखै गर्नु पर्दैन । त्यस्तो विधि विद्यार्थी आफैंले प्रयोग गरेर देखाउन सक्षम छन् । त्यसो त विद्यालयले तयार पार्ने स्वाध्याय पाठ्य-सामग्रीका लागि विद्यार्थी स्वयंलाई उल्टो-शुल्टो शब्द खोज्न लगाइएको उदाहरण छँदैछ ।



विज्ञानका थुप्रै सूत्रहरू प्रकाश, बल, पिण्ड र चाप पनि प्रयोगात्मक विधिबाटै सिकेका छन्। महिनावारी हुँदा चाहिने सेनेटरी प्याड विद्यार्थी आफैं बनाउन सक्छन्। अरू विषयको किताबमा लेखिएको ज्ञान विद्यार्थीले व्यवहारमा उतार्छन्। जस्तो सामाजिक शिक्षाको ज्ञान। 'बालविवाह गर्नु हुँदैन' भन्न विद्यार्थी आफैं गाउँ-गाउँ डुलेर अरूलाई सिकाउन सक्ने भएका छन्। अर्थशास्त्र पढ्ने विद्यार्थीले बजार, लागत मूल्य, सीमान्त उपयोगिता ह्रास नियम जस्ता पाठ कृषि फार्ममा सिक्छन्। विद्यालयमा पुस्तकालय छ। विज्ञान प्रयोगशाला छ। कार्यालयको कम्प्यूटरमा विद्यार्थीको पहुँच हुन्छ।

१० वर्षअघिसम्म साढे ३ सय विद्यार्थी रहेको माछापुच्छ्रे माविमा अहिले झण्डै ७ सय जना विद्यार्थी पढिरहेका छन्। यो निजी बोर्डिङ स्कूल छाडेर आउने र विद्यालयमा आकर्षित थप विद्यार्थीका कारण बढेको संख्या हो। १ देखि १२ कक्षासम्म अंग्रेजी माध्यममा पढाइ हुँदा विद्यार्थी आकर्षित भएका हुन्। अंग्रेजी माध्यममा पढाउन विद्यालयले अभिभावकसँग सहयोग लिने गरेको छ, जसबाटै निजी स्रोतमा शिक्षकहरू राख्न सकेको छ। पूरै निजी स्रोतमा १३ जना शिक्षक छन्। विद्यालयमा छात्रावास पनि छ। विद्यालयलाई अभिभावकलाई राम्रो सहयोग पनि गर्दै आएका छन्। प्राविधिक कक्षा सञ्चालनका लागि भनेर केही वर्षअघि मात्रै गाउँका बासिन्दा जो देश विदेशमा छन्, तिनले डेढ करोड रूपैयाँ स्कूललाई दिएका थिए। विद्यालयले सामाजिक र लेखा परीक्षण पनि नियमित गराउँदै आएको छ।

## विद्यालयबारे संक्षिप्त जानकारी

**विद्यालयको नाम/ठेगाना** : विद्यालयको नाम :माछापुच्छ्रे मावि, माछापुच्छ्रे गाउँपालिका-२, भुर्जुङ्खोला, कास्की, गण्डकी प्रदेश

**(माध्यमिक भए प्रारम्भिक बालविकास देखि १२ कक्षासम्म)**

**सेवाक्षेत्र**

**पूर्वः** वन क्षेत्र, **पश्चिम** : वडा नम्बर ३, **उत्तर** : माछापुच्छ्रे वडा नम्बर १ र **दक्षिण** : पोखरा १९ पुरन्चौर

**विद्यालय स्थापना मिति** : वि.सं. २०२४ साल ।

**विद्यार्थी संख्याः**.६६४, **छात्रः** ३३७, **छात्राः** ३२७, **दलित विद्यार्थीः** ८० प्रतिशत दलित/जनजाति ।

लोपोन्मुख समुदाय/अति सीमान्तकृत

विद्यार्थी (मुसहर, कुसुण्डा, राउटे, चमार):.........अन्य विद्यार्थीः.......

**प्रारम्भिक बालकक्षा (इसिडि)का विद्यार्थी संख्याः**..८०...कक्षा १ देखि ५ सम्म : १३४, कक्षा ६-८ सम्म : १९९

कक्षा ९-१० सम्मः १४७, कक्षा ११-१२ सम्म : १०४

**शिक्षक संख्याः** ३५, पुरूष शिक्षकः २०, महिला शिक्षकः १५, दलित शिक्षकः १,

निम्न माध्यमिक तहमा विषय शिक्षक संख्या : .९, कुन-कुन विषय : अंग्रेजी, नेपाली र गणित

माध्यमिक तहमा विषय शिक्षक संख्या : ६, कुन-कुन विषय : अंग्रेजी, नेपाली, विज्ञान, गणित,. सामाजिक, कम्प्युटर साइन्स

**दरबन्दी** : प्राथमिक तहः...८..........निम्न माध्यमिक तहः...३......माध्यमिक तहः.....५ प्लस २..........अस्थायीः....३.......राहतः.....१......निजी स्रोतः......पूर्ण निजी स्रोतबाट १३ जना र ५ जनाचाहिँ सरकारी अनुदान पाएकोमा निजी स्रोतबाट समेत थपेर दिने गरिएको ।

स्थानीय तहबाट नियुक्तः.......छैन.....

परियोजनाबाट नियुक्तः.......छैन................

इसिडी शिक्षकः ......२............

**आइसिटी तालिमप्राप्त शिक्षक संख्या**...८० प्रतिशत बढी शिक्षक.

**गत महिनामा विद्यार्थीको तहगत उपस्थिति** :

कक्षा १ :.......अनुपस्थिति अवस्था निकै न्यून (उपस्थिति ९५ प्रतिशतभन्दा बढी)

कक्षा नर्सरी देखि कक्षा १२ सम्म नै न्यून अनुपस्थिति, अनुपस्थित हुँदा फोन वा चिठ्ठीद्वारा जानकारी गराउने नियम ।

**शिक्षक–विद्यार्थीको नियमितता**

क) विद्यालयमा शिक्षकको मासिक तथा वार्षिक उपस्थिति दिन (९८ प्रतिशत उपस्थिति शिक्षकको, क्याबी र पर्व विदाको समेत विद्यालयले प्रोत्साहन भत्ता दिने गरिएको हुँदा शिक्षकहरूले विदासमेत कम लिने गरेका छन्)

ख) विद्यार्थीको उपस्थिति (हाजिरी) दिन २१३ (शैक्षिक शत्र २०७६ अनुसार)

ग) वर्षमा विद्यालय खुलेको जम्मा दिन २२७ (शैक्षिक शत्र २०७६ अनुसार)

घ) एक वर्षमा पढाइ भएको दिन २१३

**विद्यार्थी सिकाइ उपलब्धि:**

**Shree Machhapuchhre Secondary School**

***Machhapuchhre- 2, Bhurjungkhola, Kaski***

**Resource:** *Shree Bhurjungkhola Resources , Machhapuchhre- 2, Bhurjungkhola, Kaski*

**Primary Level Achievement**

| Class | Total Examinee | Average Marks of Subjects | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | Nepali | English | Math | Social & Cre. | Scie.&HPE | Total | Average |
| One | 18 | 75 | 79 | 80 | 75 | 72 | 382 | 76 |
| Two | 15 | 82 | 87 | 70 | 83 | 73 | 396 | 79 |
| Three | 33 | 69 | 78 | 60 | 61 | 69 | 336 | 67 |
| Four | 38 | 56 | 64 | 50 | 58 | 55 | 283 | 57 |
| Five | 32 | 60 | 69 | 56 | 52 | 57 | 293 | 59 |
| Total | 136 | 342 | 377 | 315 | 329 | 327 | 1690 | 338 |
| **Average** | | **68** | **75** | **63** | **66** | **65** | **338** | **68** |

**Prepared By** **Rechecked By** **Primary Incharge** **Principal**

**Shree Machhapuchhre Secondary School**

**Shree Machhapuchhre Secondary School**

***Machhapuchhre- 2, Bhurjungkhola, Kaski***

**Resource:** *Shree Bhurjungkhola Resources , Machhapuchhre- 2, Bhurjungkhola, Kaski*

**Lower Secondary Level Achievement**

| Class | Total Examinee | Average Marks of Subjects | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Nepali | English | Math | Social | Science | HPE | Moral | OBT | Total | Average |
| Six | 66 | 56 | 56 | 42 | 51 | 55 | 31 | 30 | 58 | 380 | **54** |
| Seven | 63 | 54 | 60 | 44 | 48 | 50 | 32 | 28 | 60 | 376 | **54** |
| Eight | 71 | 65 | 66 | 52 | 68 | 63 | 41 | 40 | 74 | 468 | **58** |
| Total | 200 | 175 | 183 | 137 | 168 | 168 | 104 | 98 | 192 | 1224 | **153** |
| **Average** | | **58** | **61** | **46** | **56** | **56** | **35** | **33** | **64** | **408** | **55** |

**Prepared By** **Rechecked By** **Academic Dean** **Principal**

**Shree Machhapuchhre Secondary School**
*Machhapuchhre- 2, Bhurjungkhola, Kaski*

**Resource:** *Shree Bhurjungkhola Resources , Machhapuchhre- 2, Bhurjungkhola, Kaski*

**Basic Level Achievement**

| Class | Total Examinee | Average Marks of Subjects | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Nepali | English | Math | Social & Cret. | Scie. & HPE | Social | Science | HPE | Moral | OBT | Total | Average |
| One | 18 | 75 | 79 | 80 | 75 | 72 | - | - | - | - | - | 382 | **76** |
| Two | 15 | 82 | 87 | 70 | 83 | 73 | - | - | - | - | - | 396 | **79** |
| Three | 33 | 69 | 78 | 60 | 61 | 69 | - | - | - | - | - | 336 | **67** |
| Four | 38 | 56 | 64 | 50 | 58 | 55 | - | - | - | - | - | 283 | **57** |
| Five | 32 | 60 | 69 | 56 | 52 | 57 | - | - | - | - | - | 293 | **59** |
| Six | 66 | 56 | 56 | 42 | - | - | 51 | 55 | 31 | 30 | 58 | 380 | **54** |
| Seven | 63 | 54 | 60 | 44 | - | - | 48 | 50 | 32 | 28 | 60 | 376 | **54** |
| Eight | 71 | 65 | 66 | 52 | - | - | 68 | 63 | 41 | 40 | 74 | 468 | **58** |
| Total | 336 | 517 | 559 | 453 | 329 | 327 | 168 | 168 | 104 | 98 | 192 | 2914 | 504 |
| **Average** | | **65** | **70** | **57** | **66** | **65** | **56** | **56** | **35** | **33** | **64** | **364** | **63** |

**Prepared By** **Rechecked By** **Academic Dean** **Principal**

**Shree Machhapuchhre Secondary School**
*Machhapuchhre- 2, Bhurjungkhola, Kaski*

Resource: *Shree Bhurjungkhola Resources , Machhapuchhre- 2, Bhurjungkhola, Kaski*

**Secondary Level Achievement**

| Class | Total Examinee | Average Marks of Subjects | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Nepali | English | Math | Social | Science | EPH | OPT I(Math/Env.Sci) | OPT II (Comp. Sci) | Total | Average |
| Nine | 67 | 54 | 62 | 42 | 53 | 54 | 54 | 52 | 60 | 431 | **54** |
| Ten | 64 | 71 | 78 | 66 | 71 | 69 | 78 | 74 | 88 | 595 | **74** |
| Total | 131 | 125 | 140 | 108 | 124 | 123 | 132 | 126 | 147 | 1026 | 128 |
| **Average** | | **62** | **70** | **54** | **62** | **62** | **66** | **63** | **74** | **513** | **64** |

**Aggegate Achievement**

| Class | Total Examinee | Average Marks of Subjects | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Nepali | English | Math | Social & Cret. | Scie. & HPE | Social | Science | HPE | Moral | OBT | EPH | OPT I(Math/Env.Sci) | OPT II (Comp. Sci) | Total | Average |
| One | 18 | 75 | 79 | 80 | 75 | 72 | - | - | - | - | - | - | - | - | 382 | **76** |
| Two | 15 | 82 | 87 | 70 | 83 | 73 | - | - | - | - | - | - | - | - | 396 | **79** |
| Three | 33 | 69 | 78 | 60 | 61 | 69 | - | - | - | - | - | - | - | - | 336 | **67** |
| Four | 38 | 56 | 64 | 50 | 58 | 55 | - | - | - | - | - | - | - | - | 283 | **57** |
| Five | 32 | 60 | 69 | 56 | 52 | 57 | - | - | - | - | - | - | - | - | 293 | **59** |
| Six | 66 | 56 | 56 | 42 | - | - | 51 | 55 | 31 | 30 | 58 | - | - | - | 380 | **54** |
| Seven | 63 | 54 | 60 | 44 | - | - | 48 | 50 | 32 | 28 | 60 | - | - | - | 376 | **54** |
| Eight | 71 | 65 | 66 | 52 | - | - | 68 | 63 | 41 | 40 | 74 | - | - | - | 468 | **58** |
| Nine | 67 | 54 | 62 | 42 | - | - | 53 | 54 | - | - | - | 54 | 52 | 60 | 431 | **54** |
| Ten | 64 | 71 | 78 | 66 | - | - | 71 | 69 | - | - | - | 78 | 74 | 88 | 595 | **74** |
| Total | 467 | 641 | 700 | 560 | 329 | 327 | 292 | 291 | 104 | 98 | 192 | 132 | 126 | 147 | 3939 | 633 |
| **Average** | | **64** | **70** | **56** | **66** | **65** | **58** | **58** | **35** | **33** | **64** | **66** | **63** | **74** | **394** | **63** |

repared By Rechecked By Academic Dean Principal

**पुनश्च** : *कक्षा ११ र १२ को सिकाइ उपलब्धि हालसम्म तयार गर्ने नगरिएको ।*

**विद्यालयको दूरदृष्टि, ध्येय, लक्ष्य**:

## दूरदृष्टि (Vision) :

समाजको अपेक्षा अनुरूप गुणस्तरीय शिक्षा प्रदान गर्ने उत्कृष्ट शैक्षिक केन्द्रको रूपमा विकसित गर्ने विद्यालयको दूरदृष्टि रहनेछ ।

## मुख्य उद्देश्य (Mission):-

१. बालमैत्री सिकाइ अवसर प्रदान गर्ने ।

२. सिर्जनात्मक सिकाइलाई टेवा पुग्नेगरी शिक्षण सिकाइ अवलम्वन गरी उत्कृष्ट नतिजा हासिल गर्ने ।

**विद्यालय सुधार योजनाका उद्देश्यहरु :**

१. भौतिक पक्षमा सुधार गरी सिकाइ क्रियाकलापलाई सहज बनाउने ।

२. विद्यालयको व्यवस्थापकिय पक्षमा सुधार ल्याई आर्थिक पारदर्शिता कायमा राख्ने ।

३. बालमैत्री वातावरणमा सिर्जनात्मक सिकाइलाई जोड दिने ।

- विद्यालयलाई उत्कृष्ट शैक्षिक केन्द्रको रूपमा विकसित गर्ने ।
- विज्ञान तथा प्रविधि तर्फ विद्यार्थीहरूलाई उत्प्रेरित गर्ने ।
- समावेसी तथा पारदर्शिताका आधारमा शैक्षिक अवसरमा समानता ल्याउने ।
- विद्यालयमा अपनत्वको भावनाको विकास गर्ने ।
- शैक्षिक उपलब्धि वृद्धि गर्ने ।
- कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने अनुपात न्यून गर्ने ।
- विद्यालयलाई सूचना प्रविधिमय वातावरण सिर्जना गर्ने ।

**संकलक : केशवशरण लामिछाने**/कास्की, गण्डकी प्रदेश

## लुम्बिनी प्रदेश

## सात हजारभन्दा बढी विद्यार्थीको धनी कालिका मानवज्ञान माध्यमिक विद्यालय






कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवलको मात्र नभई राष्ट्रिय रूपमै पहिचान बनाएको विद्यालय हो । उत्कृष्ट नतिजा, शैक्षिक व्यवस्थापन र विद्यार्थी संख्याको हिसाबले विद्यालयले छुट्टै पहिचान बनाएको हो ।

यहाँ बालविकास केन्द्रदेखि १२ कक्षासम्म पठनपाठन हुने गर्दछ । यस विद्यालयमा कक्षा ९-१२ सम्म प्राविधिक तथा व्यावसायिक धारतर्फ कम्प्यूटर इञ्जिनियरिङ विषय सञ्चालनमा छ । वि.सं. २०१८ सालमा स्थापना भएको यस विद्यालयले २०६७ सालतिर जिल्लामा राम्रो विद्यालयको रूपमा पहिचान बनाएको थियो । २०७० सालपछि मात्रै राष्ट्रियस्तरमा विशेष आकर्षण र चर्चा बढेको हो । विद्यालयले बालबालिका खोज्न घरदैलो जाने होइन कि विद्यालयमा भर्ना पाउन कठिन भएको अवस्था छ ।

यो विद्यालयको चर्चा चलेसँगै अहिले छात्र ३,९९० र छात्रा ३,६४० गरी ७,६३० विद्यार्थी छन् । त्यसमध्ये दलित विद्यार्थी ४०७, जनजाति विद्यार्थी १,६९० जना लोपोन्मुख समुदायका विद्यार्थी ३ जना र अन्य विद्यार्थी ४,१४३ छन् । तहगत रूपमा विद्यार्थी संख्या हेर्दा प्रारम्भिक बालकक्षा (इसिडि)मा ३०० जना, कक्षा १ देखि ५ सम्म १,५९० जना, कक्षा ५-८ सम्म १,४०४ जना, कक्षा ५-१० सम्म २,६२७ र कक्षा ११-१२ सम्म ३,१५५ जना विद्यार्थी छन् ।

विद्यालयमा शिक्षक संख्या २९७ जनामध्ये पुरूष शिक्षक १०२ र महिला शिक्षक १९५ जना छन् । जसमध्ये विद्यालय स्रोत (निजी स्रोत) का शिक्षकको संख्या २३५ जना रहेको छ ।

विद्यालय बिहान १० बजेदेखि ४:३० बजेसम्म सञ्चालन हुने गरेको छ। दैनिक रूपमा १ पिरियड गणित र विज्ञान बिषयमा पृष्ठपोषण दिने गरिएको छ।

नेपालका विभिन्न जिल्लाका विद्यालयबाट, पालिका, संघ-संस्थाबाट, प्रअ, शिक्षक र जनप्रतिनिधिहरू विद्यालय सुधार्ने तरिका सिक्न कालिकामा आउँने गर्छन्। अहिलेसम्म **१०,५४५ जनाले अवलोकन गरेको** अभिलेख विद्यालयसँग रहेको छ।

**विद्यालयका विशेषताहरुः**

- नेपाली र अंग्रेजी माध्यमबाट छुट्टाछुट्टै कक्षाको व्यवस्था गरी पठनपाठन हुने गरेको।
- चालु शैक्षिक शत्रमा कक्षा ५ मा भने नेपाली माध्यमको कक्षा नभएको।
- बन्दाबन्दीको समयमा शिशु कक्षादेखि १२ सम्म भर्चुअल कक्षा सञ्चालन गर्ने गरेको। साना कक्षाका अभिभावककेन्द्रित कार्यक्रम सञ्चालन गरेको।
- विद्यार्थीको सिकाइ उपलब्धि औषत ७५ प्रतिशत रहेको।
- उत्कृष्ट अंक ल्याउने, प्रतियोगिता जित्ने विद्यार्थीलाई सम्मानको कार्यक्रम राख्ने गरिएको।
- अभिभावक अभिमुखीकरण तहगत, कक्षागत रूपमा गर्ने गरिएको।
- विद्यालयमा तहगत इन्चार्ज, बिषयगत इन्चार्ज तोकी जिम्मेवारी दिइ खटाउने गरिएको।
- २०७३ सालमा साधारण माविका तर्फबाट नेपाल प्रथम, २०७४ मा साधारण मावितर्फ नेपाल तृतीय भई नगद र प्रमाणपत्र, सम्मान प्राप्त, प्राविधिकतर्फ कम्प्यूटर इञ्जिनियरिङमा २०७१, ७२, ७३ र ७७ मा नेपाल प्रथम भई राष्ट्रिय ध्वजा प्राप्त।
- २०७७ को नेपालका सामुदायिक विद्यालयतर्फ रूपन्देही प्रथम र रूपन्देहीमा कालिका मावि ९० अंक ल्याए नेपाल प्रथम भएको छ।
- विद्यालयमा पढेका विद्याथीहरू प्रत्येक वर्ष उत्कृष्ट परीक्षाफल दिने विद्यालय र सबैभन्दा धेरै एमबिबिएस, इन्जिनियरिङ, बिएससी, नर्सिङ, फरेष्ट्री, एजी, एलएलबीको छात्रवृत्तिमा नाम निकाल्न सफल।

- विभिन्न शीर्षकमा ४८ जना शिक्षाप्रेमीहरूबाट प्राप्त ९२९,९९० रूपियाँको अक्षयकोष स्थापना गरिएको छ। शिक्षकको नेतृत्वमा छात्रवृत्ति छनौट समिति गठन गरी लक्षित वर्गलाई छात्रवृत्ति प्रदान गर्ने गरिएको छ।
- साङ्गीतिक पिटीसहितको प्रार्थना गर्ने गरिएको छ।
- कालिकामा प्रवेश गरेका विद्यालय स्रोतबाट तलब खाने शिक्षक, कर्मचारीलाई नेपाल सरकारले तोकेको तलब अनुसारको सेवा सुविधा प्रदान।
- एक वर्षपछि विद्यालय स्रोतका शिक्षक कर्मचारीलाई तलब स्केलको ९ प्रतिशत अतिरिक्त खाजा खर्च र कर्मचारी संचय कोषको व्यवस्था।
- कक्षागत इन्चार्जको व्यवस्था, इन्चार्जलाई जनही रू २ हजार मासिक भत्ताको व्यवस्था।
- शिक्षक, कर्मचारीका सन्ततिहरूले कालिकामा पढ्नुपर्ने नियम छ।
- विद्यालयले संचालन गर्ने परीक्षामा अनुर्तिण हुनेहरूलाई लक्षित गरी साप्ताहिक विदाको दिन पुनः परीक्षा लिने गरेको। यो क्रम उक्त विद्यार्थीले उत्तीर्ण अंक नल्याउँदासम्म लिने गरिएको। यस्तो परीक्षा कक्षा ४ देखि ९ कक्षासम्मका विद्यार्थीलाई लिने गरिएको।
- विद्यालयले लिने मासिक परीक्षा, परियोजना कार्य, अभ्यास कार्यको उत्तरपुस्तिका कहिलेकाहीँ विद्यार्थी-विद्यार्थी बीचमै साटासाट गरी जाँच गर्ने गरिएको।
- यसरी उत्तरपुस्तिका साटासाट गरी चेकजाँच गर्न कक्षा ४ देखि ९ कक्षासम्मका विद्यार्थीलाई दिने गरिएको।

**संकलक : कृष्ण मल्ल**/बुटवल, रूपन्देही, लुम्बिनी प्रदेश

## कर्णाली प्रदेश

## विद्यार्थी–अभिभावकको मन जित्ने जननमूना स्कूल !



कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-६ स्थित जन नमूना मावि अब्बल विद्यालयका रूपमा परिचित छ । गुणस्तरीय र व्यवहारिक शिक्षा दिन थालिएकाले यो विद्यालयले विद्यार्थी-अभिभावकको मन जित्दै आएको छ ।

यो विद्यालयले वि.सं. २००८ साल चैत्र १४ गते कक्षा ८ सम्म सञ्चालनको अनुमति पाई स्थापना भएको थियो ।

विद्यार्थीको दैनिक जीवनमा साधारण शिक्षाले मात्र सहयोग नपुग्ने हुँदा जन नमूनाले २०७४ सालबाट कक्षा ११ देखि १८ महिने सिभिल ओभरसियर सञ्चालन गरी प्राविधिक धारको पढाइ सञ्चालनमा ल्याएको हो । यहाँ विद्यार्थीको चाप बढेको छ । १ कक्षा देखि १२ सम्म पढाइ हुने यो विद्यालयमा हाल २ हजार ४ सय ३० जना विद्यार्थी छन् । यहाँ शिक्षा, विज्ञान, व्यवस्थापनलगायतका विषय पढाइ हुन्छन् । साउन महिनामा प्रायः कर्णालीका सामुदायिक विद्यालयहरू 'वर्षे बिदा'का नाममा बन्द हुन्छन् तर जन नमूनामा भने धमाधम पढाइ चलिरहेको छ । विव्यस अध्यक्ष गोविन्द कोइरालाका अनुसार कोभिड-१९ को महामारीमा कक्षा १ देखि १२ सम्मै अनलाइन भर्चुअल पठनपाठन पढाइ भइरहेको छ ।

कक्षा ११ को पनि भर्ना चलिरहेकै छ । व्यवस्थापनमा १ सय ८५ जना, विज्ञानमा १ सय ७ जना, शिक्षामा ६४ जना, शिक्षा विज्ञानमा १० जना विद्यार्थी भर्ना भइसकेका छन् भने अन्य विद्यार्थी पूरकबाट पनि आउने हुँदा यो संख्या तेब्बर हुनसक्ने प्रध्यानाध्यापक यामबहादुर श्रेष्ठको भनाइ छ । प्रवेशिका परीक्षा लिएर विद्यार्थीलाई भर्ना गर्ने गरिएको प्रअ श्रेष्ठले जानकारी दिनुभयो ।


विद्यार्थी भर्नाका लागि अभिभावकको दबाब खेप्नुका साथै 'सोर्सफोर्स'को कोशिस हुने गरेको छ। निजी विद्यालयबाट समेत बालबालिकालाई छुटाएर यो विद्यालयमा पढाउन अभिभावक आउने गरेका छन्।

बन्द, हड्ताल र सार्वजनिक विदामा समेत यहाँको पढाइ रोकिँदैन। विद्यार्थीले हप्ताभर दिएका जाँचहरूको शनिबार पनि सुधारात्मक परीक्षा हुन्छ। सुधारात्मक परीक्षाले विद्यार्थीलाई सिकाइमा थप सहयोग पुग्छ। एउटै खालका पाठ्यपुस्तक र किताब पढ्न विद्यार्थीलाइ दिक्क नलागोस् भनेर आवश्यकतामा आधारित १ महिना सम्मको रोटेसन कक्षाको व्यवस्था छ। गत सालको एसइइमा ११ जना ए प्लस, र १७ जनाले ए ल्याएर प्रदेशभरीकै सामुदायिक विद्यालयको राम्रो नतिजा आएको थियो। कक्षा १२ को नतिजा पनि राम्रै ल्याएको छ।

प्रत्येक शुक्रबार विद्यार्थीकै आयोजनामा नेतृत्व विकास ,जनचेतनामूलक कार्यक्रमहरू, अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिन्छन्। कुनै पनि दिन बिदा नबस्ने शिक्षकलाई सम्मान र पुरस्कारको व्यवस्था विद्यालयले गरेको छ। यसरी पुरस्कार नै दिएपछि शिक्षक पनि विद्यालय नियमित आउँछन्। यदि महत्वपूर्ण काम परेर अनुपस्थित हुनुपरेमा खाली कक्षा हेर्ने २ जना वैकल्पिक शिक्षक हुने गर्छन्। सम्पुर्ण विद्यालयको अनुशासन हेर्ने एकजना शिक्षक छन्। कक्षा ११-१२, माध्यमिक, निम्नमाध्यमिक तहमा २६ वटा शिक्षक दरबन्दी छन्। यस्तै, ४ जना निजी स्रोतबाट छन्। ६५ जना बिहानी शत्रमा आंशिक र १० जना दिवा शत्रका लागि शिक्षक छन्।

यो विद्यालय नेपाल सरकारले घोषणा गरेका २ सय २२ नमूना विद्यालयमध्येमा परेको छ। यस्तै, कर्णाली प्रदेशको उत्कृष्ट नम्बर १ मा यो परेको छ। यहाँ पढ्न कर्णाली प्रदेशका १० जिल्ला, सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका अधिकांश जिल्लाबाट आउने गरेका छन्। स्थानीय तहको सिफारिशमा अहिले जन नमूना विद्यालयको विकास योजना (डिपिआर) तयार भई शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत भइसकेको छ।

यो विद्यालयले २०२२ सालमा कक्षा १० र २०५४मा बाह्रसम्मको अनुमति पाएको थियो। कुनै बेला शैक्षिक गुणस्तर राम्रो नहुँदा विद्यार्थी पनि आउँदैनथे। २०६५ सालमा ५ सय विद्यार्थी नपुगेर दरबन्दी काटिएको थियो।



२०५१ सालमा यमहादुर श्रेष्ठले प्रधानाध्यापकको जिम्मेवारी पाएपछि गाउँमा घरदैलो गर्दै विद्यार्थीलाई भर्ना गर्ने अभियान थालिएको थियो । अहिले विद्यालयले धेरै फड्को मारेको प्रअ श्रेष्ठको भनाइ छ । 'सरकारी अनुदान हामीसम्म पुग्न सकेको छैन । त्यही शिक्षक तलब र राज्यले दिइरहेको सुविधाबाहेकको अरू केही छैन,' श्रेष्ठले अन्य स्रोतका सम्बन्धमा खुलाउनुभयो, 'थोरै रकम मात्र अभिभावकबाट सहयोगका रूपमा लिन्छौं ।'

## विद्यालयबारे संक्षिप्त जानकारी

**विद्यालयको नाम/ठेगाना** : जननमूना माध्यमिक विद्यालय, वीरेन्द्रनगर सुर्खेत, कर्णाली प्रदेश

**(कक्षा १२ सम्म)**

**प्राविधिक तथा व्यावसायिक धार** : सिटिइभिटि (११-१२ विज्ञान संकाय र सिभिल इन्जिनियरिङ)

**सेवाक्षेत्र**

**पूर्व** : सल्यान, **पश्चिमः** अछाम, **उत्तरः** हुम्ला, **दक्षिणः** बाँके, बर्दिया

**विद्यालय स्थापना मिति** : वि.सं. २००८ साल चैत १४ गते

**विद्यार्थी संख्याः**.२,४३०..**छात्रः** १,२९३, **छात्राः** १,१३७, **दलित विद्यार्थीः** २६९, **जनजाति विद्यार्थीः** २३६ लोपोन्मुख समुदाय/अति सीमान्तकृत...

विद्यार्थी (मुसहर, कुसुण्डा, राउटे, चमार):.........**अन्य विद्यार्थीः** १,९२५

प्रारम्भिक बालकक्षा (इसिडि)का विद्यार्थी संख्याः......२४ ..............कक्षा १ देखि ५ सम्म...........१३२..............कक्षा ५-८ सम्म....५७८..

कक्षा ५-१० सम्म........१२८२...................कक्षा ११-१२ सम्म..........१०२२.............................

**शिक्षक संख्याः** ...११६.........................पुरूष शिक्षकः.......७६...........महिला शिक्षकः............४०...........दलित शिक्षकः......१............

**निम्न माध्यमिक तहमा विषय शिक्षक संख्या** : १६ जना, **कुन-कुन विषय** :...अंग्रेजी, नेपाली, गणित, विज्ञान, सामाजिक, स्वास्थ्य, शारीरिक शिक्षा, नैतिक शिक्षा, पेसा व्यवसाय, कम्प्यूटर विज्ञान...।

**माध्यमिक तहमा विषय शिक्षक संख्या** : २१ जना, **कुन-कुन विषय** : अंग्रेजी, नेपाली, गणित, विज्ञान, सामाजिक, स्वास्थ्य तथा जनसंख्या, ऐच्छिक गर्णित, अर्थशास्त्र, लेखा, शिक्षा ।.

**दरबन्दी** : प्राथमिक तहः......३ जना, निम्न माध्यमिक तहः....९...........माध्यमिक तहः....१२, अस्थायीः १ जना, निमावि : ३, राहतः छैन, निजी स्रोतः .७, .स्थानीय तहबाट नियुक्तः १ (विद्यालय नस), परियोजनाबाट नियुक्त छैन, इसिडि शिक्षकः १

**आइसिटि तालिमप्राप्त शिक्षक संख्या** : २५

**विद्यार्थीको तहगत वार्षिक उपस्थिति** :

कक्षा १ औषत उपस्थिति : २०४.३

कक्षा २ औषत उपस्थिति : २१८.४

कक्षा ३ औषत उपस्थिति : २०८.५

कक्षा ४ औषत उपस्थिति : २८१.८

कक्षा ५ औषत उपस्थिति : २१३.७

कक्षा ६ औषत उपस्थिति : २११.३

कक्षा ७ औषत उपस्थिति : २१०.३

कक्षा ८ औषत उपस्थिति : २०६.८

कक्षा ९ औषत उपस्थिति : १९७.८,

कक्षा १० औषत उपस्थिति : २०६.८

कक्षा ११ औषत उपस्थिति : १९०

कक्षा १२ औषत उपस्थिति : १८०

**विद्यार्थीको सिकाइ उपलब्धि**

**समग्र औसत  सिकाई उपलब्धि : ७४ प्रतिशत**

कक्षा १ औषत सिकाइ :  ९२.६४ प्रतिशत,

कक्षा २ औषत सिकाइः ८४.०

कक्षा ३ औषत सिकाइ : ७५. ८,

कक्षा ४ औषत सिकाइ : ७३.६९,

कक्षा ५ औषत सिकाइ : ७२.५

कक्षा ६ औषत सिकाइः ७४.०,

कक्षा ७ औषत सिकाइः ६६.१५,

कक्षा ८ औषत सिकाइ : ३.१६ जिपिए,

कक्षा ९ औषत सिकाइः ८०.८३ प्रतिशत,

कक्षा १० औषत सिकाइः २.९१ जिपिए,

कक्षा ११ औषत सिकाइ : २.०८ जिपीए,

कक्षा १२ औषत सिकाइः २.१९ जिपिए,

**प्रावि कक्षा ५ को ७५.७८ औषतमा वार्षिक, निमावि कक्षा ८ को ३.१६ जिपिए, मावि कक्षा १० को २.९१ जिपिए, कक्षा १२ को २.१९ जिपिए ।**

**विद्यालयको दूरदृष्टि, ध्येय, लक्ष्यः** समृद्ध समाज र मर्यादित जीवनका लागि आदर्श विद्यालय ।

**संकलक : जगत जनाला बि.क.**/सुर्खेत, कर्णाली

## सुदूरपश्चिम प्रदेश

## शारदा मावि: शहरको एक अब्बल विद्यालय




कैलाली जिल्लाको धनगढीमा रहेको शारदा मावि शहरको माझमा एक अब्बल विद्यालयका रूपमा देखिएको छ। धनगढी उपमहानगरपालिका वडा नम्बर २ मा रहेको यस विद्यालयमा एक दशकअघिसम्म विद्यार्थीको चाप उस्तो थिएन। थोरै जग्गा र सीमित भवन भएकाले पनि विद्यालयमा अभिभावक-विद्यार्थी खासै आकर्षित थिएनन्।

स्थानीय अभिभावकहरूले अहिले मेहनत गरेर त्यस विद्यालयको पूर्वाधार बढाएका छन्। अंग्रेजी माध्यमबाट पढाइ शुरू गरिएको छ। विद्यार्थी भरिभराऊ छन्। पूर्वाधार सम्पन्न बनाएपछि विद्यार्थीको चाप बढ्न थालेको हो। विद्यालयमा अहिले ७३२ छात्रा र ७२५ छात्र गरी १,४५७ जना विद्यार्थी छन्। 'कुनै बेला, विद्यार्थी भर्ना गर्नका लागि नमान्ने अभिभावकहरू अहिले अंग्रेजी माध्यमबाट पढाइ हुन थालेपछि आफैं आउन थालेका छन्,' विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष नृप सुनारको भनाइ छ।

पूर्वमा धनगढी उपमहानगपालिका वडा नम्बर ८ को मनेहरा, उत्तरमा गोदावरी नगरपालिकाको गेटा र अत्तरिया, पश्चिमका कञ्चनपुरको पुर्नवास नगरपालिका र दक्षिणमा भारतको सीमा वारी क्षेत्रसम्मका विद्यार्थीहरू अहिले विद्यालयमा भर्ना भइरहेका छन्। विद्यालयमा १८१ जना दलित विद्यार्थी छन् भने चौधरी, रानासहितका सीमान्तकृत समुदायका मात्रै ४०१ जना भर्ना भएका छन्।

व्यवस्थापन समितिले करारमा अहिलेका युवा शिक्षकहरू राखेर अंग्रेजी माध्यममा पढाइ गराउन थालेको छ। अहिले कक्षा नर्सरीदेखि ९ सम्म अंग्रेजी माध्यममा पढाइन्छ। 'स्थानीय र प्रदेश

सरकारले पूर्वाधारमा सहयोग गरे । व्यवस्थापन समिति र विद्यालय प्रशासनबाट विज्ञ शिक्षकहरू नियुक्त गरियो, समाज नै सामुदायिक विद्यालयमा राम्रो पढाइ होस् भनेर खटिएपछि यस्तो भएको हो,' विद्यालयका प्रधानाध्यापक तेजबहादुर भण्डारीको भनाइ छ ।



विद्यालयले यस वर्ष चार वटा प्रोजेक्टरबाट अध्यापन गराइरहेको छ। यस शैक्षिक शत्रमा थप १५ जना शिक्षकलाई ल्यापटप र प्रोजेक्टर दिने लक्ष्य लिइएको छ। बोर्डलेस विद्यालय बनाउने अभियानमा विद्यालय छ। यसले शिक्षण सिकाइ क्रियाकलापमा सहज हुने र सिकाइ उपलब्धि बढ्ने विश्वास विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डम्बर सुनारको छ ।

अहिले विद्यालयको पढाइ र पूर्वाधारप्रति अभिभावकहरू पनि सन्तुष्ट छन्। अहिले सबै कक्षाहरू राम्रा फर्निचरसहित व्यवस्थित छन्। छात्र र छात्राका लागि टायलसहितका सफा शौचालय छन्। पहिला शिक्षकहरू नै पर्याप्त थिएनन्, अहिले विज्ञ र पर्याप्त शिक्षक भर्ना गरिएका छन्,' अभिभावक नृप सुनारले सुनाउनुहुन्छ ।

विद्यालयमा अध्यापन मात्रै होइन, अतिरिक्त क्रियाकलापले पनि विद्यार्थीहरू खुशी छन्। हरेक वर्ष विद्यालयले जिल्लास्तरीय खेलकुद, प्रतिभा प्रष्फुटन र वक्तृत्वकला, वादविवाद जस्ता क्रियाकलापमा विद्यार्थीहरूलाई सहभागी गराइएको छ। 'म लेखा विषय पढ्छु। मैले ब्यवस्थापनको कला त सिकेको छु नै, वक्तृत्वकला पनि सिकेको छु, विद्यालयले हामीलाई प्रतिभा देखिने हरेक कार्यक्रममा पठाउँछ, विद्यालय सुरक्षित पनि छ,' कक्षा १२ मा व्यवस्थापन विषय पढ्दै गरेकी रचना शाहीले भन्नुभयो ।

**विद्यालयको नाम :शारदा मावि**

माध्यमिक भए : माध्यमिक ( कक्षा नर्सरी देखि १२)

विद्यालयको ठेगाना : धनगढी उपमहानरपालिका वडा नम्बर २ बैयाबेहडी

प्रदेश सुदूरपश्चिम, जिल्ला कैलाली अञ्चल सेती, धनगढी उपमहानगरपलिका वार्ड नम्बर २

**सेवाक्षेत्र**

पुर्वमा धनगढी उपमहानगपालिका वडा नम्बर ८ को मनेहरा, उत्तरमा गोदावरी नगरपालिकाको गेटा अत्तरिया, पश्चिमका कञ्चनपुरको पुर्नवास नगरपालिका र दक्षिणमा भारतको सीमा वारीसम्मको क्षेत्र

**विद्यालयबारे संक्षिप्त जानकारी**

**विद्यालयको नाम/ठेगाना** : शारदा माध्यमिक विद्यालय, धनगढी उपमहानरपालिका वडा नम्बर २, बैयाबेहडी, कैलाली, सुदूरपश्चिम प्रदेश

**(कक्षा नर्सरीदेखि १२ सम्म)**

**सेवाक्षेत्र**

पूर्वमा धनगढी उपमहानगपालिका वडा नम्बर ८ को मनेहरा, उत्तरमा गोदावरी नगरपालिकाको गेटा अत्तरिया, पश्चिमका कञ्चनपुरको पुनर्वास नगरपालिका र दक्षिणमा भारतको सीमा वारीसम्मको क्षेत्र ।

**विद्यालय स्थापना मिति** : २०३२

**विद्यार्थी संख्या**ः १४५७, **छात्र**ः ७२५ **छात्रा**ः ७३२, **दलित विद्यार्थी**ः १८१ **जनजाति विद्यार्थी**ः ४०१ **लोपोन्मुख समुदाय/अति सीमान्तकृत विद्यार्थी** (मुसहर, कुसुण्डा, राउटे, चमार)ः..**अन्य विद्यार्थी** :८७४

प्रारम्भिक बालकक्षा (इसिडि)का विद्यार्थी संख्याः २३

कक्षा १ देखि ५ सम्म. २३६

कक्षा ५-८ सम्म : ५७४

कक्षा ५-१० सम्म : ९७०

कक्षा ११-१२ सम्म : २६८

**शिक्षक संख्या**ः २९, **पुरुष शिक्षक** :१०, **महिला शिक्षक**ः १९, **दलित शिक्षक**ः.................

**निम्न माध्यमिक तहमा विषय शिक्षक संख्या** : ९, **कुन–कुन विषय** : सामाजिक ३, नेपाली २, कम्प्यूटर १, गणित १, विज्ञान १, अंग्रेजी १ जना

**माध्यमिक तहमा विषय शिक्षक संख्या** : ६, **कुन–कुन विषय** : अंग्रेजी २, गणित २, सामाजिक १, नेपाली १

**दरबन्दी** : **प्राथमिक तह**: ७, **निम्न माध्यमिक तह**: ६, **माध्यमिक तह**: ७, अस्थायी: ...,**राहत**:४, **निजी स्रोत**: १, **स्थानीय तहबाट नियुक्त**:......,**परियोजनाबाट नियुक्त**:...,**इसिडि शिक्षक**: ३

**आइसिटि तालिमप्राप्त शिक्षक संख्या** : १२

**गत महिनामा विद्यार्थीको तहगत उपस्थिति** : कक्षा १ : बैशाखमा ५ दिन मात्रपढाइ भएको। चैतमा २२ दिन मात्र पढाई भएको । चैत ६ गते देखि विद्यालय बन्द भएकाले त्यो तथ्यांक बनाउन नपाएको जानकारी।

**विद्यालयको दूरदृष्टि** : विद्यालय सेवा क्षेत्रभित्रका सबै विद्यालय उमेर समूहका बालबालिकाहरू विद्यालय भर्ना हुनेछन्।

**ध्येय**, **लक्ष्य**: सिकाइका लागि सिकाइ, जीवन र कामका लागि सीमसहितको शिक्षा।

**विद्यार्थीको सिकाइ उपलब्धि (गत साल २०७७ मा)**

कक्षा १ मा ६०,

कक्षा २ मा ६५.२४,

कक्षा ३ मा ५३.६६,

कक्षा ४ मा ४९.३,

कक्षा ५ का ५३.६६,

कक्षा ६ मा ४८.०६,

कक्षा ७ मा ४७.१८,

कक्षा ८ मा ४५.८५ प्रतिशत,

कक्षा ९ मा २.३७ जिपीए

र कक्षा १० मा २.८८ जिपिए ।

कक्षा ११ र १२ को तयार भएको छैन।

**संकलक** : **शिवराज भट्ट**/धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश

## *अनुसूची-२*

# सामुदायिक विद्यालयको सबल अभ्यास अध्ययन-२०७८ का लागि प्रयोग गरिएका सूचना संकलन सूची

## १. आधारभूत सूचना/तथ्याङ्क फारम

विद्यालयको नाम :.......................................................................................

माध्यमिक भए...........................................(तल्लो कक्षादेखि माथिल्लोसम्म उल्लेख गर्ने)

आधारभूत भए...........................................(तल्लो कक्षादेखि ५ सम्म हो कि ८ सम्म ? उल्लेख गर्ने)

प्राविधिक तथा व्यावसायिक धार भए....................................................(विषय/संकायसमेत उल्लेख गर्ने)

विद्यालयको ठेगाना :

प्रदेश.........................जिल्ला..............................अञ्चल.......................गाउँपालिका/नगरपालिका.................................. .....................वार्ड............................................

सेवाक्षेत्र

(चारै दिशाको समुदायसमेत उल्लेख हुनेगरी विवरण राख्ने ): १. पूर्व..............................२.पश्चिम.............................

३.उत्तर........................................................४.दक्षिण..................................................

विद्यालय स्थापना मिति :...............................

विद्यार्थी संख्या:...............................छात्र:......................छात्रा:.........................

दलित विद्यार्थी: ..................जनजाति विद्यार्थी:................लोपोन्मुख समुदाय/अति सीमान्तकृत

विद्यार्थी (मुसहर, कुसुण्डा, राउटे, चमार)ः............................अन्य विद्यार्थीः........................

प्रारम्भिक बालकक्षा (इसिडि)का विद्यार्थी संख्याः............कक्षा १ देखि ५ सम्म.............कक्षा ५-८ सम्म......

कक्षा ५-१० सम्म..........................कक्षा ११-१२ सम्म......................................

शिक्षक संख्याः ...........................पुरूष शिक्षकः.................महिला शिक्षकः......................दलित शिक्षकः...................

निम्न माध्यमिक तहमा विषय शिक्षक संख्या : .......................कुन-कुन विषय :...............................................

माध्यमिक तहमा विषय शिक्षक संख्या : ..........................कुन-कुन विषय :...........................................................

दरबन्दी : प्राथमिक तहः..................निम्न माध्यमिक तहः..............माध्यमिक तहः..................अस्थायीः.....................राहतः.................निजी स्रोतः.................स्थानीय तहबाट नियुक्तः.................परियोजनाबाट नियुक्तः........................इसिडि शिक्षकः .......................

आइसिटि तालिमप्राप्त शिक्षक संख्या......................

गत महिनामा विद्यार्थीको तहगत उपस्थिति : कक्षा १ :.........................................................................................

विद्यालयको दूरदृष्टि, ध्येय, लक्ष्यः........................................................................................................

...........................................................................................................................................................................

**विद्यालय के कारणले सबल र राम्रा बन्न सकेको होला ? निम्नानुसारका ५ वटा सूचकका आधारमा अध्ययन गरी विवरण संकलन गर्नुपर्नेछ ।**

<u>**सूचकहरु**</u>

## २. पठनपाठन र सिकाइ

१.१. पढाइ माध्यम (मातृभाषा, नेपाली वा अंग्रेजी भाषामा ? तह/कक्षागत जानकारी दिनुपर्ने)

१.२. भर्चुअल माध्यममा पढाइको व्यवस्था छ/छैन ?

१.३. विद्यार्थीको सिकाइ उपलब्धि

- क) विद्यालयको समग्र विद्यार्थी सिकाइ उपलब्धि कति छ ? (प्रतिशतमा लेख्ने)
- ख) माध्यमिक तहसम्म भए कक्षा १ देखि १२ सम्म र आधारभूत तहमा भए कक्षा ८ सम्म वा ५ सम्मको तह नै पिच्छे सिकाइ उपलब्धि (नतिजा प्रतिशत) तथ्याङ्कका रूपमा राख्ने ।
- ग) विद्यार्थीले हासिल गरेका अतिरिक्त क्रियाकलापको नतिजा भए उल्लेख गर्ने ।
- घ) मूल्याङ्कन पद्धति के कस्ता अपनाइएका छन् ? उल्लेख गर्ने । (जस्तै : तहगत/पाठगत परीक्षा, **CAS**, परियोजना प्रस्तुति, प्रश्नोत्तर आदि)

ङ) पाठ्यक्रम, पाठयोजना/शिक्षक निर्देशिका, पढाइ तालिका (रूटिन) भए/नभएको, कक्षा कार्य, गृहकार्य दिए/नदिएको हेर्ने ।

१.४. शिक्षक-विद्यार्थीको नियमितता

क) विद्यालयमा शिक्षकको मासिक तथा वार्षिक उपस्थिति दिन

ख) विद्यार्थीको उपस्थिति (हाजिरी) दिन

ग) वर्षमा विद्यालय खुलेको जम्मा दिन

घ) एक वर्षमा पढाइ भएको दिन

## ३. भौतिक पक्ष

२.१. विद्यालयको जग्गा-जमिनको क्षेत्रफल (आना/रोपनी, कठ्ठा, विघा उल्लेख गर्ने)

२.२. पर्याप्त भवन र कक्षाकोठा (संख्या र आकार उल्लेख गर्ने)

२.३. पुस्तकालय (किताब संख्या, प्रकारको जानकारीसहित)

२.४. खानेपानी, धारा (बालमैत्री/अपाङ्गतामैत्री)

२.५. शौचालय (छात्र-छात्रा दुबैका लागि छुट्टाछुट्टै)

२.६. खेल मैदान भए/नभएको

२.७. बगैंचा/हरित विद्यालय

२.८. छात्राबास भए/नभएको

२.९. सभा हल/स्वास्थ्य परीक्षण कक्षको व्यवस्था

२.१०. सूचना प्रविधि (आइसिटि) एवं विज्ञान प्रयोगशाला

२.११. अध्ययन अनुकूलित वातावरण (शान्त, सफा, गर्मीमा पङ्खा आदि)

२.१२. शैक्षिक एवं खेल सामग्रीको पर्याप्तता

२.१३. स्कूल बस पो छ कि ?

# ४. सुशासन

३.१. पारदर्शिता (खर्च विवरण, अभिलेखीकरण, सार्वजनिकीकरण गरिएको प्रमाण, जवाफदेही बनेको उदाहरण)

३.२. विभिन्न छात्रवृत्ति रकम, अनुदानको उचित वितरण (कागजात संकलन गर्ने)

३.३. अडिट रिपोर्ट आर्थिक वर्ष सकिएको कति समयमा तयार हुन्छ। लेखा परीक्षक कसरी छानिन्छ ? लेखा परीक्षकका सुझावहरू कसरी कार्यान्वयन गरिन्छ ?

३.४. सामाजिक परीक्षण

३.५. निर्णय प्रक्रिया तथा निर्णय पुस्तिका

३.६. प्रधानाध्यापकको सक्रियता (विद्यालयमा दैनिक प्रशासन सञ्चालन/पठनपाठनमा दिने समय उल्लेख गर्ने)

३.७. विव्यस पदाधिकारीहरूको सक्रियता (दैनिक वा मासिक रूपमा अध्यक्षलगायतका पदाधिकारीले दिने समय)

३.८. प्रअसँग शिक्षकले र प्रअले स्थानीय सरकारसँग गरेको कार्यसम्पादन सम्झौता

३.९. तथ्याङ्कको चुस्त अभिलेखीकरण, दस्तावेज/वार्षिक प्रतिवेदन भए/नभएको

३.१०. विद्यालय सञ्चालन शैली (निर्देशिका बनाइएको छ कि ?)

३.११. आचारसंहिता, नागरिक बडापत्र, प्रतिबद्धतापत्र, प्रख्यात भनाइको भित्तेलेखन आदि राखिएको/नराखिएको

३.१२. विद्यार्थीलाई शिक्षकले र शिक्षकलाई विद्यार्थीले अनि समुदायले विद्यालयलाई र समुदायलाई शिक्षक-विद्यार्थीले गर्ने व्यवहार (छात्र-छात्रा, दलित, सानो-ठूलो, तेस्रो लिङ्गी र अपाङ्गता भएकालाई हेर्ने दृष्टिकोण, छुवाछुत, विभेदकारी व्यवहार छ/छैन ? यसमा उजुरीपेटिकाको व्यवस्था छकि ? )

## ५. **नवप्रवर्तन** (Innovation)

४.१. विद्यालयभित्र शैक्षिक, भौतिक तथा दीगो विकासका लागि अरू ठाउँभन्दा भिन्न तरिकाले गरिएका नवीन कामहरूको विवरण ।

४.२. विद्यार्थीको प्रतिभा पहिचान कसरी भएको छ ? प्रतिभा भएका विद्यार्थीले हासिल गरेका प्रगतिको अभिलेखीकरण । (जस्तैः पुरस्कृत/सम्मान प्रमाणपत्र, सिल्ड/पदक संख्या आदि )

४.३. समुदायले गरेको योगदानको कदर (अभिलेखन गरिएको छ/छैन ? प्रमाणसहित)

४.४. केही अभूतपूर्व वा अद्वितीय उदाहरण पनि हुन सक्छन्.........................................

## ६. **विद्यालय सुधार योजना (SIP)**

५.१. विद्यालय सुधार योजना (School Improvement Plan) को पूर्णांश संकलन

५.२. विद्यालय सबल बनाउन बनाइएका एक वर्षे र पाँच वर्षे मुख्य-मुख्य योजना

५.३. पढाइ सुधार्न बनाइएका योजना/विद्यालयको **वार्षिक कार्य योजना** समेट्ने

५.४. विद्यालयमा वार्षिक बजेट कति हुन्छ ? शिक्षक तलबबाहेक अरू कुन-कुन शीर्षकमा खर्च हुने गर्छ ? नेपाल सरकारबाहेक अरू पक्षबाट पनि सहयोग मिलेको छकि ? विवरण उल्लेख गर्ने ।

५.५. विद्यालयको जग्गा व्यवस्थापन, भौतिक निर्माण, खेल मैदान, खेलकुद एवं सांस्कृतिक सामग्री व्यवस्था गर्न बनाइएको योजना

५.६. वडा शिक्षा योजनासँग तालमेल के कस्तो छ ? वडा/गाउँ/नगर शिक्षा योजना हेर्ने

## अनिवार्य प्रश्नावली (जम्मा १३ वटा मात्र)

**प्रधानाध्यापकलाई सोध्ने प्रश्नावली**

१. राम्रो विद्यालय बनाउन खास-खास कामहरू के-के गर्नुभयो ? सुशासनका लागि के-के उपाय लगाउनुभएको छ ? विद्यार्थीको सिकाइ उपलब्धि बढाउने खास योजना के-के छन् ?

२. विद्यालय व्यवस्थापन समिति, अभिभावक र स्थानीय सरकारको सहयोग कतिको पाइएको छ ?

**विद्यार्थीलाई सोध्ने प्रश्नावली**

१. विद्यालयबाट जीवनमा काम लाग्ने के-के कुरा सिकिरहेको छु भन्ने लाग्छ ? पढाइमा दिनको कति समय दिनुहुन्छ ?

२. शिक्षकको व्यवहार कस्तो छ ? विद्यालयमा आफूलाई कतिको सुरक्षित ठान्नुहुन्छ ?

**अभिभावकलाई सोध्ने प्रश्नावली -**

१. किन यो विद्यालय छान्नुभयो ? विद्यालयमा अन्य विद्यालयभन्दा के भिन्नता थाहा छ ? सुधार के भएको छ ? विद्यालय र बच्चाको पढाइको बारेमा कसरी जानकारी लिनुहुन्छ ?

२. विद्यालयभित्रको पारदर्शिताका सम्बन्धमा प्रअ, विव्यसलगायतका प्रतिनिधिसँग जिज्ञासा राख्नुभएको छ ? विद्यालयका निम्ति श्रमदानलगायत अन्य सहयोग गर्नुभएको छ कि ?

**विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई सोध्ने प्रश्नावली**

१. विद्यालय सुशासनका लागि के लाई प्राथमिकता दिनुहुन्छ ? के काम गर्नुभएको छ ?

२. विद्यालयप्रति समुदायको अपनत्व बढाउन विव्यसले के-के गर्दैछ ?

**शिक्षक-अभिभावक संघका पदाधिकारीलाई सोध्ने प्रश्नावली**

१. विद्यालयले बनाउने योजनामा तपाईँलाई कतिको सहभागी गराइन्छ ? सामाजिक परीक्षण (जस्तैः विद्यालयको वार्षिक प्रतिवेदन ) अध्ययन गरेर वा नगरी अनुमोदन गर्न सघाउनुहुन्छ ?

२. पारदर्शितामाथि प्रश्न वा सुझाब हुने गर्छ कि ? जस्तै :...

**वडा प्रतिनिधिलाई सोध्ने प्रश्नावली**

१. पालिका शिक्षा योजना र विद्यालय सुधार योजनाबीच तादात्म्य बनाउन तपाईँको भूमिका कस्तो रहन्छ ?

२. विद्यालयमा सिकाइ उपलब्धि बढाउन पालिकाबाट के कस्ता सहयोग उपलब्ध गराउनुभएको छ ?

**थप प्रश्नावली (समय र आवश्यकताअनुसार निम्न प्रश्नहरु पनि गर्न सकिनेछ ।)**

**प्रधानाध्यापकलाई सोध्ने प्रश्नावली**

१. तपाईँको विद्यालय सबल हो भन्ने पाँचवटा मुख्य आधारहरू के-के हुन् ?

२. शिक्षकबाट कार्यसम्पादन गराउन कतिको सक्नुभएको छ ? उहाँहरूलाई काममा उत्प्रेरित गर्न र खटाउन के कस्ता तरिका अपनाउनुभएको छ ? विद्यार्थीको सिकाइ उपलब्धि बढाउने खास योजना के-के छन् ?

३. विद्यालयलाई अझ अब्बल बनाउन तपाईँको भिजन के छ ? कुन मुख्य समस्या हट्यो भने त्यो भिजन पूरा गर्न मद्दत मिल्ला ?

**विद्यार्थीलाई सोध्ने प्रश्नावली**

१. स्कूलको कुन-कुन पक्ष राम्रो लाग्छन् ?

२. शिक्षकले पाठ्यपुस्तक मात्र पढाउँछन् कि अन्य विषयमा पनि ज्ञान दिन्छन् ?

शिक्षकको व्यवहार कस्तो छ ? छात्र-छात्राबीच, दलित, अपाङ्गता भएका र तेस्रो लिङ्गीलाई विद्यालयमा गरिने व्यवहार कस्तो छ ?

**अभिभावकलाई सोध्ने प्रश्नावली –**

१. छोराछोरीको पढाइमा तपाईँको ध्यान कतिको पुगेको छ ?

२. विद्यालयको वातावरण, पढाइको अवस्थाबारे कतिको जानकारी राख्नुहुन्छ ?

३. घरमा बालबालिकालाई पढ्ने समय दिनुभएको छकि छैन ?

४. विद्यालयमा भइरहेको गतिवधिबारे आफ्ना छोराछोरीसँगको छलफल गर्नुहुन्छ कि हुन्न ? त्यसका आधारमा विद्यालय प्रशासनलाई सुझाब दिने गर्नुहुन्छ कि हुन्न ?

**विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई सोध्ने प्रश्नावली**

१. तपाईंको बुझाइमा एउटा सबल र राम्रो विद्यालय भनेर केलाई ठान्ने ?

२. राम्रो विद्यालय बनाउन तपाईँहरूले के गर्नुभएको छ ? भविष्यमा के गर्ने सोच छ ?

**शिक्षक-अभिभावक संघका पदाधिकारीलाई सोध्ने प्रश्नावली**

१. बालबालिकाको पढाइका सम्बन्धमा विद्यालय प्रशासनले कतिको जानकारी गराउँछ ? यस सम्बन्धमा तपाईं आफैं कति सक्रिय हुने गर्नुभएको छ ?

२. राम्रो विद्यालय बनाउन शिक्षक-अभिभावक संघको भूमिका के हुनु पर्छ ?

**वडा प्रतिनिधिलाई सोध्ने प्रश्नावली**

१. विद्यालय व्यवस्थापन समितिसँग पालिकाको सम्बन्ध के कस्तो रहने गरेको छ ?

२. विद्यालय व्यवस्थापन समितिमा तपाईं स्वयं वा वडा सदस्यले प्रतिनिधित्व गर्नुभएको छ ?

३. निर्णय प्रक्रियामा वडाको हस्तक्षेपलाई प्राथमिकता दिनुभएको छ कि छलफलबाट प्राप्त निष्कर्षलाई ?

**क्रियाकलाप**

अध्ययनका क्रममा तथ्य संकलन, अन्तर्वार्ता,प्रश्नावली वितरण तथा जवाफ लेखन, विश्लेषण, रिपोर्टिङ प्रस्तुति आदि गर्न सकिनेछ ।

## सन्दर्भ–सामग्री

....... (सन् १९५६) । नेपालमा शिक्षा । काठमाडौं : प्रकाशन विभाग, कलेज अफ एजुकेशन ।

........(वि.सं. २०७२) । नेपालको संविधान २०७२ । काठमाडौं : कानून किताब व्यवस्था समिति ।

........(वि.सं.२०२८) । शिक्षा ऐन २०२८ (सातौं र आठौं संशोधन) । काठमाडौंः कानून किताब व्यवस्था समिति ।

........ (वि.सं.२०७५) । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ । काठमाडौंः कानून किताब व्यवस्था समिति ।

........ ( वि.सं. २०७७) । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ । काठमाडौंः कानून किताब व्यवस्था समिति ।

...........(वि.सं. २०७७) । पन्ध्रौं योजना (२०७७-२०८१) । काठमाडौंः राष्ट्रिय योजना आयोग

..........( वि.सं.२०७४) । विद्यालय कार्यसम्पादन परीक्षण साधन । काठमाडौं : शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

**विभिन्न प्रतिवेदन**

.............. (सन् २०१६) । विद्यालयक्षेत्र विकास योजना (SSDP) (सन् २०१६/१७-२०२२/२३) । काठमाडौं : नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

..............(२००९) । विद्यालयक्षेत्र सुधार कार्यक्रम (SSRP) (२००९-२०१५) । काठमाडौं : नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

..............। (सन् २००३) । सबैका लागि शिक्षा (EFA) (२००४-२००९) । काठमाडौं : नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

रेग्मी, ध्रुव । (सन् २०१७) अटोनेमी एण्ड एकाउण्टिविलिटि अफ कम्युनिटी सेकेण्डरी स्कूल्स इन नेपाल, काठमाडौं ।

**Sharma, Mahashram.** (2019) PHD Thesis, SCHOOL MANAGEMENT PRACTICES THROUGH AN INTERPRETIVE LENSE : CASES OF HIGH PERFORMING COMMUNITY SCHOOLS OF NEPAL, Kathmandu University, Dhulikhel Nepal.

**<u>कुराकानी गरिएका व्यक्तिहरु</u>**

डा. कोइराला, विद्यानाथ । (कुराकानी, १९ जेठ, २०७८), शिक्षाविद्, काठमाडौं ।

डा. वाग्ले, मन । (कुराकानी, २० जेठ, २०७८), शिक्षाविद्, काठमाडौं ।

आचार्य, सन्तोष। (कुराकानी, १० जेठ, २०७८), प्रधानाध्यापक, माछापुच्छ्रे मा. वि., कास्की।

बस्नेत, भिम। (कुराकानी, १२ जेठ, २०७८), प्रधानाध्यापक, नरग्राम नमूना मा.वि., टंकीसिनुवारी, बुढीगंगा, मोरङ।

रञ्जित, विनिता। कुराकानी, १३ जेठ, २०७८), प्रधानाध्यापक, पञ्चकन्या आधारभूत विद्यालय, काठमाडौं।

रैदाश, सुमन। (कुराकानी, १३ जेठ, २०७८), विद्यार्थी कक्षा-८, पञ्चकन्या आधारभूत विद्यालय, काठमाडौं।

भण्डारी, तेजबहादुर। (कुराकानी, १३ जेठ, २०७८), प्रधानाध्यापक, शारदा मा.वि., कैलाली।

महतो, पवनकुमार। ( कुराकानी, १३ जेठ २०७८ ), प्रधानाध्यापक, श्री आधारभूत विद्यालय किरतपुर सबैला नगरपालिका-१३ धनुषा।

श्रेष्ठ, यमहादुर। (कुराकानी, १७ जेठ, २०७८), प्रधानाध्यापक , जननमूना माध्यमिक विद्यालय, वीरेन्द्रनगर सुर्खेत।

पौडेल, अपूर्वा। (कुराकानी, १७ जेठ, २०७८), विद्यार्थी कक्षा १२, जननमूना माध्यमिक विद्यालय, वीरेन्द्रनगर सुर्खेत।

ज्ञवाली, विष्णुहरि। (कुराकानी, १७ जेठ, २०७८), प्रधानाध्यापक, कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवल उपमहानगरपालिका-१०, रूपन्देही।

सुनार, डम्बर। (कुराकानी, १४ जेठ २०७८ ), अध्यक्षः विद्यालय व्यवस्थापन समिति, शारदा मावि धनगढी उपमहानरपालिका-२, कैलाली।

सुनार, नृप। (कुराकानी, १४ जेठ २०७८ ), पूर्व अध्यक्षः विद्यालय व्यवस्थापन समिति, शारदा मावि धनगढी उपमहानगरपालिका-२, कैलाली।

तिमल्सिना, होम। (कुराकानी, १२ जेठ २०७८ ), अध्यक्षः शिक्षक-अभिभावक संघ, नरग्राम नमूना मावि, बुढीगंगा, टंकिसिनुवारी, मोरङ।

*Government of Nepal*

**National Planning Commission**

Singha Durbar, Kathmandu

Phone: +977 - 1- 4211970

Fax: +977 - 01 4211700

Email: npc@npc.gov.np